सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ फागुन २०७९, शुक्रबार (10 March 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३२० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सर्वोच्च पदमा रामचन्द्र

पटक-पटक विवादमा पर्दै आएको शीतलनिवासको साख र गरिमा जोगाएर काम गर्ने नवनिर्वाचित राष्ट्रपतिको प्रतिबद्धता

कमलराज भट्ट, केशवप्रसाद पाण्डे

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिमा पूर्वसभामुख एवं कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल निर्वाचित भएका छन्। एमाले उपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई दोब्बर मतले पराजित गर्दै पौडेल मुलुकको सर्वोच्च पदमा पुगेका हुन्। गणतन्त्र स्थापना भएसँगै मुलुकमा संवैधानिक राष्ट्रपति प्रणालीको अभ्यास सुरु भएको थियो।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन अधिकृतको कार्यालयका अनुसार पौडेलले ३३ हजार आठ सय दुई मतभार प्राप्त गरे भने नेम्वाङले १५ हजार पाँच सय १८ मतभार पाएका छन्। कुल आठ सय ८२ मतमध्ये संघतर्फ तीन सय १३ र प्रदेश सभातर्फ पाँच सय १८ मत गरी आठ सय ३१ मत खसेको थियो। संघको मतभार ७९ रहेको छ भने प्रदेशको ४८ मतभार रहेको छ।



मेरो पूर्ण साथ, सहयोग र समर्थन रहन्छ
- नेम्वाङ

पौडेलले संघतर्फ दुई सय १४ मत अर्थात् १६ हजार नौ सय ६ मतभार र प्रदेशतर्फ तीन सय ५२ मत अर्थात् १६ हजार आठ सय ९६ गरी कुल ३३ हजार आठ सय दुई मत प्राप्त गरेका हुन्। यो कुल मतभार ५२ हजार ६ सय २८ को ६४.२२ प्रतिशत हो। राष्ट्रपति निर्वाचित हुन तत्काल कायम रहेको मतभारको बहुमत अर्थात् २६ हजार तीन सय १५ मत आवश्यक थियो।

आवश्यकताभन्दा सात हजार चार सय ८७ बढी मत प्राप्त गरेर पौडेलले दुईतिहाईनजिकको विजय हासिल गरेका हुन्। पौडेललाई कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा, लोसपा, जनमत, नागरिक उन्मुक्ति, जनमोर्चा र रास्वपाले मत दिएका थिए।

नेम्वाङले संघतर्फ ९८ मत अर्थात् सात हजार सात सय ४२ मतभार र प्रदेश सभातर्फ एक सय ६२ मत अर्थात् सात हजार सात सय ७६ मतभार गरी कुल १५ हजार पाँच सय १८ मत प्राप्त गरे। संघमा ९७ र प्रदेशमा एक सय ६१ मत भएको एमालेका तर्फबाट उम्मेदवार

» पृष्ठ ११ मा क्रमशः



राष्ट्रपतिमा पौडेलको मत
३३,८०२ (६४.२२%)
पौडेलले संघतर्फ २१४ मत अर्थात् १६ हजार ९०६ मतभार र प्रदेशतर्फ ३५२ मत अर्थात् १६ हजार ८९६ मत पाए

राष्ट्रपति
(निर्वाचित : २५ फागुन ०७९)
उमेर : **७८** । शिक्षा : **स्नातकोत्तर**

संसद् यात्रा
- ०४८, ०५१, ०५६, ०६४, ०७० र ०७९ मा तनहुँबाट प्रतिनिधिसभा सदस्य
- सभामुख : २ पुस ०५१

सरकार यात्रा
- १५ जेठ ०४८ देखि ०५१ सम्म स्थानीय विकासमन्त्री, ०४९ साउनदेखि ०५१ सम्म कृषिमन्त्री, ०५६ मा उपप्रधानमन्त्री तथा सञ्चार र स्थानीय विकासमन्त्री, ०५६ देखि ०५८ सम्म उपप्रधानमन्त्री तथा गृहमन्त्री, ०६३ देखि ०६४ शान्ति तथा पुनर्निर्माणमन्त्री

तस्बिर : **संजित परियार**

सशस्त्र विद्रोहदेखि शीतलनिवाससम्म

६२ वर्षको अनवरत राजनीतिक जीवनमा पार्टी र सरकारको नेतृत्व गर्ने अवसर नपाएका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई जीवनको उत्तरार्धमा मुलुकको सर्वोच्च पदमा पुग्ने संयोग जुरेको छ। कांग्रेसको शक्ति सन्तुलनका कारण मुलुक र पार्टीको कार्यकारी प्रमुख भएर राजनीतिबाट विश्राम लिने उनको चाहना सम्भव नभए पनि ७८ वर्षको उमेरमा राष्ट्राध्यक्ष बन्ने सौभाग्य जुरेको छ।

लोकतन्त्रप्रति असीम निष्ठा, सरल जीवनशैली र आदर्शका प्रतीकजस्तै मानिने पौडेल अहिलेसम्म कांग्रेसका अभिभावक थिए। तर, राष्ट्रपतिमा निर्वाचित भएसँगै कांग्रेसभन्दा दुई वर्ष पाका पौडेल संविधानको संरक्षक र राष्ट्रकै अभिभावकको जिम्मेवारीमा पुगेका छन्। यद्यपि, उनको शपथ सोमबार मात्रै हुनेछ।

सादगी, चिन्तनशील र अध्ययनशील व्यक्तित्वका रूपमा परिचय बनाएका पौडेलको शून्यदेखि शिखरसम्मको यात्रा आरोह-अवरोधपूर्ण छ। लोकतन्त्रका लागि कठोर संघर्ष र जेलजीवनको विरासत बोकेका पौडेललाई ०४६ पछि लाभका पद पनि मिलिरहेका छन्। प्रजातन्त्रप्रतिको उनको निष्ठा र संविधानसभाले बनाएको संविधानको संरक्षणप्रति उनको बलियो प्रतिबद्धता छ।

पौडेलका लागि राष्ट्रपति रोजाइको भन्दा परिस्थिति र उमेरका कारण आइलागेको अवसर हो। उनको सपना एकपटक कांग्रेसको सभापति बन्ने र एकपटक प्रधानमन्त्री भएर सिंहदरबारको बागडोर सम्हाल्ने नै थियो। तर, समकक्षी उदार नहुँदा पौडेललाई पार्टी र सरकारको नेतृत्व लिने अवसर कहिल्यै मिलेन।

कांग्रेसको १४औँ महाधिवेशनमा पौडेल सभापतिका आकांक्षी थिए। तर, इतर समूहबाट आफू सभापतिमा अगाडि सर्ने अवस्था नभएपछि उनी मौन बसे, मत पनि हालेनन्। उनको मौनताले उनैले नेतृत्व गरेको इतर समूहको भविष्य र उनलाई विश्वास गरेर राजनीतिमा लागेकाको भविष्यमाथि प्रश्न उठ्ने अवस्था बन्यो।

तर, महाधिवेशनपछि पौडेलले संस्थापननिकट रहेर सभापति शेरबहादुर देउवालाई सघाए। तीनै तहको निर्वाचनमा गठबन्धनको पक्षमा वकालत गरे। निर्वाचन परिणामसँगै कांग्रेस पहिलो पार्टी बन्न पुग्यो। निर्वाचनमा जाँदा पौडेलले राज्यको कार्यकारी भूमिकामा हस्तक्षेप गर्ने भन्दै प्रधानमन्त्रीको आकांक्षा राखेका थिए।

निर्वाचनपछि गठबन्धनमा शक्ति बाँडफाँटबारे छलफल हुँदा कांग्रेसले राष्ट्रपतिमा दाबी गरेको थियो। माओवादी अध्यक्ष प्रचण्ड र सभापति देउवाबीच पौडेललाई नै राष्ट्रपति बनाउने सहमतिसमेत बनेको थियो। तर, कांग्रेसले प्रधानमन्त्रीमा दाबी नछाडेपछि

» पृष्ठ ११ मा क्रमशः

उपराष्ट्रपतिको मनोनयन शनिबार

नवनिर्वाचित राष्ट्रपतिको शपथअगावै उपराष्ट्रपतिको निर्वाचन कार्यक्रम प्रारम्भ हुने निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। सोमबार राष्ट्रपतिको शपथ तय हुँदा शनिबार उपराष्ट्रपतिको निर्वाचनका लागि उम्मेदवारी दर्ताको कार्यक्रम तय गरिएको छ। आइतबार अन्तिम नामावली प्रकाशन गर्ने र ३ चैतमा १० देखि ३ बजेसम्म मतदान गर्ने कार्यतालिका छ। उपराष्ट्रपतिको कार्यकाल ५ चैतमा सकिँदै छ।

जसपाले रामसहायलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने



जसपाको बिहीबार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको छ। सत्तारूढ आठदलीय गठबन्धनमा उपराष्ट्रपति जसपाले पाउने सहमति छ। 'नयाँ गठबन्धनमा भएको सहमतिअनुसार हाम्रो उम्मेदवारलाई सबैले स्वीकार गर्नुहुनेछ भन्ने हाम्रो अपेक्षा छ। यो समावेशिताका हिसाबले पनि आवश्यक र उपयुक्त छ,' जसपाका सांसद राजकिशोर यादवले भने। प्रतिपक्षी एमालेले भने उपराष्ट्रपतिको उम्मेदवारबारे कुनै निर्णय गरिसकेको छैन। तत्कालीन एमालेसहितको सत्तागठबन्धनमा भने सुरुदेखि नै माओवादी केन्द्रले उपराष्ट्रपतिमा दाबी गरेको थियो। उपराष्ट्रपतिमा सहमति हुन नसकेकै कारण सरकार गठन भएको दुई महिनासम्म पनि सरकारलाई समर्थन गर्दागर्दै जसपा सरकारमा सहभागी भएको थिएन। तर, नयाँ समीकरणअनुसार जसपाले उपराष्ट्रपति पाउने सहमति भएपछि उम्मेदवारको टुंगो लगाएको अध्यक्ष उपेन्द्र यादवले बताए।

एकदिवसीय मान्यता जोगाउँदै नेपाल



ओपनर आसिफ शेखले एकदिवसीय खेलमै पहिलो शतकीय इनिङ्स खेल्दा पपुवा न्युगिनी नेपालसँग ५२ रनले पराजित भएको छ। नेपालले बाँकी तीनमध्ये एक खेलमा जित निकाल्दा पनि चार वर्षका लागि एकदिवसीय मान्यता रक्षा गर्नेछ।

(समाचार पृष्ठ १२)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ भृकुटीमण्डपको जग्गा भाडा प्रकरण

भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री न्यौपानेलाई साढे नौ वर्ष कैद सजाय

पूर्वसांसद गुरुङबाट एक करोडभन्दा बढी बिगो र जरिवाना असुल गर्न आदेश

शिल्पा कर्ण/नयाँ पत्रिका

पूर्वमन्त्री बद्री न्यौपानेलाई भ्रष्टाचार मुद्दामा साढे नौ वर्ष कैद सजाय हुने भएको छ। विशेष अदालतले भृकुटीमण्डपको जग्गा भाडामा दिँदा अनियमितता गरेको ठहरसहित उनलाई नौ वर्ष तथा भ्रष्टाचार निवारण ऐनको दफा २४ बमोजिम थप ६ महिना कैद सजाय सुनाइएको हो।

भृकुटीमण्डपस्थित फनपार्कका सञ्चालक कांग्रेसबाट निर्वाचित भई निलम्बनमा रहेका सांसद टेकबहादुर गुरुङलाई एक करोड २१ लाख ८४ हजार रुपैयाँभन्दा बढी जरिवाना र उति नै रकम बिगो असुलउपर गर्ने फैसला भएको छ।

भ्रष्टाचार निवारण ऐनको दफा २४ मा संवैधानिक अंग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्ति हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सोसरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सोसरहका पदाधिकारीले भ्रष्टाचारजन्य कसुर गरेमा थप

» पृष्ठ ११ मा क्रमशः



बद्री न्यौपाने, पूर्वमन्त्री



टेकबहादुर गुरुङ, निलम्बित सांसद

● भृकुटीमण्डपस्थित परिषद्को ६० रोपनी जग्गा भाडामा लगाउँदा न्यून मूल्य कायम गरिएको तथा त्यसबाट परिषद् सदस्य र मेला सञ्चालकले अनुचित लाभ लिएको दाबी अख्तियारको थियो। प्रचलित मापदण्ड र प्रक्रियाविपरीत क्रियाकलाप गरी परिषद्ले सरकारलाई हानि-नोक्सानी पुऱ्याएको उजुरी परेपछि अख्तियारले गरेको अनुसन्धानमा ३१ करोड ५२ लाखभन्दा बढीको भ्रष्टाचार भएको देखिएको थियो। समाज कल्याण परिषद्का तत्कालीन अध्यक्षका रूपमा रहेका समाज कल्याणमन्त्री न्यौपाने, उपाध्यक्ष प्रमोद मेहता, कोषाध्यक्ष कुञ्जविहारीप्रसाद चौधरी, सदस्यहरू हरि न्यौपाने, मोहनराज शर्मा, मदनकुमारलाल कर्ण र सदस्यसचिव रवीन्द्रकुमार यादवसमेतको उपस्थितिमा २० भदौ ०६९ मा भएको कार्य सञ्चालन समितिको निर्णयले सरकारलाई नोक्सानी भएको दाबी अख्तियारको थियो।



जातीय विभेद गर्ने गाउँपालिका अध्यक्षलाई नियन्त्रणमा लिई कारबाही गर्न आयोगको माग



उग्रनारायण यादव
अध्यक्ष, भगवानपुर गाउँपालिका







लहानमा **मणिलाल विश्वकर्मा**

राष्ट्रिय दलित आयोगले जातीय विभेद गर्ने सिराहाको भगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई नियन्त्रणमा लिएर कारबाही गर्न माग गरेको छ।

अध्यक्ष यादवले आफ्नी दिवंगत आमाको १३औँ दिनको पुन्यतिथिमा आयोजना गरेको भोजमा दलित, गैरदलित र मुस्लिमलाई प्लेकार्ड नै टाँसेर खाना खाने स्थान छुट्याएको खबर नयाँ पत्रिकाले सार्वजनिक गरेपछि आयोगका अध्यक्ष देवराज विश्वकर्माले

» पृष्ठ ११ मा क्रमशः

■ सिराहाका सिडिओ र एसपी पनि पुगेका थिए भोजमा

जातीय विभेदलाई मलजल गर्ने गरी आयोजना गरिएको भोजमा सिराहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा र प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बू पनि पुगेको पाइएको छ। एसपी लिम्बूले प्रमुख जिल्ला अधिकारीसहित आफू पनि भोजमा पुगेको, तर भोज नखाई फर्किएको जिकिर गरे। 'मृतकको परिवारलाई भेटेर समवेदना प्रकट गर्न साँझ मात्र पुग्यौं,' लिम्बूले भने, 'सयौंको संख्यामा खाइरहेको भोजमा सरिक नभएकाले ब्यानर राखेको देखेनौं।' ब्यानर राखेरै जातीय समुदायलाई अलग-अलग राखेर खुवाइएको विषयमा समाचारमा पढेपछि मात्र आफूले थाहा पाएको उनको दाबी छ। भोजमा एमालेका पोलिटब्युरो सदस्य एवं पूर्वकानुनमन्त्री लीलानाथ श्रेष्ठ, मधेस सरकारका गृहमन्त्री शत्रुधनप्रसाद सिंह, सिराहा १ का सांसद रामशंकर यादव र समानुपातिक सांसद सम्झना थपलियालगायत पुगेका थिए। गाउँपालिका अध्यक्ष यादवले भने अगुवाको सामाजिक दबाबका कारण सबै जातीय समुदायलाई एकै ठाउँमा बसाएर भोज खुवाउन नसकेको बताउँदै आएका छन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरिकाले गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

धनगढी शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.नं. १८९६०/०७०/७१ अन्तर्गत मिति २०७०/०८/२३ मा दर्ता कायम भएको **एम आर एन ट्रेडर्स** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा -२, कैलाली स्थायी लेखा नं. ६०१४८७९५०, मिति २०७०/०८/२६ **प्रोप्राइटर : हेमा गाहा** ना.प्र.नं. ५२९६५, जारी मिति : २०६०/०४/०४, जि.प्र.का. कैलाली बाबुको नाम : गोरख बहादुर थापा पतिको नाम : नैन बहादुर गाहा ससुराको नाम : गंगा बहादुर गाहा स्थायी ठेगाना : धनगढी -२, कैलाली **कर्जा शिर्षक : आवधिक कर्जा**	**नैन बहादुर गाहा** ना.प्र.नं. १९९६७, जारी मिति २०५४/११/२२, जि.प्र.का. कैलाली बाबुको नाम : गंगा बहादुर गाहा बाजेको नाम : लिलाविर गाहा स्थायी ठेगाना : धनगढी न.पा -१२, कैलाली हालको ठेगाना : धनगढी उ.म.न.पा -३, कैलाली
२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.नं. ४६५/४४७०/०७४/०७५ अन्तर्गत मिति २०७५/०२/०७ मा दर्ता कायम भएको **टप पुनर्बास फर्निचर उद्योग** फर्म दर्ता ठेगाना : पुनर्बास -७, कञ्चनपुर स्थायी लेखा नं. ६०७८४८४८५, मिति २०७५/०२/०७ **प्रोप्राइटर : विर बहादुर तमाङ** ना.प्र.नं. ७५२००९/१००, जारी मिति २०६४/०४/०३, जि.प्र.का. कञ्चनपुर बाबुको नाम : थारचिङ तमाङ बाजेको नाम : आइता तमाङ स्थायी ठेगाना : परासन -१, कञ्चनपुर हालको ठेगाना : पु.न.पा-७, कञ्चनपुर **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
जोम तामाङ ना.प्र.नं. ६९७४३१३३, जारी मिति २०३३/१२/११, जि.प्र.का. कञ्चनपुर बाबुको नाम : साकसो तामाङ पतिको नाम : थारचिङ तमाङ ससुराको नाम : आइता तमाङ स्थायी ठेगाना : परासन, कञ्चनपुर हालको ठेगाना : पु.न.पा-७, कञ्चनपुर	**सरिता तमाङ** ना.प्र.नं. ७५२००९/२१७५, जारी मिति २०७०/०१/२३, जि.प्र.का. कञ्चनपुर पतिको नाम : विर बहादुर तमाङ ससुराको नाम : थारचिङ तमाङ स्थायी ठेगाना : परासन -१, कञ्चनपुर हालको ठेगाना : पु.न.पा-७, कञ्चनपुर
३. नेपाल सरकार, उद्योग वाणिज्य आपूर्ति तथा उद्योग संरक्षण मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.नं. २९३५९/०७७/७८ अन्तर्गत मिति २०७७/०७/१४ मा दर्ता कायम भएको **सावित्रा टेडिङ्ग** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा -२, कैलाली स्थायी लेखा नं. ६१४११७०७१, मिति २०७७/०७/१४ **प्रोप्राइटर : प्रशान्त ओझा** ना.प्र.नं. ६८-०१-७५-०३७०५, जारी मिति : २०७५/०९/१५, जि.प्र.का. डोटी बाबुको नाम : भक्त राज ओझा बाजेको नाम : नारायण दत्त ओझा स्थायी ठेगाना : जोरायल गा.पा -२, डोटी **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी साधन कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
भक्त राज ओझा ना.प्र.नं. ६/५३५, जारी मिति : २०४६/०१/१६, जि.प्र.का. डोटी बाबुको नाम : नारायण दत्त ओझा बाजेको नाम : बलीभद्र ओझा स्थायी ठेगाना : छतिवन -४, डोटी हालको ठेगाना : जोरायल गा.पा -२, डोटी	**अमर सिंह धामी** ना.प्र.नं. ७५१०१२/७१, जारी मिति : २०६४/०१/३०, जि.प्र.का. कञ्चनपुर बाबुको नाम : आन सिंह धामी बाजेको नाम : हरि सिंह धामी स्थायी ठेगाना : बेलडाँडी गा.पा -४, कञ्चनपुर हालको ठेगाना : जोरायल गा.पा -२, डोटी
४. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.नं. ५२/०७०/७१ अन्तर्गत मिति २०७०/०४/२० मा दर्ता कायम भएको **ॐ नमो शिवाय ॐ ट्रेड एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा -२, कैलाली स्थायी लेखा नं. ६०१०१८८५७, मिति २०७०/०४/२० **प्रोप्राइटर : अमर सिंह धामी** ना.प्र.नं. ७५१०१२/७१, जारी मिति : २०६४/०१/३०, जि.प्र.का. कञ्चनपुर बाबुको नाम : आन सिंह धामी बाजेको नाम : हरि सिंह धामी स्थायी ठेगाना : बेलडाँडी गा.पा -४, कञ्चनपुर हालको ठेगाना : जोरायल गा.पा -२, डोटी **कर्जा शिर्षक : ओभरड्राफ्ट डिमाण्ड, तथा सवारी साधन कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
दुर्गा कुमारी ओझा ना.प्र.नं. ६८१०१७/६३४, जारी मिति : २०६७/०६/१८ जि.प्र.का. डोटी बाबुको नाम : भक्त राज ओझा पतिको नाम : अमर सिंह धामी ससुराको नाम : आन सिंह धामी स्थायी ठेगाना : छतिवन -४, डोटी हालको ठेगाना : जोरायल गा.पा -२, डोटी	**गोमा देवी ओझा** ना.प्र.नं. १००/११४, जारी मिति : २०४६/०३/०४, जि.प्र.का. दार्चुला पतिको नाम : आन सिंह धामी ससुराको नाम : हरि सिंह धामी स्थायी ठेगाना : बेलडाँडी गा.पा -१, कञ्चनपुर हालको ठेगाना : जोरायल गा.पा -२, डोटी

कलंकी शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १८२७५/०७४/०७५ अन्तर्गत मिति २०७४/१०/१७ मा दर्ता कायम भएको **साहारा रिसोर्ट प्रा.लि.** फर्म दर्ता ठेगाना : थाहा न.पा. वडा नं. ४, नयागाउ, मकवानपुर स्थायी लेखा नं. ६०६७९४१९६, मिति २०७४/११/१६ **सञ्चालक/अध्यक्ष तथा जमानतकर्ता : हरेराम कार्की** ना.प्र.नं. ३१३०३५/४१९ जारी मिति २०६२/१०/२०, जि.प्र.का. मकवानपुर बाबुको नाम : राजाराम कार्की बाजेको नाम : सिताराम कार्की स्थायी ठेगाना : पालुङ्ग वडा नं. ७, मकवानपुर **कर्जा शिर्षक : आवाधिक कर्जा**	**राजाराम कार्की** ना.प्र.नं. ६१५१, जारी मिति २०४३/१०/०७, जि.प्र.का. मकवानपुर बाबुको नाम : सिताराम कार्की बाजेको नाम : शेर बहादुर कार्की स्थायी ठेगाना : पालुङ्ग -७, मकवानपुर
व्यक्तिगत जमानत दिनेको विवरण	
सहदेव तमाङ ना.प्र.नं. ६१/४०७१५, जारी मिति २०६३/०८/२१, जि.प्र.का. मकवानपुर बाबुको नाम : पुष्कर तमाङ बाजेको नाम : कृष्ण बहादुर तमाङ स्थायी ठेगाना : पालुङ्ग -९, मकवानपुर	**एडकी स्याङतान** ना.प्रनं ३१९०३६/५४८००, जारी मिति २०६५/०८/२५, जि.प्रका. मकवानपुर बाबुको नाम : शंखर सिं स्याङतान पतिको नाम : सहदेव तमाङ ससुराको नाम : पुष्कर तमाङ स्थायी ठेगाना : आग्रा -४, मकवानपुर

त्रिपुरेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १७८३७८/०७४/०७५ अन्तर्गत मिति २०७४/०७/३० मा दर्ता कायम भएको **प्रणाम मोटर्स प्रा.लि** स्थायी लेखा नं. ६०६८४८८९७ मिति : २०७४/०८/२४ दर्ता ठेगाना : का.म.न.पा. -१५ काठमाडौं **संचालक तथा जमानतकर्ता : रमेश गुरुङ** ना.प्र.नं. ११४११, जारी मिति २०५२/०९/२०, जि.प्र.का. धादिङ्ग बाबुको नाम : देवलाल गुरुङ बाजेको नाम : सुर्य गुरुङ स्थायी ठेगाना : नौविसे -१, धादिङ्ग **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**सुमन महर्जन** ना.प्र.नं. ५७४७, जारी मिति २०५६/०८/०२, जि.प्र.का. काठमाडौं बाबुको नाम : कान्छा महर्जन बाजेको नाम : नाती महर्जन स्थायी ठेगाना : का.म.न.पा. -१७ काठमाडौं

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

■ महानगरको निःशुल्क शौचालय अभियान

निजी संस्थाले प्रयोग गर्न दिन छाडे

सर्धैंभरि शौचालय प्रयोग गर्न दिन नसक्ने व्यवसायीको भनाइ

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाको आह्वानमा निजी संघ-संस्था र होटेलहरूले सर्वसाधारणलाई दिँदै आएको निःशुल्क शौचालय प्रयोग बन्द गरेका छन्। मेयर बालेन्द्र साहको आह्वानपछि गत भदौमा महानगरका एक सय ५० संघ-संस्थाले निःशुल्क शौचालय सीमित अवधिका लागि प्रदान गर्न दिने घोषणा गरेका थिए। सात महिनासम्म पनि महानगरले शौचालय निर्माणसम्बन्धी दीर्घकालीन योजनामा काम नगरेको भन्दै निजी क्षेत्रले निःशुल्क शौचालय प्रयोगमा रोक लगाएका हुन्।

महानगरको मेयरमा निर्वाचित भएलगत्तै साहले निजी क्षेत्रसँग मिलेर तत्कालका लागि निःशुल्क शौचालय प्रयोग गर्ने योजना अघि सारेका थिए। तत्कालीन समयमा मेयरलाई समर्थन गर्दै सडकआसपासका व्यापारिक भवन र होटेलहरूले निःशुल्क शौचालय प्रयोग गर्न दिने प्रतिबद्धता जनाएका थिए। 'अब महानगर आफैंले शौचालयको व्यवस्था गर्नुपर्छ, सर्धैंभरि गुहारेका भरमा शौचालयमा सहायता लिने होइन,' सुन्धारा भोटेबहालका व्यवसायी नवीन महर्जनले भने, 'देशको राजधानी रहेको महानगरले नगरवासीलाई निःशुल्क शौचालय सेवासमेत दिन नसक्नु लाजमर्दो कुरा हो।'

यस्तै, सुन्धारामा होटेल सञ्चालन गरिरहेका चेतबहादुर थापाले पनि निजी क्षेत्रले सर्धैंभरि निःशुल्क शौचालय सेवा दिन नसक्ने बताए। महानगरले अघि सारेका योजनामा काम नगर्ने, तर निजीसँग मागेर शौचालय प्रयोग गर्नु उचित नभएको उनको भनाइ छ। 'हामीले केही समयका लागि महानगरलाई सहयोग गर्न खोजेको हो, तर उनीहरूले लामो समयसम्म पनि शौचालयको समाधान खोजेनन्,' उनले भने, 'महानगरवासीलाई शौचालयसमेत प्रदान गर्न नसक्ने महानगरसँग अरू के आशा गर्नु ?'

■ कति छन् महानगरका सार्वजनिक शौचालय ?

काठमाडौं महानगरको स्वामित्वमा दुई दर्जनजति शौचालय छन्। तर, ती शौचालय फोहोर र दुर्गन्धित छन्। भोटाहिटी, परोपकार, नयाँ बानेश्वर, सुन्धारा, चाबहिललगायत ठाउँमा महानगरका शौचालय छन्। यसबाहेक केही निजी संघ-संस्थाले काठमाडौंका केही स्थानमा अपांगमैत्री अत्याधुनिक शौचालय निर्माणसमेत गरेका छन्। महानगरको जनसंख्याको अनुपातमा शौचालय नहुँदा सर्वसाधारणले सास्ती भोग्दै आएका छन्। महानगरले त्रिपुरेश्वर, टेकु, पाटनढोका, कुपन्डोललगायत सीमित ठाउँमा सुविधायुक्त शौचालय पनि बनाएको छ। तर, पर्यटकीय क्षेत्र र भिडभाड हुने क्षेत्रमा शौचालयको अभाव छ।



फाइल तस्बिर

■ तीनवटा मात्रै छन् घुम्ती शौचालय

सहरी क्षेत्रमा घुम्ती शौचालय प्रभावकारी मानिन्छ। तर, काठमाडौं महानगरपालिकाभित्र तीनवटा मात्रै घुम्ती शौचालय छन्। निजी कम्पनीका वासु उप्रेतीले सर्वसाधारणको भिडभाड हुने ठाउँमा ती घुम्ती शौचालय सञ्चालन गर्छन्। घुम्ती शौचालय प्रयोग गर्दा प्रतिव्यक्ति १० रुपैयाँ तिर्नुपर्छ। कोटेश्वर, चाबहिल, रत्नपार्क र सुन्धारा क्षेत्रमा घुम्ती शौचालय राख्ने गरिएको छ। घुम्ती शौचालयमा जम्मा भएको मलमूत्र ललितपुर र धादिङको ग्रामीण क्षेत्रमा मलका रूपमा प्रयोग गरिएको महानगरका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार जम्मा भएको मलमूत्र नदी तथा खाली ठाउँमा फाल्न पाइन्छ। उपत्यका बाहिर वा खेतबारीमा खाल्डा खनेर त्यसलाई व्यवस्थापन गरिन्छ।

■ वसन्तपुरमा शौचालय छ, प्रयोग गर्न दिँदैनन्

महानगरको पर्यटकीय क्षेत्र वसन्तपुरमै पर्याप्त शौचालय छैनन्। यहाँ जाने पर्यटकले निजी होटेलहरूका शौचालय प्रयोग गर्छन्। वसन्तपुर दरबार क्षेत्रमा शौचालय भए पनि त्यो दरबार हेरचाह कार्यालयका कर्मचारी र महानगरअन्तर्गतको नगर प्रहरीले प्रयोग गर्छ। शौचालयमा चाबी लगाइने भएकाले सर्वसाधारण तथा पर्यटकले सो शौचालय प्रयोग गर्नसमेत पाउँदैनन्। 'पर्यटकीय क्षेत्रमा एउटा व्यवस्थित शौचालय छैन, चियाखाजा खाने निहुँमा कुनै होटेलमा गएर शौच गर्नुपर्ने बाध्यता छ,' बिहीबार वसन्तपुर क्षेत्रमा भेटिएका कपनका सोनाम लामाले भने। वसन्तपुर क्षेत्रमा खुला रूपमा शौचालय नहुँदा त्यहाँ जाने पर्यटकलाई समेत सास्ती हुने गरेको छ।

महानगरका प्रवक्ता नवीन मानन्धर भन्छन्-

शौचालय बनाउन ठाउँ नै पाएनौं



शौचालय बनाउन महानगरले योजना र बजेट छुट्याएको छ। तर, उपयुक्त ठाउँ फेला नपारेका कारण काम अघि बढ्न सकेको छैन। जनसंख्याअनुसार काठमाडौंमा एक सय ५० स्थानमा सार्वजनिक शौचालय चाहिन्छ, तर मुस्किलले दुई दर्जनजति होलान्।

■ शौचालय बनाउन पाँच करोड छुट्याइयो, तर ठाउँ भेटिएन

काठमाडौं महानगरभित्रका १० स्थानमा सार्वजनिक शौचालय निर्माणका लागि महानगरले यस आर्थिक वर्षमा पाँच करोड बजेट विनियोजन गरेको थियो। ठाउँ अभाव भएको भन्दै सो योजना अघि बढ्न सकेको छैन। प्रवक्ता नवीन मानन्धरका अनुसार ठाउँ भेटिए पनि उपयुक्त नभएका कारण शौचालय बनाइएको छैन। 'हामीले सकेसम्म सर्वसाधारणको भिडभाड हुने र ओहोरदोहोर बढी हुने ठाउँमा शौचालय बनाउन ठाउँ खोजेका छौं,' उनले भने, 'तर, ठाउँ भेटिएको छैन।' उनका अनुसार सर्वसाधारणको ओहोर दोहोर र बढी भिडभाड हुने क्षेत्रमा शौचालय बनाउन ठाउँ नभेटिए भित्री क्षेत्रमा भए पनि शौचालय बनाइनेछ। यो आवमा १० वटा शौचालयको जग्गा निर्धारण गरेर काम सुरु गर्ने लक्ष्य राखिएको प्रवक्ता मानन्धरले जानकारी दिए।

चैत दोस्रो साता हुने न्यायिक सम्मेलनले पालिकाहरूलाई मार्गदर्शन गर्ने

काठमाडौं/ १५ र १६ चैतमा आयोजना हुने 'न्यायिक समिति राष्ट्रिय सम्मेलन'मा भाग लिन काठमाडौं महानगरपालिकाले देशभरका सबै पालिकालाई निमन्त्रणा गरेको छ। महानगरकी उपप्रमुख एवं न्यायिक समितिकी संयोजक सुनीता डंगोलको अध्यक्षतामा बिहीबार बसेको सम्मेलन आयोजक मूल समारोह समितिको बैठकमा सबै पालिकालाई निमन्त्रणा गरेको जनाइएको हो।

समितिका सदस्यसचिव एवं कानुन तथा मानव अधिकार विभागका प्रमुख वसन्त आचार्यले सबै पालिकालाई इमेलमार्फत निमन्त्रणा गरिसकेको जानकारी दिए। उपप्रमुख डंगोलले सम्मेलनलाई प्रभावकारी बनाउन नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघमार्फत पनि निमन्त्रणा पठाएको उल्लेख गरिन्। उनले भनिन्, 'सबै पालिकाबाट न्यायिक समितिका संयोजक वा उहाँ उपस्थित हुन नसक्ने अवस्थामा समितिका सदस्यलाई सम्मेलनमा सहभागी गराउन चाहन्छौं।'

बैठकमा प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले सम्मेलनले पालिकालाई मार्गनिर्देश गर्न सकोस् भनेर शुभकामना दिए। बैठकमा समितिका सदस्यसचिव वसन्त आचार्यले पेस गरेको कार्यपत्र प्रस्तोता, टिप्पणीकर्ता र सत्राध्यक्षको नाम अनुमोदन भएको छ।

बिहीबार उपत्यकामा

टंगाल : शिक्षक सरुवा गर्न एक लाख रुपैयाँ घुस लिने शाखा अधिकृत रंगेहात पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले ललितपुर महानगरपालिका शिक्षा महाशाखामा कार्यरत शिक्षा अधिकृत (सार्तौं तह) शेषकान्त पौडेललाई बिहीबार घुस रकमसहित पक्राउ गरेको हो। पौडेलले शिक्षक सरुवा गर्न सहजीकरण गरिदिएबापत सेवाग्राहीसँग घुस माग गरिरहेको उजुरीका आधारमा अख्तियार टोलीले एक लाख रुपैयाँ नगद घुस लिइरहेको अवस्थामा कार्यकक्षबाटै नियन्त्रणमा लिएको हो।

शंखरापुर : शंखरापुर नपा-९, इन्द्रायणीमा बा.५ख २४१४ नम्बरको टिपरले बा.९४प ४४९८ र बा.८२प ८३५७ नम्बरका मोटरसाइकललाई बुधबार साँझ ठक्कर दिँदा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुने साँखुका ५० वर्षीय पवनलाल श्रेष्ठ र २२ वर्षीय हरि खड्का रहेका छन्। गम्भीर घाइते भएका पवनलालको नेपाल मेडिकल कलेज अत्तरखेल र हरिको शंखरापुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएकी बा.९४प ४४९८ नम्बरको मोटरसाइकलमा सवार महिलाको ग्रान्डी अस्पताल टोखामा उपचार भइरहेको छ।

बग्गीखाना : काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका २३ थान मोटरसाइकल सम्बन्धित धनी पहिचान गरी बुझाइएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले फेला पारेका मोटरसाइकल बिहीबार धनीलाई हस्तान्तरण गरेको हो। ट्राफिक प्रहरी कार्यालयमा प्राप्त निवेदनका आधारमा प्रहरीले २० मोटरसाइकल र तीनवटा स्कुटर फेला पारेको थियो। सात महिनायता मोटरसाइकल हराएको भन्दै एक हजार एक सय ६२ वटा उजुरी दर्ता भएका छन्। यसक्रममा ट्राफिक प्रहरीले तीन सय ५८ मोटरसाइकल अनुसन्धानका लागि ल्याएको थियो।

कलंकी : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी दोलखा कालिञ्चोक गापा-३, कलंकी बस्ने ३७ वर्षीय पंकज न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनले उनीविरुद्ध २१ मंसिर ०७८ मा दुई दिन कैद र १० लाख ३५ हजार रुपैयाँ जरिवाना ठहर गरेको थियो। त्यसयता उनी फरार थिए। सिआइबीबाट खटिएको प्रहरी टोलीले उनलाई पेप्सीकोलाबाट पक्राउ गरेको हो। बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको जान्दाजान्दै उनले चेक दिएका थिए।

■ नेपाल ट्रस्टको निर्णय

काठमाडौं प्लाजा महानगरलाई दिने

नयाँ पत्रिका
काठमाडौं, २५ फागुन

मन्त्रिपरिषद्बाट निर्णय भएको करिब तीन वर्षपछि कमलादीस्थित नेपाल ट्रस्ट स्वामित्वको काठमाडौं प्लाजा भवन काठमाडौं महानगरपालिकालाई भाडा (लिज)मा दिने प्रक्रिया अघि बढेको छ। गत साता बसेको ट्रस्टको सञ्चालक समिति बैठकले भवन भाडामा दिनेसम्बन्धी प्रस्ताव स्वीकृत गरेको हो।

बोर्डबाट निर्णय भएलगत्तै सम्झौताका लागि ट्रस्टले महानगरपालिकालाई पत्राचार गरेको छ। मासिक ६० लाख ५० हजार रुपैयाँ भाडा तिर्ने सर्तसहित सम्झौताका लागि पत्राचार गरिएको ट्रस्टका कार्यकारी सचिव सुरजकुमार वैद्यले बताए। 'हामीले सर्तसहित १० वर्षका लागि भवन लिजमा दिन पत्राचार गरेका छौं,' उनले भने, 'महानगरले यस विषयमा जानकारी दिएपछि सम्झौतामा हस्ताक्षर हुनेछ।' ट्रस्टको सर्तअनुसार हरेक दुई वर्षमा भाडा बढ्नेछ।

उक्त भवन काठमाडौं महानगरपालिकालाई दिने गरी असार ०७७ सालमै सहमति भई मन्त्रिपरिषद्ले स्वीकृतिसमेत दिएको थियो। त्यसविरुद्ध व्यवसायीले दायर गरेको रिटमा सर्वोच्चले अन्तरिम आदेश दिएपछि पक्रिया रोकिएको थियो। गत २६ माघमा सर्वोच्चका न्यायाधीशद्वय विश्वम्भरलाल श्रेष्ठ र कुमार रेग्मीको इजलासले यससम्बन्धी दुई रिट खारेज गरिदिएपछि भाडामा लिने प्रक्रिया अघि बढेको हो।

उक्त भवन भाडामा लिएको कम्पनी कन्सेप्ट डेभलपर्स र त्यसअघि भवन लिजमा लिने सुवासराज काफ्लेले महानगरपालिकालाई भाडामा दिने निर्णयविरुद्ध रिट दायर गरेका थिए। डेढ वर्षपछि रिटको छिनोफानो भएको हो। मुद्दा-मामिलाका कारण काठमाडौं प्लाजा करिब तीन वर्षदेखि खाली छ। जसकारण ट्रस्टले करोडौं रुपैयाँ गुमाइसकेको छ। २ असार ०७७ मा भाडा सम्झौता अन्त्य भएयता ट्रस्टले करोडौं गुमाउँदै आएको छ।

■ पुरानै सम्झौताअनुसार थामसेर्कुले भवन बनाउने

बोर्ड बैठकले ट्रस्टको ताहाचलस्थित जग्गामा भवन बनाउन नक्सापासका लागि स्वीकृति दिने निर्णय पनि गरेको छ। १४ मंसिर ०७४ मा थामसेर्कु ट्रेकिङ प्रालिसँग जग्गा भाडासम्बन्धी सम्झौता भए पनि हालसम्म भवन निर्माण सुरु हुन सकेको छैन। सो कम्पनीले सम्झौताविपरीत ११ तला भवन बनाउन खोजेपछि विवाद भएको थियो। हाल उसले ६ तला नै बनाउन सहमति माग गरेको छ। नक्सापासका लागि सहमति दिने निर्णय बोर्ड बैठकले गरेको कार्यकारी सचिव वैद्यले बताए। सम्झौताअनुसार काम नहुँदा ट्रस्टले भाडा पाउन सकेको छैन। नक्सा पास भएको तीन वर्षपछि मात्र ट्रस्टले भाडा पाउने गरी कम्पनीको पक्षमा सम्झौता हुँदा समयमा काम सुरु हुन नसकेको ट्रस्टका एक अधिकारी बताउँछन्।

■ लाजिम्पाटको घरजग्गा मूल्यांकन गर्ने निर्णय

लाजिम्पाटस्थित ट्रस्टको घरजग्गा ३० वर्ष लिजमा दिन मूल्यांकन गर्ने निर्णय पनि बोर्डले गरेको छ। पर्यटनमन्त्री सुदन किराँती नेतृत्वको बैठकले यी निर्णय गरेको हो। ट्रस्टको सञ्चालक समिति सक्रिय नहुँदा ट्रस्टमातहतको महत्त्वपूर्ण सम्पत्तिको सदुपयोग हुन सकेको छैन।

मन्त्रिपरिषद् पुनर्गठन उपराष्ट्रपति निर्वाचनपछि

निर्वाचन आचारसंहिताका कारण मन्त्रिपरिषद् विस्तारमा बाधा, सरकारमा सहभागी हुन कांग्रेस तयार

प्रेम गौतम/नयाँ पत्रिका

उपराष्ट्रपतिको निर्वाचनपछि मात्र मन्त्रिपरिषद् पुनर्गठन हुने भएको छ। उपराष्ट्रपति निर्वाचन आगामी ३ चैतमा हुँदै छ। राष्ट्रपति-उपराष्ट्रपति निर्वाचन आचारसंहिताका कारण मन्त्रिपरिषद् विस्तार रोकिएको हो।

सातदलीय गठबन्धन भत्किएपछि हाल सरकारमा माओवादी र जनमत पार्टी मात्रै छन्। प्रधानमन्त्री, उपप्रधानमन्त्री र राज्यमन्त्रीसहित हाल सातसदस्यीय मन्त्रिपरिषद् छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग १६ मन्त्रालय छ। मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा सरकारका काम प्रभावित भएका छन्। राष्ट्रपतिको निर्वाचनसँगै मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयमा ध्यान केन्द्रित भएको सत्तारूढ गठबन्धन दलका नेताहरूले बताएका छन्।

प्रधानमन्त्री प्रचण्डले उपराष्ट्रपतिको निर्वाचनपछि मन्त्रिपरिषद् पुनर्गठन हुने बताए। राष्ट्रपति निर्वाचनपछि बिहीबार पत्रकारहरूसँग उनले अबको ध्यान सरकारलाई पूर्णता दिनेमा हुने बताए। 'समग्रमा निर्वाचन प्रक्रिया शान्तिपूर्ण ढंगले सकिएको छ। अब उपराष्ट्रपतिको निर्वाचन बाँकी छ। उपराष्ट्रपतिको निर्वाचनपछि मन्त्रिपरिषद् विस्तार हुन्छ,' उनले भने।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले निर्वाचन आचारसंहिताका कारण मन्त्रिपरिषद् पुनर्गठनमा ढिलाइ भएको बताए। 'आचारसंहिताको अवधि सकिएपछि मन्त्रिपरिषद् पुनर्गठन हुन्छ,' उनले भने। त्यसअघि आठदलीय गठबन्धनमा छलफल गर्ने बालुवाटारको तयारी छ। उनका अनुसार उपराष्ट्रपति निर्वाचन र मन्त्रिपरिषद् पुनर्गठनबारे गठबन्धनको बैठकमा छलफल हुनेछ। गठबन्धनको बैठकको मिति भने तोकिएको छैन। छिट्टै बैठक बोलाउने तयारी रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

कांग्रेसले यसअघि एमालेले सम्हालेका मन्त्रालयमा दाबी गरेको छ। सातदलीय गठबन्धनमा एमालेले उपप्रधानमन्त्री तथा अर्थमन्त्रीसहित आठ मन्त्रालय लिएको थियो। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले सरकारबारे अनौपचारिक छलफल जारी रहेको बताए। 'अनौपचारिक छलफल भइरहेको छ। अब गठबन्धन दलहरूको बैठकमा पनि यस विषयमा छलफल हुन्छ। मन्त्रिपरिषद् पुनर्गठन उपराष्ट्रपति निर्वाचनपछि नै हुन्छ,' उनले भने। गठबन्धनमा सहमति जुटेपछि दलहरूले आन्तरिक रूपमा मन्त्रीबारे पार्टीमा छलफल गर्ने भएका छन्।

राष्ट्रिय सहमतिका लागि राष्ट्रपतिको दाबी छाडेको एकीकृत समाजवादीले गृहसहित तीन मन्त्रालयमा दाबी गर्ने भएको छ। संसदीय दलका उपनेता राजेन्द्र पाण्डेले राष्ट्रिय राजनीतिमा खेलेको भूमिकाका आधारमा शक्ति बाँडफाँट हुने बताए। मन्त्रालय भागबन्डाको विषयमा छलफल सुरु भइनसकेको उनले बताए। 'अब मन्त्रिपरिषद् पुनर्गठनको विषयमा



छलफल हुन्छ। वर्तमान सत्ता समीकरण निर्माणमा हाम्रो पार्टीको ठूलो भूमिका छ। गठबन्धन दलका अन्य पार्टीले पनि त्यसको महसुस गरेका छन्। शक्ति बाँडफाँटमा हाम्रो पार्टीले खेलेको भूमिकाको कदर हुन्छ भन्ने लाग्छ,' पाण्डेले भने।

स्रोतका अनुसार एकीकृत समाजवादीले गृहसहित तीन मन्त्रालयमा दाबी गर्ने भएको छ। राष्ट्रिय सहमतिका लागि राष्ट्रपतिमा दाबी छाडेको एकीकृत समाजवादीलाई शक्ति बाँडफाँटमा प्राथमिकता दिन कांग्रेस र माओवादी सहमत भएको एक नेताले दाबी गरे।

जसपाले परराष्ट्रसहित तीन मन्त्रालयमा दाबी गरेको छ। यसअघि सामान्य मन्त्रालय दिन खोजेको भन्दै जसपा सरकारमा गएको थिएन। तत्कालीन सातदलीय गठबन्धनले जसपालाई वन तथा वातावरण र युवा तथा खेलकुद मन्त्रालय छुट्याएको थियो। त्यसमा असन्तुष्टि जनाएर जसपा सरकारमा गएको थिएन। जसपा नेता प्रदीप यादवले सम्मानजनक शक्ति बाँडफाँट हुनुपर्ने बताए। 'सम्मानजनक शक्ति बाँडफाँट हुनुपर्छ भन्ने हाम्रो मान्यता छ,' उनले भने। मन्त्रालयको विषयमा पार्टीमा औपचारिक छलफल हुन बाँकी रहेको उनको भनाइ छ। जसपाले गठबन्धनबाट उपराष्ट्रपति लिँदै छ।

जनमत पार्टीका नेता तथा खानेपानीमन्त्रीसमेत रहेका आठदलीय कार्यदलका सदस्य अब्दुल खानले कार्यदलमा सत्तासाझेदारीबारे छलफल भइनसकेको बताए। अब छिट्टै आठदलीय गठबन्धनको बैठक बसेर मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल हुने उनले बताए। 'अहिलेसम्म गठबन्धनमा मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल भएको छैन। आठदलीय गठबन्धनकै सरकार बन्ने हो। अब, त्यस विषयमा छलफल अघि बढ्छ,' उनले भने। जनमत पार्टीले थप एक मन्त्रालय दाबी गरेको छ।

लोसपाको दाबी एक मन्त्रालयमा छ। एक मन्त्री र एक राज्यमन्त्रीमा दाबी रहेको नेता शरत्सिंह भण्डारीले बताए। लोसपाले ऊर्जा मन्त्रालय दाबी गरेको छ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले गठबन्धनको बैठक बसेर निर्णयमा पुग्ने बताइन्। सरकारबारे पार्टीले निर्णय गर्न बाँकी रहेको उनको भनाइ छ। 'मन्त्रिपरिषद् पुनर्गठन त उपराष्ट्रपति निर्वाचनपछि होला। तर, त्यसअघि गठबन्धनको बैठकमा मन्त्रिपरिषद् विस्तारबारे छलफल हुन्छ,' उनले भने। यसअघि समर्थन गरे पनि सरकारमा नगएको नागरिक उन्मुक्ति पार्टी अब भने सरकारमा जान सकारात्मक देखिएको छ। 'अब हाम्रो उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुनुभयो। अब कसरी अगाडि बढ्ने भन्ने विषयमा पार्टीमा छलफल गर्छौं,' श्रेष्ठले भनिन्।

जनमोर्चा भने सरकार सहभागी नहुने भएको छ। 'सरकारमा हाम्रो ध्यान छैन,' अध्यक्ष चित्रबहादुर केसीले भने। संविधान र लोकतन्त्रिक गणतन्त्रमाथि खतरा जारी रहेकाले त्यसको रक्षाका लागि आठदलीय गठबन्धनमा आबद्ध भएको उनको भनाइ छ।

रास्वपालाई पनि सरकार ल्याउने तयारी रहेको सत्तारूढ दलका एक नेताले बताए। आठदलीय गठबन्धनमा नरहेको रास्वपाले पनि रामचन्द्र पौडेलको पक्षमा मतदान गरेर सहकार्यको बाटो खुला गरेको गठबन्धनका नेताहरू बताउँछन्। रास्वपाले भने सरकारको विषयमा छलफल गर्न बाँकी रहेको बताएको छ। 'सरकारमा जाने विषयमा हामीले छलफल चलाएका छैनौं। के गर्ने भन्ने विषयमा बैठक बसेर निर्णय गर्छौं,' रास्वपा संसदीय दलका नेता डोरप्रसाद अर्यालले भने।



समग्रमा निर्वाचन प्रक्रिया शान्तिपूर्ण ढंगले सकिएको छ। अब उपराष्ट्रपतिको निर्वाचन बाँकी छ। उपराष्ट्रपतिको निर्वाचनपछि मन्त्रिपरिषद् विस्तार हुन्छ।

● **प्रचण्ड**, प्रधानमन्त्री



अनौपचारिक छलफल भइरहेको छ। अब गठबन्धन दलहरूको बैठकमा पनि यस विषयमा छलफल हुन्छ। मन्त्रिपरिषद् पुनर्गठन उपराष्ट्रपति निर्वाचनपछि नै हुन्छ।

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



अब मन्त्रिपरिषद् पुनर्गठनको विषयमा छलफल हुन्छ। वर्तमान सत्तासमीकरण निर्माणमा हाम्रो पार्टीको ठूलो भूमिका छ। शक्ति बाँडफाँटमा हाम्रो पार्टीले खेलेको भूमिकाको कदर हुन्छ भन्ने लाग्छ।

● **राजेन्द्र पाण्डे**, संसदीय दलका उपनेता एकीकृत समाजवादी



मन्त्रिपरिषद् पुनर्गठन त उपराष्ट्रपति निर्वाचनपछि होला। तर, त्यसअघि गठबन्धनको बैठकमा मन्त्रिपरिषद् विस्तारबारे छलफल हुन्छ। सरकारबारे पार्टीले निर्णय गर्न बाँकी छ।

● **रञ्जिता श्रेष्ठ**, अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी

सूचना नदिने प्रमुख प्रशासकीय अधिकृत शाहलाई १५ हजार जरिवाना

काठमाडौं/ कानुनबमोजिम माग गरेको सूचना नदिने सप्तरीको कञ्चनरूप नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत रेणुका शाहलाई १५ हजार जरिवाना तिराउने फैसला राष्ट्रिय सूचना आयोगले गरेको छ। मंगलबार प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ र सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीको संयुक्त इजलासले जरिवाना तिराएर सूचना उपलब्ध गराउने फैसला गरेको हो।

सप्तरीका सप्तकोसी नगरपालिका- ११ निवासी कैलाश माझीले कञ्चनरूप नगरपालिकाको कार्यालयमा माग गरेको सूचना उपलब्ध गराउन आयोगले आदेश दिँदासमेत त्यसलाई उल्लंघन गर्ने शाहलाई जरिवानासहितको कारबाहीको फैसला आयोगले गरेको छ।

आफूले माग गरेको सूचना उपलब्ध नगराएको भन्दै सूचना प्राप्तिका लागि माझीले १६ चैत ०७७ मा आयोगमा पुनरावेदन दिएका थिए। उनले माग गरेको सूचनाको विषय उपलब्ध गराउनुपर्ने प्रकृतिको भएको आयोगको ठहर छ। सूचना मागकर्तालाई आयोगसमक्ष पुनरावेदन गर्न आउनुपर्ने अवस्था सिर्जना गराउन आवश्यक नदेखिएको आयोगले जनाएको छ। पुनरावेदन प्राप्त भएपश्चात् आयोगबाट नगरपालिकाको कार्यालय प्रमुखका नाममा पटक-पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ताबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको नदेखिएको फैसलामा उल्लेख छ।

> पटक-पटक लिखित जवाफ माग गर्दा सूचना दिने कुनै प्रयास नदेखिएको फैसलामा उल्लेख छ

२६ चैत ०७७ मा लिखित जवाफ पेस गर्न भनेकोमा कुनै लिखित जवाफ पेस नगरेको र आयोगको ३१ भदौ ०७८ को अर्को इजलासबाट सात दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश भइसक्दासमेत सूचना उपलब्ध नगराएको फैसलामा भनिएको छ। 'यसर्थ, कार्यालय प्रमुखबाट सूचनाको हकसम्बन्धी कानुनको पालना हुन नसकेको स्पष्ट देखिन्छ,' फैसलामा भनिएको छ, 'यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिनै संवैधानिक तथा कानुनी रूपमा नागरिकलाई प्राप्त अधिकारको बेवास्ता गरेको, कानुन पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनुपर्ने संवैधानिक र कानुनी दायित्वबाट विमुख भई शाह आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैरजिम्मेवार देखिएको फैसलामा उल्लेख छ।

बिपी प्रतिष्ठानका रजिस्ट्रारसहित सबैलाई भ्रष्टाचार मुद्दामा सफाइ

काठमाडौं/ विशेष अदालतले बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार तुलबहादुर श्रेष्ठसहित अन्य चारजनालाई भ्रष्टाचार अभियोगबाट सफाइ दिएको छ। बिहीबार विशेष अदालतका सदस्यद्वय रमेशकुमार पोखरेल र यमुना भट्टराईको इजलासले यस्तो आदेश गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १ पुस ०७६ मा रजिस्ट्रार श्रेष्ठका साथै आर्थिक प्रशासन प्रमुख रूपा सिंघाची अग्रवाल, सिनियर क्लर्कहरू चन्द्रकुमार मगर र रमेशकुमार खतिवडामाथि रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको थियो। उनीहरूको मिलेमतोमा प्रतिष्ठानबाट जीवन पौडेलका नाममा साढे पाँच लाख रुपैयाँको भुक्तानी चेकमार्फत भएको दाबी अख्तियारको थियो। उक्त भुक्तानीको बिल-भर्पाई नरहेको र उक्त रकम हिनामिना भएको निष्कर्षसहित मुद्दा दायर भएकोमा भ्रष्टाचार नभएको भन्दै चारै प्रतिवादीले सफाइ पाएका हुन्।



दर्ता नं. : ४४३७/०७३/०७४

माँ भगवती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

धितो लिलाम बिक्री गरिने सम्बन्धी १५(पन्ध्र) दिने सार्वजानिक सूचना

(प्रकाशित मिति : २०७९/११/२६)

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिले लिनु भएको व्यक्तिगत कर्जाको शर्त मुताबिक बुझाउनु पर्ने साँवा ब्याज नबुझाई कर्जाको शर्त कबुलियत उलंघन गर्नुका साथै पटक-पटक मौखिक, लिखित तर-ताकेता गर्दा समेत तिर्न बुझाउन नल्याउनु भएको हुँदा प्रथम पटक मिति २०७९।०९।१५ मा ३५ दिने र २०७९/११/०४ मा १५ दिने नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजानिक सूचना प्रकाशित भएको र हालसम्म पनि उक्त कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जाहा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असूल उपर गर्नु पर्ने भएकोले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम धितो लिलाम बिक्रिका लागि पहिलो पटक यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ऋण चुक्ता गर्ने अधिल्लो दिन सम्मको साँवा, ब्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ति फूकुवा गरी लिन ऋणी तथा सम्बन्धीत जमानिकर्ताहरुलाई जानकारी गराइन्छ । अन्यथा यो सूचना प्रकाशित भएको १६ औं दिन निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही लिलाम बढाबढको माध्यमबाट धितो बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरुलाई यसै सूचनाद्वारा आव्हान गरिन्छ । साथै धितो लिलाम बिक्रि गरिदा समेत सम्पूर्ण लेना रकम असूल उपर नभएमा ऋणी तथा जमानिकर्ताको अन्य चल अचल सम्पत्तिबाट कानून बमोजिम लेना रकम असूल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम, थर र ठेगाना	धितोको विवरण	जमानीकर्ता
ऋणी : भरत गौतम ठेगाना : जुहाड-८, गुल्मि बाबु : पद्मनाभ गौतम बाजे : टिकाराम गौतम ना.प्र.नं.: १५६ जिप्रका गुल्मी	तनहुँ जिल्ला उप.म.न.पा.: सिञ्याड काफलडाँडा वडा नं. २ख, कि.नं. ५१८०, क्षे.फ. ०-६-२-०	**१. दुर्गा देवी गौतम** ठेगाना : जुहाड-८, गुल्मी बाबु : प्रेम सागर पाध्या ससुरा : पद्मनाभ गौतम ना.प्र.न. :४११०४७/६६५५० जिप्रका गुल्मी **२. उपासना गौतम** ठेगाना : जोहाड-८ गुल्मी बाबु : भरत गौतम बाजे : पद्मनाभ गौतम ना.प्र.न. : ४१-०१-७१-०६१५४ जिप्रका गुल्मी

बोलकबोलका शर्तहरू:

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तीले आफुले बोलेको रकमको १० प्रतिशतले हुन आउने रकम नगदै वा संस्थाको नाममा खिचिएको अकाउण्ट पेई चेक बुझाउनु पर्नेछ ।
२. लिलाम बढाबढको सम्बन्धमा अचल सम्पत्ति दिने नदिने निर्णय संस्थामा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गरि पाउने व्यक्ति वा संस्थाले संस्थाले तोकेको मिति भित्र बाँकि रकम बुझाइ अचल सम्पत्ति नामसारी गरी लिनु पर्नेछ ।
४. लिलाम तोकिएको दिन बिदा वा सार्वजानिक बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ गरिने छ । लिलाम प्रकृया सुरु भए पश्चात सो दिन नम्याईएमा त्यसको भोलिपल्ट पुनः बाँकि काम सम्पन्न गरिनेछ ।
५. लिलाम सकार गरेको सम्पत्ति नामसारी, दा.खा. गर्न लाग्ने सम्पूर्ण खर्च, दस्तुर लिलाम सकार गरी लिनेले नै तिर्न बझाउन पर्नेछ ।
६. सम्बन्ति ऋणीले लिलाम प्रकृया सुरु हुन अगावै कर्जा चुक्ता गरेमा लिलाम कार्य स्वतः स्थगित हुनेछ ।
७. लिलाम सकार गरी धितोमा रहेको सम्पत्ति कसैले नलिएमा प्रचलित कानून बमोजिम धितो रहेको जेथा संस्थाको नाममा सकार गरी लिइनेछ ।
८. यस सम्बन्धी अन्य जानकारीको लागि संस्थामा सम्पर्क गर्न सक्नु हुनेछ ।

लिलाम हुने मिति : यो सूचना प्रकाशित गरेको १६औं दिन अर्थात मितिः २०७९/१२/१२ गते
समय : दिनको ३:०० बजे,
स्थान : संस्थाको कार्यालय, का.जि.का.म.न.पा. वडा नं.१७, ढल्कु, काठमाडौं ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय शहिदचोक, नारायणगढको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/११/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय शहिदचोक, नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ३५ (पैतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्रै कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीहरुको विवरण:

१. कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७६/०२/१७ मा दर्ता नं. २१६३८२/७५/०७६ कायम भई दर्ता रहेको चितवन जिल्ला, माडी न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस.पि.एल पोल्ट्री फार्म प्रा.लि.** ।
२. कमलनाथ घिमिरेको नाति, गोविन्द प्रसाद घिमिरेको छोरा, संगिता चापागाई घिमिरेको पति, चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.२३, बस्ने **लक्ष्मी प्रसाद घिमिरे** (ना.प्र.नं. ०३४६९५, जारी मिति २०६३/१२/१८, जिल्ला प्रशासन कार्यालय चितवन) ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. कमलनाथ घिमिरेको नाति, गोविन्द प्रसाद घिमिरेको छोरा, संगिता चापागाई घिमिरेको पति, चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ०३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३, बस्ने **लक्ष्मी प्रसाद घिमिरे** (ना.प्र.नं. ०३४६९५, जारी मिति २०६३/१२/१८, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. देवीदास घिमिरेको नाति, कमलनाथ घिमिरेको छोरा, चितवन जिल्ला, जगतपुर गाउँ पञ्चायत वडा नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.२३, बस्ने **गोविन्द प्रसाद घिमिरे** (ना.प्र.नं. १०५६, जारी मिति २०३६/०१/०१, जिल्ला प्रशासन कार्यालय चितवन) ।
३. कमलनाथ घिमिरेको बुहारी, बलभद्र सुवेदीको छोरी, गोविन्द प्रसाद घिमिरेको पत्नी, चितवन जिल्ला, जगतपुर गाउँ पञ्चायत. वडा नं.०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३, बस्ने **सरस्वती घिमिरे** (ना.प्र.नं. ५५५, जारी मिति २०४६/०२/०३, जिल्ला प्रशासन कार्यालय चितवन) ।
४. गोविन्द प्रसाद घिमिरेको बुहारी, भुमिश्वर चपाईको छोरी, लक्ष्मी प्रसाद घिमिरेको पत्नी, चितवन जिल्ला, नारायणी न.पा. वडा नं. ११, स्थायी ठेगाना भई हाल भरतपुर म.न.पा. वडा नं. २३, बस्ने **संगिता चापागाई घिमिरे** (ना.प्र.नं. ३५–०१–७३–१११०२, जारी मिति २०७३/०९/२७, जिल्ला प्रशासन कार्यालय चितवन) ।

धितो सुरक्षणको विवरण:

१. **लक्ष्मी प्रसाद घिमिरे**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, माडी न.पा. वडा नं.६ (साबिक चितवन जिल्ला, माडी कल्याणपुर गा.पा./न.पा. वडा नं. २/ख) स्थित कित्ता नं २५९ र २६० को क्षेत्रफल क्रमश ०-५-८ र ०-४-१२ (बि-क-धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **गोविन्द प्रसाद घिमिरे**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २३, (साबिक चितवन जिल्ला, जगतपुर गा.पा./न.पा. वडा नं. ४) स्थित कित्ता नं ४७४, ४७७, ४७९ र ४७० क्षेत्रफल क्रमशः ०-१-८, ०- ४-६, ०-१-४ र ०-१०-१४ (बि-क-धु) भएको जग्गाहरु तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **लक्ष्मी प्रसाद घिमिरे** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा, दर्ता कायम रहेको चे.नं. MC2B9ERC0JM424985, ई.नं.E413CDJM252870, सवारी नं. ना १८ ख ६३८१, को Eicher Pro 1080E Truck थान १ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय शहिदचोक, नारायणगढ फोन नं. ०५६-५९८८३७

टिआरसी विधेयक संसद्मा

सरकारले संशोधन गर्न प्रतिनिधिसभामा ल्याएको विधेयकमा एमालेको असहमति

कमलराज भट्ट/नयाँ पत्रिका



■ **गोकुल बाँस्कोटा**, नेता, एमाले

हत्याको वर्गीकरण गरेर गम्भीर अपराधमा संलग्नलाई उन्मुक्ति दिने गरी हुलमुलमा विधेयक पारित गर्न खोजे जटिल अवस्था सिर्जना हुनेछ । लाखौं मान्छेको मानव अधिकारसँग जोडिएको प्रश्न व्यक्तिगत लेखाजोखा र स्वार्थमा निरूपण हुँदैन ।

सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न प्रतिनिधिसभामा विधेयक दर्ता गरेको छ । ५ चैतमा बस्ने प्रतिनिधिसभा बैठकमा पेस गर्ने गरी सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०७९ मन्त्रिपरिषद्बाट पारित गरेर बिहीबार संसद् सचिवालयमा दर्ता गराएको सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा सहमति जुट्न नसक्दा शेरबहादुर देउवा नेतृत्वको अघिल्लो सरकारले ल्याएको विधेयक प्रतिनिधिसभाको कार्यकाल सकिएर निष्क्रिय भएका वेला विवादित विषय नै राखेर नयाँ विधेयक दर्ता भएको हो । खासगरी हत्याको वर्गीकरणको विषयमा विगतमा तत्कालीन सत्ता गठबन्धन र प्रतिपक्षी एमालेबीच विवाद हुँदा पुरानो ऐन संशोधन हुन सकेको थिएन ।

सर्वोच्च अदालतले गम्भीर मानव अधिकार उल्लंघनमा उन्मुक्ति नपाउने गरी कानुन संशोधन गर्न ०७१ मा निर्देशनात्मक आदेश जारी गरेको थियो । आदेशअनुसार तत्कालीन कानुनमन्त्री गोविन्द शर्मा बन्दीले विधेयक ल्याएको दाबी गरे पनि हत्याको वर्गीकरणको विषयमा सहमति जुटेन । बन्दीले ल्याएको विधेयकमा द्वन्द्वका क्रममा दुई प्रकारको हत्या परिकल्पना गरिएको थियो । अहिले सरकारले दर्ता गरेको विधेयकमा पनि यो हुबहु राखिएको छ ।

विधेयकमा मानव अधिकार उल्लंघनको परिभाषामा 'सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको कार्य' भनेर हत्या, यौनजन्य हिंसा, शारीरिक वा मानसिक यातना, अपहरण तथा शरीर बन्धक बनाउने, गैरकानुनी थुनामा राख्ने, कुटपिट गर्ने, अंगभंग वा अपांगता बनाउने, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने, घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने वा अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुनविपरीत गरिएका जुनसुकै अमानवीय कार्यलाई राखिएको छ ।

मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा 'सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको कार्य' भनेर क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य, अमानवीय वा क्रूरतापूर्वक दिएको यातनालाई राखिएको छ ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा मानव अधिकारको उल्लंघन तथा गम्भीर उल्लंघनमा हत्याको वर्गीकरण विषयमा माओवादी र एमालेबीच मतभेद भएको थियो । माओवादीले स्वेच्छाचारी हत्या (आर्बेटरी किलिङ)मात्रै गम्भीर उल्लंघन हुने तर्क गरेको थियो भने एमालेले सबै हत्या स्वेच्छाचारी हुने र गम्भीर उल्लंघनमा राख्नुपर्ने अडान लिएको थियो । कानुन, न्याय तथा मानव अधिकार समितिमा यो विषयमा लामो छलफल भए पनि सहमति जुटेको थिएन । तत्कालीन सभापति कृष्णभक्त पोखरेल भन्छन्, 'अरू विषयमा सहमति नै थियो । हत्याको वर्गीकरणमा दलहरू विभाजित बने । राष्ट्रको साझा विषय भएकाले सहमतिबाटै जाने भनेपछि विधेयक अघि बढेन ।'

अहिले फेरि सरकारले हत्यालाई वर्गीकरण गरेर विधेयक ल्याएपछि एमालेले असहमति जनाएको छ । एमाले नेता गोकुल बाँस्कोटाले हत्याको वर्गीकरण गरेर गम्भीर अपराधमा संलग्नलाई उन्मुक्ति दिने गरी हुलमुलमा विधेयक पारित गर्न खोजे जटिल अवस्था सिर्जना हुने बताए । लाखौं मान्छेहरूको मानव अधिकारसँग जोडिएको प्रश्न व्यक्तिगत लेखाजोखा र स्वार्थमा निरूपण नहुने उनको भनाइ छ ।

हत्याको वर्गीकरणबाहेक तत्कालीन समितिमा भएको सहमतिका आधारमा विधेयक आएको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र पदाधिकारीको पदावधि दुई वर्ष राखिएको छ । गम्भीर उल्लंघनबाहेक सामान्य उल्लंघनका घटनामा पीडितको स्वतन्त्र सहमतिमा मेलमिलाप हुने सुनिश्चितता गरिएको छ । विधेयकमा परिपूरणको हकको व्यवस्था गरिएको छ । संक्रमणकालीन न्यायसम्बन्धी मुद्दाहरू सरकारले नियुक्त गरेको महान्यायाधिवक्ताले आयोगबाट सिफारिस भएको मितिले एक वर्षभित्र चलाउने वा नचलाउने निर्णय गर्ने व्यवस्था गरिएको छ । यी मुद्दाहरू हेर्न उच्च अदालतका न्यायाधीश रहने तीन सदस्यीय विशेष अदालत गठन गर्ने उल्लेख छ ।

विशेष अदालतले गरेको फैसलामा चित्त नबुझे ३५ दिनभित्र सर्वोच्चमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको छ । पुनरावेदन सुन्न प्रधानन्यायाधीशले तीनजना न्यायाधीश रहने संक्रमणकालीन न्यायसम्बन्धी विशेष इजलास गठन गर्ने र इजलासले संक्रमणकालीन न्यायका मान्य सिद्धान्तलाई ध्यान दिने उल्लेख छ । मारिएका वा बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति परिवारको नाममा हस्तान्तरण हुने व्यवस्था विधेयकमा छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/११/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति **२०७९ चैत ३ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७७/१०/०७ मा दर्ता नं. २५३२७६/०७७/०७८ कायम भई दर्ता रहेको बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहेको **सलेहेश सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. ऋषि प्रसाद उपाध्याय/कृष्ण कुमारी उपाध्यायको नाति, झपट बहादुर रिमाल/रमा कुमारी रिमालको छोरा, इलिशा भण्डारीको पति, बर्दिया जिल्ला, गुलरियाा गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. ९ बस्ने **विष्णु बहादुर रिमाल** (ना.प्र.नं. २७३५४, जारी मिति २०५९/०३/२०, जिल्ला प्रशासन कार्यालय बर्दिया) ।
२. नेग बहादुर भण्डारीको नातिनी, नेत्रमणी भण्डारी/सरस्वती भण्डारीको छोरी, झपट बहादुर रिमाल/रमा कुमारी रिमालको बुहारी, विष्णु बहादुर रिमालको पत्नी, बाँके जिल्ला, नेपालगञ्ज न.पा./उ.म.न.पा., वडा नं. १२ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १० बस्ने **इलिशा भण्डारी** (ना.प्र.नं. ६६१०१९/२८६, जारी मिति २०६४/०५/०२, जिल्ला प्रशासन कार्यालय बाँके) ।
३. लक्ष्मन खत्री/पदम कुमारी खत्रीको नातिनी, मान बहादुर खत्री/महाकाली क्षेत्रीनीको छोरी, ऋषि प्रसाद रिमाल/कृष्ण कुमारी रिमालको बुहारी, झपट बहादुर रिमालको पत्नी, बर्दिया जिल्ला, गुलरिया न.पा., वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १० बस्ने **रमा कुमारी रिमाल** (ना.प्र.नं. ११९१२, जारी मिति २०३५/०१/०७, जिल्ला प्रशासन कार्यालय बर्दिया) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. ऋणी कम्पनीको नाममा रहेको बाँके जिल्ला, राप्तीसोनारी गा.पा. वडा नं. ०६ स्थित गोदाममा रहेको निमार्ण सामानहरु ।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात **२०७९ चैत ०२ गते** भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात **२०७९ चैत ०३ गते शुक्रबार** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत ०३ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय नेपालगञ्ज, धम्बोजी फोन नं. ०८१-८३८०६१

पौने २९ करोडको होल्डिङ सेन्टर प्रयोगमा नआउँदै बेवारिसे बन्ने जोखिम

धनगढीमा **तेजराज भट्ट**

कोरोना महामारीका वेला भारतबाट स्वदेश फर्कने संक्रमितलाई राख्न धनगढीस्थित त्रिनगर भन्सार नाकानजिकै बनाइएको होल्डिङ सेन्टर प्रयोगविहीन अवस्थामा छ । २८ करोड ८१ लाखक लागतमा नेपाली सेनाले ठेकेदार कम्पनी हनुमान कन्स्ट्रक्सनमार्फत बनाएको होल्डिङ सेन्टर प्रयोगविहीन हुँदा जीर्ण बन्ने जोखिम छ ।

कोरोना संक्रमणको दोस्रो लहर (०७८ सुरुवाती)मा सम्भावित महामारीको अवस्थालाई मध्यनजर गरेर सरकारले तीन महिनाभित्र नाकानजिक होल्डिङ सेन्टर निर्माण गर्ने घोषणा गरेको थियो । तर, धनगढीमा एक वर्षपछि गत साउनमा मात्र निर्माण भएको थियो । २० वटा क्वारन्टिन, दुईवटामा चिकित्सक कक्ष, २२ वटा शौचालय तथा १५ वटा भान्सा घरसहित ५९ वटा ब्लक रहेको होल्डिङ सेन्टर एकपटक पनि प्रयोगमा आएको छैन । १४ वटा क्वारेन्टिन ब्लकमा तीन सयवटा शय्या राखिएका छन् ।

■ प्रयोगमा ल्याउन छलफलमा प्रशासन

कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले लामो समयदेखि कोरोना संक्रमणको अवस्था सामान्य रहेकाले होल्डिङ सेन्टर कुन प्रयोजनका लागि प्रयोग गर्ने भन्नेबारे छलफल भइरहेको बताए । केही समयअघि रक्षा मन्त्रालयका अधिकारी आएर होल्डिङ सेन्टर प्रयोगबारे छलफल र अध्ययन गरेर फर्किएका थिए । अस्पताल वा सुरक्षा निकायका लागि होल्डिङ सेन्टर प्रयोग गर्न सकिने कतिपयको भनाइ छ ।

यसअघि कोरोना संक्रमण सामान्यतर्फ उन्मुख रहेका वेला कुन निकायमातहत होल्डिङ सेन्टर सञ्चालन गर्ने भन्ने तय नभएकाले पनि सञ्चालनमा ढिलाइ भएको थियो । कोरोना संक्रमण बढ्न थालेपछि सरकारले भारतबाट आउने संक्रमित र कोरोनाको लक्षण देखिएका नागरिकलाई राख्नका लागि नाकानजिक होल्डिङ सेन्टर बनाउने निर्णय गरेको थियो ।

एसइईमा ताप्लेजुङबाट दुई हजार परीक्षार्थी

ताप्लेजुङ/ आगामी १७ चैतबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ताप्लेजुङबाट दुई हजार विद्यार्थी सहभागी हुने भएका छन् । शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख योगेश्वर भट्टराईका अनुसार नियमिततर्फ एक हजार नौ सय ५२, ग्रेड वृद्धितर्फ ६६ र प्राविधिकतर्फका एक सय तीन गरी दुई हजार एक सय २१ परीक्षार्थी रहेका छन् ।

नेवार समुदायमा पण्डित अभाव

काठमाडौंबाट पण्डित ल्याएर चितवनमा व्रतबन्ध र बेलविवाह

भरतपुर/ चितवनमा नेवार समुदायमा पण्डित अभाव भएपछि काठमाडौंबाट झिकाउनुपर्ने बाध्यता रहेको छ । चितवनमा नेवारको कर्मकाण्ड देवबाजे (नेवारी बाजे) नभएपछि नेवाःपुचः नारायणगढले काठमाडौंबाट देव बाजे सुरेन्द्र बज्राचार्यलाई बोलाएर विधिपूर्वक सामूहिक व्रतबन्ध गरेको हो । नेवाःपुचः नारायणगढले आइतबार र सोमबार सामूहिक रूपमा बेलविवाह (इही) पनि आयोजना गरेको छ ।

नेवाःपुचः नारायणगढका अध्यक्ष शुक्रकुमार श्रेष्ठका अनुसार कर्म चलाउने नेवार बाजे चितवनमा कोही नभएकाले काठमाडौंदेखि नेवार समुदायकै बाजे (बाहुन) बोलाएर नेवारी परम्पराअनुसार कार्य आयोजना गरिएको हो । उनका अनुसार चितवनमा पहिलोपटक नेवार समुदायमा सामूहिक व्रतबन्ध आयोजना गरिएको हो । सामूहिक बेलविवाह भने यसअघि अन्य संघसंस्थाले आयोजना गरे पनि पुचःले भने पहिलोपटक आयोजना गरेको हो । नेवार

हल्कारामा वैदेशिक रोजगारीको कथा



वैदेशिक रोजगारीले सिर्जना गरेका समस्यालाई उठान गरेको फिल्म 'हल्कारा'को टिजर सार्वजनिक भएको छ। यो फिल्म २९ वैशाखमा प्रदर्शन हुँदै छ। फिल्ममा महेश त्रिपाठी र विनिता थापामगरको मुख्य भूमिका छ। विक्रम सापकोटाले निर्देशन गरेको यस फिल्मलाई चिन्तन राजभण्डारीले छायांकन गरेका हुन्।

निफमा हास्यव्यंग्य सेसन



छैटौं 'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ)मा सिस्नुपानी नेपाल पनि सहभागी हुने भएको छ। 'हास्यव्यंग्यले हौसिएको नेपाली सिनेमा' विषयक उक्त सेसनमा चर्चित कलाकार मनोज गजुरेल, कवि लक्ष्मण गाम्नागे, निर्देशक प्रदीप भट्टराई र समीक्षक डा. विन्दु शर्मा 'प्यालनिस्ट' रहनेछन्।

बालबालिकालाई साइक्लिङ किन गराउने ?



साइक्लिङका फाइदा

पछिल्लो समय साइक्लिङ गर्ने सहरिया जमात बढ्दो छ। साइक्लिङले तपाईंलाई हृदयाघात, स्ट्रोक, डिप्रेसन, मधुमेह, मोटोपनलगायत रोगहरूबाट जोगाउँछ। साइक्लिङ गर्दा शरीरबाट पर्याप्त पसिना बग्छ र मस्तिष्कले पनि आराम महसुस गर्छ। सबै उमेरका मानिसले साइक्लिङ गर्न सक्छन्। तर, बालबालिकाका लागि साइक्लिङ अझै महत्त्वपूर्ण छ। उनीहरूको शारीरिक तथा मानसिक विकासमा साइक्लिङले ठूलो भूमिका खेल्छ। साइक्लिङ गर्दा खुट्टादेखि टाउकोसम्म अर्थात् समग्र शरीरको एक्सरसाइज हुने भएकाले उनीहरूको शारीरिक विकासमा सहयोग पुग्छ।

- आजकलका बालबालिका मोबाइल तथा ल्यापटपमा गेम खेल्न मात्रै व्यस्त हुन्छन्। एकै ठाउँमा बसेर मोबाइल हेर्दा आँखामा असर पुगिरहेको हुन्छ। आलस्य बढ्छ, त्यसैले बच्चालाई स्मार्ट राख्नका लागि साइक्लिङ सिकाउन जरुरी छ।
- बालबालिकालाई बिहान वा बेलुका कम्तीमा पनि सातामा दुईपटक साइक्लिङ गराउनु राम्रो हुन्छ। स्कुलबाट बच्चा घर आएपछि खाजा खुवाएर केही समयका लागि बाहिर खुला ठाउँ वा पार्कमा आफूसँगै साइक्लिङ सिकाउन लैजान सकिन्छ। यस्तो गर्दा उनीहरू प्रकृतिसँग घुलमिल हुन पाउँछन्, मानसिक रूपमा फ्रेस हुन्छन्। साइक्लिङ गर्ने ठाउँ भिडभाड नभएको, गाडीको आवतजावत नहुने र सुरक्षित भने हुनुपर्छ।



हिमाल टमटा
साइक्लिङ खेलाडी

- विदेशमा बालबालिकालाई पाँच वर्षदेखि साइक्लिङ सुरु गराइन्छ। सुरुमा अभिभावकले हेन्डलिङ गर्न सिकाउँछन्। त्यसपछि उनीहरूकै साइजको साइकल किनेर साइड पांग्रा राखेर अभ्यस्त गराउँदै लैजान्छन्। बानी परिसकेपछि सुरक्षित स्थानमा बालबालिका आफैंले साइकल कुदाउन थाल्छन्।
- साइक्लिङ गर्दा निकै सचेत भएर गर्नुपर्ने हुन्छ। अन्य सवारी वा मानिस आए-गएको नियाल्नुपर्छ। खाल्डाखुल्डी हेरेर चलाउनुपर्छ। त्यसैले बच्चैदेखि साइक्लिङको अभ्यास गर्नु भनेको सचेत हुने कला सिक्नु हो। यो अभ्यासले भविष्यमा गएर बालबालिका हरेक कुरामा सचेत हुन्छन्। स्वस्थ बन्न सिक्छन्। आत्मनिर्णय लिन सक्छन्।
- बालबालिकालाई अभिभावकको निगरानीमा समूहमा राखेर साइक्लिङ सिकाउने गर्नुपर्छ। यसो गर्दा उनीहरूलाई अन्य मानिससँग घुलमिल हुने बानी पर्छ। साथी सर्कल बन्छ। बच्चाको दिनभरको आलस्य पनि हट्छ। स्मरणशक्ति पनि बढाउँछ। मांसपेशीलाई बोलियो बनाउँछ। बच्चालाई अझ बलियो बनाउन सहयोग पुग्छ।
- सानैदेखि बालबालिकालाई साइक्लिङ सिकाउँदा अरू नराम्रो कामतिर लाग्नबाट पनि रोक्न सकिन्छ। कुलतबाट टाढा राख्न सकिन्छ।

बालबालिका मात्रै नभएर वयस्क र वृद्धवृद्धाले पनि साइक्लिङ गर्न सक्छन्। साइक्लिङले शरीरलाई फ्रेस राख्छ। यसका अन्य फाइदा यस्ता छन् :

रक्तचाप नियन्त्रण : साइक्लिङले रगतमा अक्सिजनको मात्रा बढाउने भएकाले रक्तसञ्चारमा सुधार आउँछ। त्यस्तै, रोगप्रतिरोधी क्षमता वृद्धि हुन्छ।

मांसपेशी मजबुत : साइक्लिङले जोर्नीमा लचकता ल्याउँछ। नियमित साइक्लिङ गर्दा मांसपेशी बलियो बनाउन सहयोग पुग्छ। शरीरको पछाडिपट्टिका हड्डी सक्रिय रहने भएकाले ढाड र गर्दनको दुखाइबाट समेत राहत मिल्छ।

मोटोपन घट्छ : दैनिक करिब २० मिनेट साइक्लिङ गर्दा शरीरमा हजार क्यालोरी खपत हुन्छ। त्यसैले साइक्लिङ गर्नेले बढी क्यालोरीयुक्त खाना खाँदा पनि खासै फरक पर्दैन। मोटोपन भएका व्यक्तिले साइक्लिङ गरेमा अन्य व्यायाम गर्नुपर्दैन। तौल आफैं नियन्त्रण भएर जान्छ।

स्मरणशक्ति बढाउँछ : साइक्लिङ गर्ने व्यक्तिमा दिमागी शक्ति (ब्रेन पावर) बढ्ने विभिन्न अध्ययनले देखाएका छन्। साइकल चलाउँदा शरीरमा ब्रेन सेलको निर्माण हुने भएकाले मस्तिष्क विकासका लागि समेत यो निकै उपयोगी छ।

(टमटा १३औं दक्षिण एसियाली खेलकुदका स्वर्ण पदक विजेता हुन्)

कम खर्चमै घर सजाउन



श्रीजन नेपाल
इन्टेरियर डिजाइनर
इको बिजनेस प्रालि



धेरै खर्च गर्दैमा घर राम्रो देखिन्छ भन्ने होइन। तपाईं आफ्नो सिर्जनशीलतालाई प्रयोग गरेर थोरै बजेटमा पनि घरलाई आकर्षक लुक्स दिन सक्नुहुन्छ।

- **भित्तामा सुन्दर रङ** तपाईंले सही रङ छनोट गर्नुभयो भने तपाईंको सानो घर पनि आकर्षक र चिटिक्क देखिन्छ। कोठाहरू पनि फराकिलो देखिन्छन्। वालपेपर पनि टाँस्न सकिन्छ। अहिले बजारमा कम मुल्यमै विभिन्न डिजाइन र रङका वालपेपरहरू पाइन्छन्।
- **पुरानो फर्निचर** : यदि तपाईंको घरमा प्रयोग भएका फर्निचर पुरानो भएको महसुस भयो भने त्यसलाई फ्याँक्ने काम नगर्नुहोस्। सोफाको कपडा परिवर्तन गर्न सकिन्छ। पुरानो कुर्सीलाई रङ लगाएर नयाँ देखाउन सकिन्छ।
- **बेडरुममा च्याक** : तपाईंको सुत्ने कोठा सानो छ भने ठाउँअनुसार भित्तामा सानो च्याक राख्न सक्नुहुन्छ। तपाईंले यसमा पुस्तक, मेकअपका सामानलगायतका महत्त्वपूर्ण सामग्री राख्न सक्नुहुन्छ।
- **फेन्सी लाइट** : बजारमा विभिन्न किसिमका बत्ती पाइन्छन्। घरको बैठक कोठा र बेडरुममा स्ट्रिङ लाइट प्रयोग गर्न सक्नुहुन्छ। भित्तामा राख्नका लागि कम बजेटमा फेन्सी लाइटहरू किन्न सक्नुहुन्छ।
- **पुराना बक्स** : घरमा रहेका पुराना ठूला बक्स वा कार्टुनलाई रङ लगाएर पुनः प्रयोग गर्न सकिन्छ। त्यसमाथि राम्रो कपडा वा तन्नाले राम्रो डिजाइन गरेर टेबलको रूपमा प्रयोग गर्न सकिन्छ। त्यसमा बक्समा केही फुलदानी राख्दा कोठाको सौन्दर्य अझ बढ्छ।

मोबाइल सुरक्षित राख्न यी कुरामा ध्यान दिनुस्



- तपाईंको महँगो मोबाइलको सुरक्षाका लागि सस्तैमा कभर पाइन्छ। मोबाइल सेटअनुसार मिल्दो, सुहाउँदो र बलियो कभर प्रयोग गर्दा कतै खसिहाले पनि मोबाइल फुट्नबाट धेरै हदसम्म जोगिन्छ।
- मोबाइलको स्क्रिनमा टेम्पर्ड ग्लास राख्नाले मोबाइलको स्क्रिन स्क्रयाच हुनबाट जोगाउँछ। मोबाइल झुक्किएर खसिहाले पनि स्क्रिन फुट्नबाट जोगिन्छ।
- मोबाइल खस्नबाट जोगाउन हातमा सजिलै अड्कने खालको नचिप्लिने कभर किन्न पाइन्छ।
- पानी र चिसोका कारण मोबाइल बिग्रने गर्छ। त्यसैले अत्यधिक तातोले पनि समस्या निम्त्याउँछ। यसलाई स्टोभ, चिम्नी, चुलो तथा हिटरजस्ता उपकरणबाट टाढै राख्नुपर्छ। पसिना, पानी या अन्य तरल पदार्थले भिजेको हातले मोबाइल समाउने गर्न पनि हुँदैन।
- मोबाइलको चार्ज १० प्रतिशतभन्दा तल हुन दिनुहुँदैन। यस्तो भएमा ब्याट्रीमा समस्या आउन सक्छ। त्यस्तै रातभर चार्ज गर्न पनि हुँदैन। ब्याट्री फुल भएपछि चार्ज अफ गर्नुपर्छ।
- मोबाइल सफा गर्दा कहिल्यै पनि स्प्रे र पानीको प्रयोग नगर्नुस्।

निर्देशक सतिश कौशिकको निधन

बलिउडका चर्चित अभिनेता तथा निर्माता/निर्देशक सतिश कौशिकको ६६ वर्षको उमेरमा बिहीबार निधन भएको छ। बिहीबार बिहान १:३० बजे उनको निधन भएको हो। कार्डियाक ऐरेस्टका कारण



उनको निधन भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। उनको अन्तिम संस्कार मुम्बईको वर्सोवामा गरिएको छ।

कौशिकको शवयात्रामा सहभागी हुन जावेद अख्तर, अनुपम खेर, राज बब्बर, रणवीर कपुर, फरहान अख्तर, अभिषेक बच्चनलगायत बलिउड सेलेब्रिटीहरू मुम्बई पुगेका थिए।

सतिशले सन् १९८३ मा पहिलोपटक 'मासुम' फिल्ममार्फत बलिउडमा अभिनेताका रूपमा डेब्यु गरेका थिए। १९८७ मा प्रदर्शनमा आएको फिल्म 'मिस्टर इन्डिया'ले उनलाई सबैमाझ चिनायो। १९९७ मा उनले 'दिवाना-मस्ताना'मा पप्पु पेजरको चरित्र निर्वाह गरेका थिए। १९९० मा 'राम लखन' र १९९७ मा 'साजन चले ससुराल' का लागि उनले सर्वश्रेष्ठ हाँस्य अभिनेताको पुरस्कार पाएका थिए। उनले आफ्नो करिअरमा एक सयभन्दा धेरै फिल्ममा अभिनय गरे।

फिल्म लेखनमा समेत सक्रिय सतिशले पहिलोपटक निर्देशन गरेको फिल्म 'रूप कि रानी चोरोका राजा' १९९३ मा प्रदर्शन भएको थियो। 'प्रेम', 'तेरे नाम', 'सादी से पहेले', 'वादा', 'कागज' लगायत उनको निर्देशनमा बनेका फिल्मले दर्शकबाट राम्रो प्रतिक्रिया पाएका थिए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०७९/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेण्ट बैंक बाट सुरक्षण वापत तपसिलमा उल्लेखित ऋणीले यस डेभलपमेण्ट बैंकको तल उल्लेखित शाखा कार्यालयबाट विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याँज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेण्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेण्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेण्ट बैंक लाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई, यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेण्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम डेभलपमेण्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र यस डेभलपमेण्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ता को अन्य चलअचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रकृया अपनाई असुल उपर गरिने र ऋणी तथा जमानीकर्ता लाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबै लाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको नाम
१) **ऋणीको नाम : नुतन देवी राय** बुवाको नाम : सुरज राय पतिको नाम : शम्भु प्रसाद राय ससुराको नाम : गौरीशंकर राय ठेगाना : मधुवन -३, सुनसरी हालको ठेगना : बुढिगंगा-०२, मोरङ्ग नागरिकता नं. ०६-०१-७०-०४६०८ जारी गर्ने कार्यालय :जि.प्र.का. सुनसरी जारी मिति : २०७०/०४/१५ **कर्जा शिर्षक: विपन्न वग कर्जा** **कर्जा लिएको शाखा: टंकिसिनवारी शाखा**	**ख) जमानीकर्ताको नाम : रोजी दाहाल** बुवाको नाम : डिल्ली प्रसाद दाहाल पतिको नाम : सुमन कोइराला ससुराको नाम : अग्नी प्रसाद कोइराला ठेगाना : विराटनगर-५, मोरङ हालको ठेगना : बुढिगंगा-०२, मोरङ्ग नागरिकता नं. ०५१०६६/१०२३२ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग जारी मिति : २०६०/०९/१८ **ग) जमानीकर्ताको नाम : शम्भु प्रसाद राय** बुवाको नाम : गौरीशंकर राय बाजेकोको नाम :दामोदर राय ठेगाना : मधुवन -३,सुनसरी हालको ठेगाना : बुढिगंगा-०२, मोरङ्ग नागरिकता नं. ४९५६२/५०५६२ जारी गर्ने कार्यालय : :जि.प्र.का. सुनसरी जारी मिति : २०५९/१२/१६
जमानतकर्ताको विवरण **क) जमानीकर्ताको नाम : शान्ती देवी यादव** बुवाको नाम : हिरालाल यादव पतीको नामः हुकुम चन्द्र यादव ससुराको नाम : मुलचन यादव ठेगाना : टंकीसिनवारी-४,मोरङ्ग हालको ठेगाना : बुढिगंगा ०३, मोरङ्ग नागरिकता नं. ११२२४ जारी गर्ने कार्यालय :जि.प्र.का. मोरङ्ग जारी मिति :२०६६/०३/२५	
ऋणीको विवरण	**जमानतकर्ताको नाम**
२) **ऋणीको नाम : मन्जु पोखेल** बुवाको नाम : तेज बहादुर पोखेल पतीको नामः शेर बहादुर कटवाल ससुराको नाम रक्ष बहादुर कटवाल ठेगाना :नुम-६,संखुवासभा हालको ठेगाना : बिराटनगर-०८, मोरङ्ग नागरिकता नं. १०१००७-३८६ जारी गर्ने कार्यालय : जि.प्र.का., शंखुवासभा जारी मिति : २०६८/१२/२७ **कर्जा लिएको शाखा : टंकीसिनवारी, मोरङ्ग** **कर्जा शिर्षक : विपन्न वर्ग कर्जा**	**ख) जमानीकर्ताको नाम : चेत नारायण राजवंशी** बुवाको नाम : छलन लाल राजवंशी बाजेको नाम : केशरलाल राजवंशी ठेगाना : कटुवा-८, मोरङ्ग नागरिकता नं.१८६८१-४३ जारी गर्ने कार्यालय : जि.प्र.का. मोरङ्ग जारी मिति : २०६१/०५/२५ **ग) जमानीकर्ताको नाम : किरण थापा** बुवाको नाम : अलक नारायण पाण्डे पतीको नाम : सन्तोष थापा ससुराको नाम : रेवत बहादुर थापा ठेगाना : उर्लाबारी-६, मोरङ हालको ठेगाना : बिराटनगर ०७, मोरङ्ग नागरिकता नं. ०५२००६/०८४ जारी गर्ने कार्यालय : :जि.प्र.का. , मोरङ्ग, उर्लाबारी जारी मिति : २०७०/०१/२९
जमानतकर्ताको विवरण **क) जमानीकर्ताको नाम : बसन्तीकुमारी राजबंशी** बुवाको नाम : पृथ्वीचन्द राजवंशी पतीको नामः चेत नारायण राजवंशी ससुराको नामः छलन लाल राजवंशी ठेगाना : अमरदह-२, मोरङ हालको ठेगाना : बिराटनगर ०४, मोरङ्ग नागरिकता नं.: व ०५३००१/६२६ जारी गर्ने कार्यालय :जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/१०/१८	
ऋणी/ प्रोप्राइटरको विवरण	**जमानतकर्ताको विवरण**
५) **ऋणी : रुकमाया किराना पसल** ठेगाना : पोखरा-०५, कास्की दर्ता कायालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की प्रा.फ.र.नं. : ८३०४/०७०/०७१ दर्ता मितिः २०७१/०१/१४ पान : ६०२०९१६२८ **१) प्रोप्राइटरको नाम : माया थापा** बुबाको नाम : पशुराम भण्डारी पतिको नाम : निर्मल थापा ससुराको नाम : लेख बहादुर थापा ठेगाना : पोखरा-०५, कास्की ना.प्र.नं. : ७९८३२ जारी मिति : २०५५/११/०९ जारी जिल्ला : जि.प्र.का., कास्की **कर्जा शिर्षक : महिला उद्यमशिलता (आवधिक) कर्जा** **कर्जा लिएको शाखा : न्यूरोड, पोखरा, कास्की**	**क) नाम : पवित्रा के.सी.** बुबा/पतीको नाम : निर्मल थापा/दिपेन्द्र के.सी. बाजे/ससुराको नाम : लेख बहादुर थापा/रुद्र बहादुर के.सी. स्थायी ठेगाना : पोखरा-१८, कास्की हाल ठेगाना : पोखरा-१४, चाउथे, कास्की। ना.प्र.नं. : ११६८८९ जारी मिति :२०५८/०४/१२ जारी जिल्ला : जि.प्र.का., कास्की **ख) नाम : पार्वती अधिकारी** बुबा/पतीको नाम : निर्मल थापा/जीवन अधिकारी बाजे/ससुराको नाम : लेख बहादुर थापा/धन बहादुर अधिकारी स्थायी ठेगाना : पोखरा-२५, कास्की हाल ठेगाना : पोखरा-५, कास्की। ना.प्र.नं. : ४६३०२/१४८५ जारी मिति : २०६३/१०/०८ जारी जिल्ला : जि.प्र.का., कास्की
जमानतकर्ताको विवरण **ग) नाम : कृष्ण थापा** बुबाको नाम : निर्मल थापा बाजेको नाम : लेख बहादुर थापा ठेगाना : पोखरा-०५, कास्की ना.प्र.नं. : ४६१००१/४०१८ जारी मिति :२०६५/०४/०५ जारी जिल्ला : जि.प्र.का., कास्की	**घ) नाम : महाकाली थापा** पतिको नाम : लेख बहादुर ससुराको नाम : भक्त बहादुर ठेगाना : पोखरा-०५, कास्की ना.प्र.नं. : ५२०७ जारी मिति : २०४४/०१/२२ जारी जिल्ला : जि.का., कास्की
ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको विवरण	**जमानीकर्ताको विवरण**
६) **ऋणी : कलस ब्यूटिपार्लर ट्रेनीङ सेन्टर** दर्ता नं. : ६६४/७३६४/२०७५/०७६ दर्ता मिति : २०७६/०२/१२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंज पान नं. ६१०७०८६३३ ठेगाना : नेपालगञ्ज उ.म.न.पा. ०४ बाँके	**ख) नाम : संजय श्रेष्ठ** बाबुको नाम : राजु श्रेष्ठ बाजेको नाम : कृष्ण भक्त श्रेष्ठ पत्नीको नाम : ईशा श्रेष्ठ ठेगाना : नेपालगंज ०४ बाँके ना.प्र.नं. : १७३६० जारी गर्ने कार्यालय : जि.प्र.का. बाँके जारी मिति : २०६३/०८/०८
अ.प्रा.व्य./ प्रोप्राईटर/ जमानीकर्ताको विवरण **क) नाम : ईशा श्रेष्ठ** बाबुको नाम : ईन्द्र बहादुर श्रेष्ठ पतिको नामः संजय श्रेष्ठ ससुराको नाम : राज श्रेष्ठ ठेगाना : नेपालगन्ज ०४ बाँके ना.प्र.नं .:६६-०१-७१-०३१७२ जारी गर्ने कार्यालय : जि.प्र.का. बाँके जारी मिति : २०७१/०५/१६ **कर्जा शिर्षक : :महिला उद्यमशील कर्जा** **कर्जा लिएको शाखा : राँझा शाखा, बाँके**	

‘विद्यार्थी हितकारी परिषद्’ अर्थात् सफा विद्यार्थी राजनीति

गुन्डागर्दी, नेताको चाकरी, चन्दा असुली, तालाबन्दी, मोसो आदिसँग जोडिएर आउने विद्यार्थी संगठनका नामले विद्यार्थी आन्दोलनमाथि नै प्रश्न उठाइरहेका छन्



● मिलन पाण्डे

समय-सापेक्ष

तीन वर्षअघि यही वेला म युनिभर्सिटी अफ भर्जिनियामा एउटा फेलोसिपमा सहभागी भएको थिएँ। पुगेकै दिन त्यहाँका विद्यार्थी नेताले हामीलाई करिब डेढ घन्टा लगाएर कलेज घुमाए। उनले आफ्नो कलेजबारे गरेको व्याख्या सुन्दा म छक्क पर्थें। उनको क्याम्पसप्रतिको प्रेम, लगाव र विश्वासले मलाई उनी र क्याम्पसप्रति आदरभाव जाग्यो।

मैले उनलाई त्यहाँको विद्यार्थीको परिषद्ले के गर्छ भनेर सोधें। उनले भने- ‘हामीले अघिल्लो साता ‘टेक्टबुक डोनेसन ड्राइभ’ चलायौं, जहाँ विद्यार्थीले आफूलाई नचाहिने किताब दिन्छन् र आफूलाई चाहिने किताब लिन्छन्। अब यो साताचाहिँ हामी ‘इन्टरनेसनल करियर फेयर’ गर्दै छौं। मैले हाम्रो अस्कल र त्रिचन्द्रको राजनीति सम्झिएँ।

बेलायतको लेबर पार्टीको विद्यार्थी युनियन, लेबर स्टुडेन्ट्सले २००५ मा सुरक्षित यौनका निम्ति आन्दोलन गऱ्यो, जसका कारण कन्डममा लाग्ने ट्याक्स पाँच प्रतिशतमा झऱ्यो। अहिले पनि संसारका विभिन्न विद्यार्थी संगठनले यौन शिक्षाका लागि अभियान सञ्चालन गर्छन्, विद्यार्थीलाई ‘गुड टच’, ‘ब्याड टच’बारे अभियान चलाउँछन्। मलाई थाहा छैन, हामीकहाँ यौन शिक्षा र महिला हिंसाबारे कुन संगठनले यस्ता अभियान चलाएका छन्।

विभिन्न देशका विभिन्न पार्टीका विद्यार्थी संगठन, क्लब, ‘स्टुडेन्ट गभर्मेन्ट’ले विद्यार्थी र युवाका लागि गरेका काम निकै लोभलाग्दा छन्। अधिकांश विश्वविद्यालयमा विद्यार्थी संगठनमा विद्यार्थीको वृत्तिविकासका कार्यक्रम ल्याइन्छ। कसरी ‘रेजुमे’ बनाउने, निवेदन कसरी लेख्ने र आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने तालिम दिइन्छ।

विद्यार्थी हितकारी परिषद्को औचित्य : अहिले हुँदै आएको विद्यार्थी राजनीति देशको राजनीतिसँग नजिक छ, विद्यार्थीसँग छैन। विद्यार्थी राजनीतिका वकालतकर्ताहरू विद्यार्थी राजनीतिले इतिहासमा दिएका ठुल्ठूला लोकतन्त्रवादी क्रान्तिकारी नेताको नाम लिन्छन्। तर, गत १५-१६ वर्षलाई हेर्ने हो भने विद्यार्थी राजनीतिको नाम मिडियामा आउनुनपर्ने मुद्दामा आइरहेको छ। गुन्डागर्दी, नेताको चाकरी, चन्दा असुली, तालाबन्दी, मोसो आदिसँग जोडिएर आउने विद्यार्थी संगठनका नामले विद्यार्थी आन्दोलनमाथि नै प्रश्न गरिरहेको छ। कुनै पनि संगठनको उद्देश्य हुन्छ। उद्देश्य सकिएपछि कि संगठनको औचित्य सकिन्छ, कि संगठनले नयाँ उद्देश्य लिनुपर्छ। अहिलेका विद्यार्थी संगठनले ६२-६३ को आन्दोलनपछि आफ्नो नयाँ उद्देश्य लिन सकेनन्। फलस्वरूप विद्यार्थी संगठनको औचित्य समाप्त भयो। हिजो पञ्चायत र राजतन्त्रविरुद्ध लड्न जन्मिएका संगठन आज आफ्नै पार्टीका नेताहरूको स्वार्थसामु लम्पसार परेका छन्।

आजको विद्यार्थी नेता अगाडि-पछाडि ‘केटा’ या ‘भाइ’हरूको झुन्ड लिएर हिँडिरहेको हुन्छ। विद्यार्थी नेता आमविद्यार्थीको पहुँचभन्दा धेरै टाढा पुगिसकेका छन्। होस्टेल र पुस्तकालयको दुरुपयोग, कमिसन, भनसुन, आफ्नो मान्छेलाई सहुलियतलगायत विकृतिले विद्यार्थी नेताबाटै आमविद्यार्थी दुःखी छन्।

विद्यार्थी राजनीति विद्यार्थी नेताका लागि प्रदेश र केन्द्रको सांसद र केन्द्रीय सदस्यको भन्याङ बनेको छ भने पार्टीका नेताका लागि ‘भोट बैंक’। विद्यार्थी राजनीति करोडौंको खेलमा परिणत हुँदा विद्यार्थी संगठन फगत पढ्ने समयको बर्बादीका रूपमा दर्ज हुँदै आएको छ। विद्यार्थी राजनीति भोलिका नेताका लागि राम्रो मैदान बने पनि भोलिका मतदाताका लागि भने ‘फोहोरी राजानीति’को साक्षी बन्दै छ।

विद्यार्थी नेताले कलेजको गेटबाट छिर्दा क्याम्पसको दुर्गन्धित शौचालय, भताभुंग पुस्तकालय या दलीय आडमा भर्ती भएका आफ्नै पार्टीका शिक्षकलाई कक्षामा नआएको देख्दैन। समयमै परीक्षा नभएको थाहै पाउँदैन। तर, गेटबाट छिर्नेबित्तिकै ऊ कलिला विद्यार्थीलाई कसरी नेविसंघ, अखिल वा क्रान्तिकारीको सदस्य बनाउने भन्ने ध्याउन्नमा हुन्छ। त्यसैले, अब यी विद्यार्थी संगठनको औचित्य सकियो, यी संगठन भत्काऔं र नयाँ संरचना बनाऔं।

यहींनेर नयाँ संरचना चाहिन्छ कि चाहिँदैन भन्ने बहस हुन सक्छ। ०७३ मा ‘विद्यार्थी हितकारी परिषद्’को अवधारणा प्रस्ताव गर्दै गर्दा हामीले अहिलेको जस्तो संगठन आवश्यक छैन, तर विद्यार्थीको हकहित, आवश्यकता, वृत्तिविकासका लागि ‘राजनीति’ होइन, ‘विद्यार्थी राजानीति’ गर्ने परिषद्को अवधारणा अघि सारेका थियौं। हाम्रो तर्क थियो, समस्या राजनीतीकरणको होइन, दलीयकरण या गुटीयकरणको हो।

विद्यार्थी हितकारी परिषद्को संरचना : कक्षा १२ सम्म कुनै खालको विद्यार्थी संगठन आवश्यक छैन। १८ वर्ष पुगेका नागरिकमा भने विद्यार्थी हितकारी परिषद् आवश्यक छ, जसले नागरिकमा चेतनाको विकास गर्न मद्दत गरोस्। त्यस्तो नयाँ विद्यार्थी राजनीतिको नेतृत्व नयाँ वैकल्पिक पार्टीहरूले गर्नुपर्छ। अब क्याम्पसभित्रका विद्यार्थी मिलेर अहिलेको फोहोरी विद्यार्थी राजनीतिविरुद्ध मोर्चाबन्दी गर्दै संगठित हुन जरुरी छ।

प्रत्येक क्याम्पसमा ‘विद्यार्थी हितकारी परिषद्’ बनाउन जरुरी छ। त्यस्तो संरचनामा परिषद्को अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष रहन सक्छन्। यी जिम्मेवारीसहित क्याम्पसमा पढाइ हुने प्रत्येक संकाय र विषयका एक पुरुष र एक महिला, प्रत्येक कक्षाका



प्रतिनिधिको रूपमा एक पुरुष र एक महिला प्रतिनिधि र केही छुटेका प्रतिभाशाली विद्यार्थीलाई मनोनयनबाट समेटेर परिषद् गठन हुनेछ। विषय र संकायको प्रतिनिधित्व गरेर आएका सदस्यले आफ्नो विषयमा नेतृत्व गर्नेछन् भने कक्षा र मनोनयनबाट आएका प्रतिनिधिले भने आआफ्नो कक्षाको प्रतिनिधित्व गर्दै विभिन्न क्लबको नेतृत्व गर्नेछन्। उद्यमशील विकास क्लब, विज्ञान क्लब, साहित्य क्लब, सांस्कृतिक क्लब, सामाजिक सेवा क्लब, स्पोर्ट्स क्लब, ह्यापिनेस क्लब आदि गठन गरेर विद्यार्थीमुखी कामका निम्ति परिषद् क्रियाशील रहन सक्छ।

> स्ववियुलाई खारेज गरेर पृथक् संरचनाको ‘क्याम्पस हितकारी परिषद्’ गठन गर्न ढिला भइसकेको छ। परिषद्मा विद्यार्थी नै चुनिएर आउने भए पनि शिक्षक, कर्मचारी र अभिभावकजस्ता अन्य सम्बन्धित पक्षसमेत त्यसमा रहनेछन्।

स्ववियुलाई खारेज गरेर हामीले पृथक् संरचनाको ‘क्याम्पस हितकारी परिषद्’ गठन गर्न पनि ढिला भइसकेको छ। क्याम्पस हितकारी परिषद्को केन्द्रमा विद्यार्थी नै चुनिएर आउने भए पनि अन्य सम्बन्धित पक्ष, जस्तै- शिक्षक, कर्मचारी र अभिभावकसमेत सो परिषद्मा रहनेछन्। क्याम्पस विकासका निम्ति क्याम्पस हितकारी परिषद् सबै पक्षको साझा संस्था बन्न जरुरी छ, जहाँ क्याम्पस र विद्यार्थी हितको कुरा होस्।

विद्यार्थी हितकारी परिषद्को घोषणापत्र : विद्यार्थी हितकारी परिषद्को गठनसँगै यसले के-के गर्ने मात्र होइन, के-के नगर्ने भनेरसमेत स्पष्ट बताउन जरुरी छ। अहिले हामीले जे-जे विकृति भन्यौं, त्यो नगर्ने, नदोहोऱ्याउने भनेर प्रशिक्षित गर्नु, गराउनु र व्यवहारमै उतार्नु परिषद्को प्रमुख उद्देश्य रहनेछ।

विद्यार्थी हितकारी परिषद्का प्रमुख उद्देश्य निम्न हुनेछन् :

१. विद्यार्थीलाई आवश्यक नीति कार्यक्रमका लागि रचनात्मक रूपमा वकालत गर्नु। सरकारको नीति तथा कार्यक्रममा परेका शिक्षा र विद्यार्थीसँग सम्बन्धित कार्यक्रमबारे स्वतन्त्र रूपमा बहस र मूल्यांकन गर्नु। विद्यार्थीले सर्टिफिकेट राखेर पाउनुपर्ने लोन, छात्रावृत्ति र पाठ्यक्रम सुधारका लागि परिषद्ले वकालत गर्न सक्छ। आफूनिकट राजनीतिक आस्था भएको सरकार नेतृत्वमा रहँदा पनि आलोचना गर्ने ल्याकत र विवेक नै परिषद्को पुँजी हुनेछ। २. विद्यार्थीको वृत्तिविकासका कार्यक्रम सञ्चालन परिषद्को अर्को जिम्मेवारी हो। ‘सिभी’ बनाउन सिकाउनु, व्यक्तित्व विकासका कार्यक्रम सञ्चालन गर्नु, नेतृत्वकला सिकाउने, सञ्चार सीप सिकाउने, देशभक्ति, विपत् व्यवस्थापन, निर्णय लिने क्षमताको विकास, द्वन्द्व व्यवस्थापन, उद्यमशीलतालगायत कार्यक्रम सञ्चालनको नेतृत्व गर्नु परिषद्को काम हुनेछ। ३. राष्ट्रिय मुद्दामा विभिन्न पक्षका विज्ञ ल्याएर विद्यार्थीको आलोचनात्मक र विश्लेषणात्मक चेतको विकास गर्न परिषद्ले नेतृत्व लिन जरुरी छ। ४. क्याम्पसका संरचना सुधारमा नेतृत्व लिने जिम्मेवारी पनि परिषद्कै हुनेछ। ५. खेलकुद सप्ताह, साहित्य महोत्सव, कलाकारिता प्रदर्शनलगायत विद्यार्थीको क्षमता उजागर गर्ने कार्यक्रम सञ्चालन गर्न जरुरी छ। साथै, यौन शिक्षा, तनाव व्यवस्थापन, मानसिक स्वास्थ्यलगायत विषयमा पनि परिषद्ले काम गर्नुपर्छ। ६. विद्यार्थीलाई नियमित र प्रवेश परीक्षाका निम्ति सहयोग गर्न अग्रज विद्यार्थीको संलग्नतामा तयारी कक्षा सञ्चालन गर्न जरुरी छ। क्यालेन्डरअनुरूप समयमै परीक्षा र समयमै नतिजा निकाल्न खबरदारी गर्ने काम पनि विद्यार्थी परिषद्ले गर्न सक्छ। ७. अधिकांश क्याम्पसमा पूर्वविद्यार्थीको समूह बलियो छैन। यो डिजिटल जमानामा एकअर्कालाई सहयोग गर्न र प्रोत्साहन गर्न पूर्वविद्यार्थीहरूको नेटवर्किङ बलियो हुन जरुरी छ। परिषद्को दायित्वभित्र यो पनि हुन जरुरी छ। ८. सीपसँगै संस्कार पनि शिक्षाको अभिन्न अंग हो। तसर्थ, ‘धन्यवाद’ र ‘सरी क्लब’ गठन गरेर राम्रो गरेका मानिसको सम्मान गर्ने र आफूले गल्ती गर्दा माफी माग्ने संस्कारलाई बलियो बनाउन नेतृत्व लिनु परिषद्को काम हुनेछ। ९. जातीय, लैंगिक, भौगोलिकलगायत विभेदविरुद्धको जागरण, दाइजो, छाउपडीलगायत सामाजिक विसंगतिविरुद्ध अभियानको नेतृत्व पनि परिषद्ले लिन सक्छ। १०. विद्यार्थीलाई सीप सिकाउन ‘इन्टर्न’ र पार्ट टाइम जागिर/उद्यमका निम्ति कलेजले प्रोत्साहन गर्ने वातावरण बनाउन सके पनि परिषद्ले समन्वय गर्न सक्नुपर्छ।

चुनौती र सम्भावना : अहिले केही व्यक्ति नेता बन्ने दौडका कारण विद्यार्थी आन्दोलन नै धरापमा परेको छ। प्रत्येक पार्टीले आफ्नो अहिलेको विद्यार्थी संगठन भत्काएर नयाँ अवधारणाअनुसार यस्ता परिषद् गठन गर्न नसक्ने हो भने भ्रातृ संगठनसँगै माउ पार्टीको अस्तित्व नै धरापमा पर्नेछ। यिनै संगठन सुधिने सम्भावना देखिन्न।

यो परिषद्मा बसेर राम्रो विद्यार्थीको हितमा काम गर्ने नेतालाई आफ्नो पढाइ सकेपछि पार्टीहरूले सीधै केन्द्रीय कमिटी, प्रदेश कमिटी वा अन्य पार्टीको मूल कमिटीमा अवसर दिने व्यवस्था गर्न सकिन्छ। अझ, राम्रो काम गर्ने विद्यार्थीलाई सीधै समानुपातिक र प्रत्यक्षमा केही सिट सुरक्षित गर्न सकिन्छ। सर्त भने एउटै बनाउन जरुरी छ, क्याम्पसमा पार्टी, दल वा गुटको राजनीति नगर्ने, विद्यार्थीको राजनीति मात्र गर्ने। त्यसो गर्न सके, विद्यार्थी हकहित पनि हुने थियो, विद्यार्थी नेताले पनि अवसर पाउने थिए र माउ पार्टीले पनि जनमत बढाउन सक्थ्यो।

नयाँ विद्यार्थीको भर्ना फारममा विद्यार्थीको फोटो टाँसेर बाँचेको विद्यार्थी राजनीति, चन्दा आतंक, टेन्डरमा कमिसन र आर्थिक हिनामिनामा रमाएका विद्यार्थी नेता र कार्यकर्ता उत्पादनको फ्याक्ट्री बनेको विद्यार्थी संगठनबाट अब माथि उठ्ने वेला आएको छ। यातायातमा ४५ प्रतिशत छुट दिलायौं भनेर कति एउटै उपलब्धिको ब्याज खाइरहने ? अब विद्यार्थी आन्दोलनले नयाँ मुद्दा र नयाँ दिशा पक्रनुपर्छ। नत्र, हाम्रा विश्वविद्यालय, विद्यार्थी नेता र हालका विद्यार्थी संगठन नै नेपालको प्रगतिका बाधक बन्नेछन्।

अन्त्यमा, विद्यार्थी र युवामा आत्महत्या दर बढ्दो छ। तनावका कारण विद्यार्थीको मानसिक स्वास्थ्यमा निकै समस्या आउन थालेको छ। ‘बुलिङ’को समस्या बढ्दो छ। तर, युवा विद्यार्थीका यस्ता समस्यामा हाम्रा विद्यार्थी संगठन कति सचेत छन् ? तिनले यी मुद्दामा कति काम गरे ? समाधानका निम्ति के-के योजना अघि सारे त ?

यदि हाम्रा विद्यार्थी नेता र विद्यार्थी संगठन यी मुद्दामा सचेत छैनन् भने यिनको औचित्य सकियो। यसमा थप छलफल आवश्यक छैन।

@MilanPandey

३ प्रश्न

राजनीतिक विश्लेषक **हरि रोका**लाई



नयाँ राष्ट्रपति निर्वाचनलाई कसरी हेर्नुभएको छ ?

यो निर्वाचन कर्मकाण्डीजस्तो देखियो। निर्वाचनअघि नै रामचन्द्र पौडेलको जित लगभग सुनिश्चितजस्तै देखिएको थियो। राप्रपाले पहिले नै मत नदिने या बहिष्कार गर्ने भनिसकेको थियो। रास्वपाले अन्तिम क्षणमा आएर सत्तानिकट हुन मौकापरस्त निर्णय गर्छ भन्ने पनि लगभग अनुमान गरिएकै विषय थियो।

यो निर्वाचनको परिणामले कस्तो सन्देश दिएको छ ?

यो निर्वाचन परिणामले देशमा तीव्र राजनीतिक ध्रुवीकरण हुन सक्ने सम्भावना देखाएको छ। एमालेको निर्वाचन ‘पार्टनर’ राप्रपाले निर्वाचन प्रक्रिया ‘बहिष्कार’ गरेको छ। ०६२/६३ को आन्दोलनदेखि नै केपी ओलीको जुन रुझान थियो, राप्रपा र एमालको अहिलेको गठजोडको बाटो पनि त्यही देखिँदै छ। ढिलोचाँडो अब एमाले राप्रपाको ‘लाइन’मा पुग्न सक्छ।

विगतका राष्ट्रपतिको भूमिका विवादित बनिरहेको समयमा नयाँ राष्ट्रपतिबाट कस्तो भूमिकाको अपेक्षा गर्न सकिन्छ ?

विगतका दुवै राष्ट्रपति बढी नै राजनीतिक हुनुभयो। उहाँहरूले पटकपटक संवैधानिक सीमा नाघ्नुभयो। त्यसैले, अबका राष्ट्रपतिबाट संवैधानिक सीमा ननाघिदिए राम्रो हुन्थ्यो। उहाँ बढी राजनीति गर्नतिर नलागिदिए जाती हुन्थ्यो। विगतका दुवै राष्ट्रपतिले बढी हिन्दूवादी भूमिका निभाउनुभयो। नयाँ राष्ट्रपतिले सबै धर्मलाई समान व्यवहार गरिदिनुभए हुन्थ्यो। यतिखेर हाम्रो देश र सिंगो विश्व नै आर्थिक संकटको डिलमा छ। यस्तो अवस्थामा आर्थिक रूपान्तरणको बाटोमा देशलाई अघि बढाउन उहाँले सबै दलहरूबिच समन्वयकारी भूमिका निर्वाह गर्न सक्नुभयो भने संविधानले भनेअनुसार लोककल्याणकारी आर्थिक नीति निर्माणमा सहयोग पुग्न सक्छ।

प्रेरक प्रसंग

शास्त्रीको सादापन

लालबहादुर शास्त्री सादा जीवन उच्च विचारका लागि विख्यात छन्। त्यतिखेर शास्त्री भारतका रेलमन्त्री थिए। एकपटक उनी व्यक्तिगत कामले कतै जाँदै थिए। उनी व्यक्तिगत काममा कतै जाँदा सरकारी सेवा सुविधामा पाएको सवारीसाधन प्रयोग गर्दैनथे। त्यस्तो वेलामा उनी सार्वजनिक सवारीसाधनकै प्रयोग गर्ने गर्थे।



एकपटक आफ्नो व्यक्तिगत काममा उनी रेलयात्रा गर्दै थिए। सहयोगीले उनका लागि पहिलो श्रेणीको डब्बाको टिकट ल्याइदिएका थिए। तर, जब उनी आफ्नो टिकटअनुसारको डब्बामा पुगे, उनले आफ्नो सिटमा एकजना बिरामी सुतिरहेको देखे। उनलाई ती बिरामीलाई हटाएर आफू त्यहाँ बस्न ठीक लागेन। त्यसपछि उनले ती बिरामीसित उनको टिकट मागे र आफ्नो टिकट उनलाई दिए। अनि, ती बिरामीको टिकटअनुसारको तेस्रो श्रेणीमा गएर बसे। उनलाई निद्रा लागिरहेको हुनाले एउटा कम्बल ओढेर उनी सुते। एकैछिनमा उनी भुसुक्क निदाए।

केहीबेरपछि टिकट निरीक्षक आए। यात्रु सुतिरहेको देखेपछि उनले हप्काउँदै उनलाई उठाए। निरीक्षकको आवाज सुनेर शास्त्री ब्युँझिए। शास्त्रीलाई देख्नासाथ ती टिकट निरीक्षकको सातो गयो। होचा कदका रेलमन्त्री शास्त्रीलाई उनले चिनिहाले। उनले हत्तपत्त माफी माग्दै उनलाई पहिलो श्रेणीको डब्बामा पुऱ्याइदिने बताए। उनको त्यस्तो आग्रहपछि शास्त्रीले भने, ‘अरे भाइ, तपाईं किन मेरो निद्रा बिथोल्दै हुनुहुन्छ ? मलाई मजाले सुत्न दिनुहोस्। मलाई निद्रा लागिरहेको छ।’ यति भनेपछि शास्त्री फेरि कम्बल ओढेर सुते।

टिप्पणी nayapatrikaofficial @naya_patrika

पौडेललाई हार्दिक बधाई

गणतन्त्र नेपालको राष्ट्रपति पदका लागि भएको निर्वाचनबाट कांग्रेस नेता रामचन्द्र पौडेल निर्वाचित भएका छन्। उनले विगतका राष्ट्रपतिहरूले जस्तो संविधानलाई आफूखुसी मिच्ने काम नगरून्। संविधानका अक्षर र भावनाअनुसार आफ्नो दायित्व पूरा गरून्। विगतमा झैं नयाँ राष्ट्रपतिले अमूक प्रधानमन्त्रीको सहयोगीको जस्तो भूमिका निर्वाह नगरून्। संविधानतः गर्नैपर्ने दायित्वबाट पछि नहटून् र संविधानले गर्नू नभनेका विषयमा अघि नसरून्। संविधानको रक्षा गर्ने कार्यमा उनले आफ्नो भूमिका केन्द्रित गरून्। नवनिर्वाचित राष्ट्रपतिलाई हार्दिक बधाई तथा शुभकामना छ।

● **सौगात राई**, बागबजार, काठमाडौं

चरम जातीय विभेदको नमुना

कम्युनिस्ट पार्टीका जिल्ला सचिव तथा गाउँपालिकाका निर्वाचित अध्यक्षजस्ता जिम्मेवार व्यक्तिले आफ्नो घरमा आयोजित भोजमा जातिगत रूपमा पर्चा टाँसेर खाना खाने ठाउँ अलग गर्नु चरम जातीय विभेदको नमुना हो। संविधानतः कसैमाथि पनि जातीय विभेद गर्न पाइन्न। तिनै जनताद्वारा निर्वाचित जनप्रतिनिधिले नै यसरी व्यवहारमै छुवाछुत तथा जातीय विभेद गर्नु गम्भीर घटना हो। सिराहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादव र उनका सहयोगीलाई पक्राउ गरी तत्काल कारबाही गरियोस्।

● **अमृत कुशवाह**
जलेश्वर, महोत्तरी

जनप्रतिनिधिबाटै जातीय विभेद ?

जनप्रतिनिधि भनेको आफ्नो क्षेत्रका जनताबाट चुनिएको व्यक्ति हो। त्यस्तो व्यक्तिले आफ्नो क्षेत्रका जनतालाई समान व्यवहार गर्नुपर्छ र त्यहाँ कुनै पनि भेदभाव हुन्छ भने त्यसविरुद्ध खरो रूपमा उत्रिएर भेदभाव गर्नेलाई कानुनी कारबाही गर्न सघाउनुपर्छ। तर, सिराहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आफू जनप्रतिनिधि भएर पनि आफ्नै जनतामाथि गम्भीर जातीय विभेद गरेका छन्। उनको यो कार्य घोर दण्डनीय छ। उनीमाथि छानबिन गरी कडाभन्दा कडा कारबाही गरियोस्।

● **सरोजिनी कायस्थ**
कालिमाटी, काठमाडौं

खराब कर्जाको दबाब

हालैको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुली अति सुस्त र खराब कर्जाको प्रतिशत दोब्बरले बढेको देखिन्छ। जुन अत्यन्तै चिन्ताजनक विषय हो। गत वर्ष वाणिज्य बैंकहरूको खराब कर्जा प्रतिशत औसतमा केवल १.३१ प्रतिशत थियो, जुन हाल बढेर २.६० पुगेको छ। अराजक स्थिति यस्तै रहिरह्यो, कर्जा तिनुपर्दैन भन्ने गलत अभिव्यक्ति सडकमा यसरी नै आइरहे, कर्जाको ब्याजदर नघटे र कर्जा असुलीका लागि ऋणीहरूको तस्बिर छाप्न नपाइने नीति यथावत् रहेमा बैंकहरूको कर्जा असुली नहुने र खराब कर्जाको प्रतिशत झनै बढेर जाने निश्चत छ।

यसमा राष्ट्र बैंक र अन्य सरोकारवाला निकाय मौन भएर बस्ने हो भने खराब कर्जाको प्रतिशत बढेर नेपालका बैंक वित्तीय संस्थाहरू अझै नाजुक अवस्थामा पुग्ने र कुनै पनि वेला बैंकसमेत डुब्ने निश्चित छ। यसर्थ, बैक, लघुवित्त तथा सहकारीको कर्जा नतिर्नू, माग्न आए लखुटेनू , कालोमोसो दल्नू, निक्षेप जम्मा नगर्नू भनेर दिइने उत्तेजक भाषणलाइ वेलैमा सरकार र राष्ट्र बैंकले कडाइसाथ नियन्त्रण गर्नुपर्छ। यस्तो भाषण दिएर जनमानसलाई भड्काउने दुर्गा प्रसाईंहरूलाइ पक्राउ गर्नुपर्छ। होइन भने त्यस्ता उत्तेजक भाषण र व्यवहारले सबै बैंक तथा वित्तीय संस्था संकटमा पर्छन्।

बैंकहरूले पनि कर्जाको ब्याजदर घटाउने, संकटको यो वेला लाभांश वितरण कम गर्ने, सिइओ र सञ्चालकहरूको तलब, भत्ता र सुविधा कम गरेर ऋणीलाई राहत दिने काम गर्नुपर्छ। सधैं बैंकहरू मनग्य नाफामै जानुपर्छ भन्ने मान्यता राख्नुहुन्न। बैंकमा राखेको पैसा आमजनताको हो। बैंक डुब्नु भनेको जनताको पैसा डुब्नु हो।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

किन सुस्त छ भारतको सौर्य ऊर्जा विस्तार योजना ?

सौर्य प्यानलको घरेलु उत्पादनलाई बढावा दिन भारत सरकारले चिनियाँ प्यानलमा ४० प्रतिशत आयात शुल्क लगाएको छ

देश/विदेश

भर्खरै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जर्मनीका चान्सलर ओलाफ सोल्जसँग भर्चुअल भेट गरे। उनीहरूको शीर्ष कार्यसूची भारतको हरित ऊर्जा लक्ष्य थियो। गत मेमा बर्लिनमा जर्मन चन्सलरले भारतलाईसन् २०३० सम्ममा ५०० गिगावाट गैरजीवाश्म ऊर्जा (विद्युत्) उत्पादन गर्ने उसको महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न १० अर्ब युरो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। अहिले भारतको कुल विद्युत् उत्पादन क्षमता ४११ गिगावाट छ भने यसमा नवीकरणीय ऊर्जाको हिस्सेदारी १२१ गिगावाट रहेको छ। नवीकरणीय ऊर्जाको यो आँकडा बर्लिनमा सोल्ज र मोदीबीच भेट हुँदा ११३ गिगावाट थियो, जसमा त्यसयता सात गिगावाटको बढोत्तरी भएको छ।

तर यो प्रगतिमा एउटा ठूलो समस्या छ। सन् २०२२ सम्ममा भारतको जडित सौर्य ऊर्जा उत्पादन क्षमता ६३ गिगावाट रहेको थियो। यसले गतवर्षको १४ गिगावाटको वृद्धिलाई पनि प्रतिनिधित्व गर्छ, यद्यपि यो सरकारको १०० गिगावाटको लक्ष्यभन्दा निकै कम हो। भारतको महत्त्वकांक्षामा सौर्य ऊर्जाको महत्त्वलाई हेर्दा यो अशुभ लक्षण हो। सन २०३० सम्म नवीकरणीय ऊर्जा उत्पादन ५०० गिगावाट पुऱ्याउने भारतको लक्ष्यमा २८९ गिगावाट सौर्य ऊर्जाको हुने भनिएको छ।

सबैभन्दा ठूलो अभाव छतमा राख्ने प्यानलको छ। जबकि सरकारले कुल सौर्य उत्पादन क्षमताको ४० प्रतिशत रुफटप अर्थात् छतमा सोलार प्यानल राखेर उत्पादन गर्ने लक्ष्य राखेको छ। समग्रमा सौर्य ऊर्जा उत्पादन क्षमतामा अभिवृद्धिले गति लिएको भए पनि छतमा सौर्य ऊर्जा प्यानल जडानको गति भने लगभग ठप्पको स्थितिमा पुगेको छ। भारतको सौर्य ऊर्जा उत्पादनको केवल सानो अंश आठ गिगावाट मात्रै रुफटप इन्स्टलेसनको छ। यी पनि सर्वसाधारणका घरको छतबाट भन्दा पनि उच्च महसुल तिर्नुपर्ने कार्यालय वा कलकारखानाका छतमा जडित सौर्य प्यानलबाट उत्पादन हुन्छ।

तीनवटा कारणले भारतीयहरूलाई सौर्य ऊर्जा प्यानल आफ्ना घरको छतमा जडान गर्न निरुत्साहित गरिरहेको छ। पहिलो, यसका लागि आवश्यक नगद र प्राविधिक ज्ञानसमेत भएका सहरी क्षेत्रका बासिन्दासँग पहिले नै भरपर्दो ग्रिड छ भने तिनका घरका छत पनि अरू नै कुराले ओगटिसकेको छ। सहरी छतहरू स्याटेलाइटका डिस, पानी ट्यांकी वा अन्य निजी प्रयोगमा छन्। साना आकारका नवीकरणीय ऊर्जा उपकरण जडानका लागि उपयुक्त लगानीको अभाव अर्को ठूलो अवरोध हो। सामान्यतः घरपरिवारलाई पर्याप्त हुने पाँच किलोवाट सोलार युनिटको जडान लागत कम्तीमा दुई लाख ५० हजार भारतीय रुपैयाँ (लगभग तीन हजार अमेरिकी डलर) छ। जबकि मुम्बईजस्ता महँगा सहरमा पनि मासिक औसत घरायसी विद्युत् खपतको बिल (महसुल) पाँच हजार बिरलै कट्छ। आकर्षक लाभ नदेखिँदा भारतीय घरपरिवारले हरित ऊर्जातर्फ संक्रमण हुन रुचि देखाएका छैनन्। यस्तै ऊर्जा कम्पनीहरू पनि रुफटप सौर्य प्यानललाई प्रवर्द्धन गर्नुमा लाभ देखिरहेका छैनन्। यसले नेट मिटरिङको आधारमा काम गर्छ। छतमा जडित प्यानलबाट ग्रिडमा आपूर्ति भएको एकाइबराबरको बिजुलीको मूल्य उक्त घरले उपयोग गरेको विद्युत्को महसुलमा घटाइन्छ। त्यसैले धेरै महसुल तिर्ने घरपरिवार मात्र छतमा प्यानल जडान गर्न तयार हुन्छन्। अरूले यसलाई विशुद्ध घाटाका रूपमा लिन्छन्।

त्यसैले अहिले भारतका केन्द्र र राज्य सरकारहरू रुफटप सोलारका अनुदान एवं प्रोत्साहनलाई पुनः व्यवस्थित गर्ने तरिकाहरूको प्रयोग गरिरहेका छन्। दिल्लीको छिमेकी राज्य हरियाणा सौर्य प्यानलहरू छतमा राख्न नयाँ भवनहरूको खोजीमा छ। झारखण्डमा निम्न आय भएका घरपरिवारलाई निःशुल्क रूपमा रुफटप सोलार दिलाउन केन्द्रीय सरकारको अनुदानलाई समायोजित गर्नेतर्फ सोचविचार गरिरहेको छ। दिल्लीस्थित थिंक ट्यांक सेन्टर फर पोलिसी रिसर्चकी अश्विनी स्वेन भारतले यस्ता विभिन्न नीति उपाय विकास गरिरहेको बताउँछिन्। ‘यदि सबै नीति साकार भए भने हामीले लक्ष्यलाई पक्कै पार गर्नेछौं,’ उनले भनिन्।



संरक्षणवाद अर्को अवरोध हुनेछ। घरेलु उत्पादनलाई बढावा दिन सरकारले चिनियाँ प्यानलमा ४० प्रतिशत आयात शुल्क लगाएको छ। अधिकांश सौर्य परियोजनामा प्रयोग हुने प्यानल भारतीय प्यानल निर्माताद्वारा अनुमोदित सूचीबाट प्राप्त गरेको हुनुपर्ने व्यवस्था गरिएको थियो। यो क्षेत्रमा भारतको चीनमाथिको निर्भरता घटाउनु बुद्धिमानी नै देखिन्छ। भारतमा ४३४ मेगावाट सौर्य ऊर्जा उत्पादनमा लगानी गरेको कम्पनी थोमस एल्लोएडीकी नन्दिता सेहगल भन्छिन्, ‘सबल घरेलु उत्पादन हुँदा भारतले प्रक्षेपण गरेको जडित क्षमता स्थापना गर्न सजिलो हुनेछ। तर, अहिलेका लागि सौर्य प्यानलको घरेलु उत्पादनले मागअनुसार गति लिन सकिरहेको छैन।’

ऊर्जामन्त्री आरके सिंहले यसै महिनाको सुरुमा भनेका थिए, ‘घरेलु प्यानल उत्पादकबाट स्वीकृत सोलार परियोजनाहरूलाई चाहिने प्यानलहरू आपूर्ति गर्नसमेत सात वर्ष लाग्नेछ। तर, हामी सात वर्ष कुर्न सक्दैनौं।’ त्यसैले सरकारले अहिले आफ्नो खरिद नियमावलीलाई दुई वर्षका लागि खुकुलो बनाएको छ। यसअनुसार भारतसँग स्वतन्त्र व्यापार सम्झौता भएका दक्षिणपूर्वी एसियाली देशबाट सौर्य प्यानलहरू आयात गर्न अनुमति दिएको छ। यो पुनरावलोकनपछि पनि चिनियाँ प्यानलहरूमा लगाइएको महसुल वृद्धि भने कायमै राखिएको छ।

- द इकोनोमिस्टबाट

अफगानिस्तान महिला अधिकारका दृष्टिले विश्वकै दमनकारी

तीन करोड ८० लाख अफगानीमध्ये आधाभन्दा बढीले भोकमरीको सामना गरिरहेका छन्, करिब ४० लाख बालबालिका कुपोषणबाट ग्रस्त छन्



राष्ट्रसंघले तालिबान सरकारको अधीनमा रहेको अफगानिस्तान महिला अधिकारका लागि 'विश्वको सबैभन्दा दमनकारी देश' रहेको र यहाँका अधिकारीहरूले महिला र केटीहरूलाई उनीहरूको घरमै सीमित रहन बाध्य पारेको जनाएको छ। अन्तर्राष्ट्रिय समुदायलाई अफगानिस्तानको सुरक्षा गर्न आह्वान गर्दै करिब २० महिलाले बुधबार काबुलको सडकमा एउटा दुर्लभ प्रदर्शन गरे। तालिबान सरकारले इस्लामको कठोर व्याख्यालाई परिपालना गर्छ। त्यसैले उसले सन् २०२१ को अगस्टमा सत्तापलट गरेदेखि केटी र महिलामाथि थुप्रै प्रतिबन्ध लगाएको छ।

'अफगानी महिला र केटीहरूलाई सार्वजनिक क्षेत्रबाट बाहिर राख्ने तालिवानको योजनाबद्ध र व्यवस्थित प्रयास देख्दा दुःख लागेको छ,' अफगानिस्तानस्थित संयुक्त राष्ट्रसंघीय नियोगकी प्रमुख रोजा ओतुनबायेभाले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा भनिन्। अफगानिस्तानले विश्वको सबैभन्दा ठूलो मानवीय र आर्थिक संकटको सामना गरिरहेको वेला महिलामाथिको दमन 'राष्ट्रिय आत्मसम्मानमा क्षतीको कार्य' भएको संयुक्त राष्ट्रसंघीय मिसनले टिप्पणी गरेको छ। तालिबान अधिकारीहरूले महिलालाई सबैखाले सरकारी सेवाबाट बेदखल गरेका छन्। र, महिला कर्मचारीलाई घरमै बस्न बाध्य पारेका छन्। महिलाहरूलाई पार्क, मनोरञ्जनस्थल जिम, र सार्वजनिक नुहाउने स्थानमा जानबाट पनि रोक लगाइएको छ। सार्वजनिक स्थानमा हिँडडुल गर्दा बुर्का लगाएर अनुहार छोप्न आदेश दिइएको छ।

तर, सबैभन्दा ठूलो दमन किशोरी र विश्वविद्यालयका छात्रामाथि भएको छ। अधिकारीहरूले उनीहरूलाई माध्यमिक विद्यालय र उच्च शिक्षाका संस्थानहरूमा जानबाट रोक लगाएका छन्। गिरफ्तारी, हिंसा र सामाजिक कलंकको जोखिम मोलेर केही महिलाहरूले भने प्रतिबन्धविरुद्ध छिटपुट विरोध प्रदर्शन गरिरहेका छन्। तर, तालिबान सरकारका अधिकारीहरूले प्रायः उनीहरूलाई तत्काल तितरबितर पार्ने गरेको छ। 'राष्ट्रसंघले अफगानिस्तानी जनताको भाग्यबारे निर्णायक र गम्भीर निर्णय लिने समय आएको छ,' काबुल च्यालीमा प्रदर्शनकारीहरूमध्ये एकले भनिन्। कुनै पनि देशले आधिकारिक रूपमा तालिबान सरकारलाई अफगानिस्तानको वैध शासकको मान्यता दिएका छैनन्। उनीहरूले महिलाहरूको शिक्षाको अधिकारलाई सहायता र मान्यताको पूर्वसर्त बनाएका छन्। अहिले देशका तीन करोड ८० लाख मानिसमध्ये आधाभन्दा बढी भोकमरीको सामना गरिरहेका छन्। करिब ४० लाख बालबालिका कुपोषणबाट ग्रस्त रहेको सहायता एजेन्सीहरूले बताएका छन्। गत वर्षको अन्त्यतिर तालिबान नेतृत्वले अफगान महिलालाई गैरसरकारी संस्थाहरूसँग काम गर्न प्रतिबन्ध लगाएपछि धेरैजसो सहायता एजेन्सीहरूले आफ्ना कामकारबाही स्थगित गर्नुपर्ने परिस्थिति उत्पन्न भयो र संकट थप गहिरो भयो। तालिबान सत्तामा फर्किएपछि अफगानिस्तानको सम्पत्ति अमेरिकाले रोक्का गरेसँगै वैदेशिक सहायतामा पनि नाटकीय रूपमा गिरावट आएको छ, जसले संकटलाई गम्भीर बनाएको छ। अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघकी महिला विशेष प्रतिनिधि एलिसन डेभिडियनले सरकारको कट्टर स्लामिक नीतिले 'सम्पूर्ण अफगानिस्तानलाई असर गरेको र यसको प्रभाव पुस्तौं प्रतिध्वनित हुने' बताइन्।

-एजेन्सी

> सन् २०२१ को अगस्टमा सत्तापलट गरेदेखि तालिबानले महिलामाथि थुप्रै प्रतिबन्ध लगाएको छ। महिलालाई पार्क, मनोरञ्जनस्थल जिम, र सार्वजनिक स्नानागारलगायतका स्थानमा जान रोक लगाइएको छ। सबैभन्दा ठूलो दमन किशोरी र विश्वविद्यालयका छात्रामाथि भएको छ।

इतिहासमा आज



सन् १९९४ : अभिनेत्री एवं अभियन्ता मेलिना मर्कौरीको अन्त्येष्टिमा १० लाख ग्रिसेलीको सहभागिता।

सन् १९९० : अमेरिकाले नेभेडास्थित परीक्षण स्थलमा आणविक परीक्षण गऱ्यो।

सन् १९६० : सोभियत संघ आणविक परीक्षण रोक्न सहमत।

सन् १९५९ : चीनले अपहरण गर्ने डरले तीन लाख तिब्बतीले दलाई लामाको दरबारलाई घेरेर राखे। ल्हासाको यो विद्रोहले तिब्बतीयन विद्रोहलाई चर्कायो।

सन् १९५२ : क्युबामा जनरल फुल्जेन्सियो बाटिस्टाको नेतृत्वमा सैन्य कु भयो। उनलाई चे ग्वेभेरा नेतृत्वको शसस्त्र क्रान्तिले सन् १९५९ मा सत्ताच्यूत गरेको थियो।

सन् १९१० : गणतन्त्र चीनले औपचारिक रूपमा दासप्रथा उन्मूलन गऱ्यो।

विश्व संक्षेप

युक्रेनमा रुसको हवाई हमला

किभ/ रुसले युक्रेनका ओडेसा, खार्किभ, डिनेप्रो, जापोरेझाजियालगायत १० भन्दा धेरै क्षेत्रलाई लक्षित गर्दै भारी हवाई आक्रमण गरेको छ। यी क्षेत्रलाई निसाना बनाएर ६ वटा हाइपरसोनिक किन्जल ब्यालेस्टिक मिसाइलसहित ८१ मिसाइल प्रहार गरेको युक्रेनको सेनाले जनाएको हो। यो व्यापक हमला युक्रेनका महत्त्वपूर्ण पूर्वाधारलाई निसाना बनाएको त्यहाँको सेनाले बताएको छ। रुसले महिनौंदेखि यी क्षेत्रमा क्षेप्यास्त्र र ड्रोन हमला गरेर पानी र बिजुली आपूर्ति अवरुद्ध गरिरहेको थियो। क्षेत्रीय अधिकारीहरूबाट आएको प्रारम्भिक जानकारीअनुसार पछिल्लो आक्रमणमा कम्तीमा ११ सर्वसाधारणको मृत्यु भएको र २० भन्दा धेरै घाइते भएका छन्। तर, हताहतीको पुष्टि भने भइसकेको छैन।

खार्किभका गभर्नर ओलेग सिनेगुबोभले यी क्षेत्रका महत्त्वपूर्ण पूर्वाधारमा १५ पटक हमला भएको बताए। प्रारम्भिक जानकारीअनुसार खार्किभ क्षेत्रको एउटा निजी आवासीय भवनमा आक्रमण भएको छ। आक्रमणको क्षति एवं हताहतीबारे विवरण संकलन भइरहेको उनले बताए। खार्किभ नगरका प्रमुख इगोर तेरेखोभले ऊर्जा पूर्वाधारमा आक्रमण भएको जनाउँदै विद्युत् आपूर्तिमा समस्या भएको बताए। ओडेसा क्षेत्रका गभर्नर म्याक्सिम मार्चेनकोले पनि आक्रमणबाट ऊर्जा क्षेत्रका पूर्वाधार तथा आवासीय भवनमा क्षति भएको बताएका छन्। स्थानीय सैन्य प्रशासनका अनुसार किभ क्षेत्रमा हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारिएको छ। पश्चिमी खेमेलेन्स्की क्षेत्रका गभर्नर सेइगे गमालीले देशका महत्त्वपूर्ण पूर्वाधारमा रुसी आक्रमण जारी रहेको बताउँदै त्यहाँका बासिन्दालाई घरबाहिर ननिस्किन तथा सावधानी अपनाउन आग्रह गरेका छन्।

तीन प्यालेस्टाइनीको मृत्यु

रामल्लाह/ इजरायली सेनाको गोली लागेर बिहीबार वेस्ट बैंक सहरको दक्षिणस्थित जाबा गाउँमा तीन प्यालेस्टाइनीको मृत्यु भएको छ। प्यालेस्टाइनी सुरक्षा स्रोत र प्रत्यक्षदर्शीहरूले जनाएअनुसार इजरायली सेनाले प्यालेस्टाइनीहरू चढेको गाडीलाई लक्षित गरी गोली चलाउँदा दुर्वैतर्फबाट गोली हानहान भएको र तीन प्यालेस्टाइनीको मृत्यु भएको हो। इजरायली सेनाले एक विज्ञप्ति जारी गर्दै आफ्ना सैनिकमाथि आक्रमण गर्न खोज्ने संदिग्धहरूलाई पक्राउ गर्न जाबा गाउँमा छापा मारेको र संदिग्धहरूले इजरायली सेनामाथि गोली प्रहार गरेपछि जवाफी कारबाहीमा तीन प्यालेस्टाइनीको मृत्यु भएको बताएको छ।

तीन देशबीच पनडुब्बी सम्झौता हुँदै

वासिंटन/ प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावलाई दृष्टिगत गरी अस्ट्रेलिया, अमेरिका र बेलायतका शीर्ष नेताबीच आगामी साता भेटवार्ता हुने भएको छ। सुरक्षा र विदेश नीतिबारे छलफल गर्ने उद्देश्यले हुन लागेको उक्त भेटवार्तापछि त्रिदेशीय परमाणु पनडुब्बी सम्झौता हुने अपेक्षा गरिएको सम्बद्ध अधिकारीहरूले बताएका छन्। यस सम्बन्धमा अस्ट्रेलिया, अमेरिका र बेलायतबीच १८ महिना वार्ता भएको थियो। आगामी वार्तामा अस्ट्रेलियाले आठवटा आणविक पनडुब्बी प्राप्तिको योजना प्रस्तुत गर्ने बताइएको छ। प्रधानमन्त्री एन्थोनी अल्बानिजले देशको इतिहासमा आणविक पनडुब्बी प्रतिरक्षा क्षमता अभिवृद्धिका निम्ति महत्त्वपूर्ण हुने बताएका छन्। पनडुब्बी सम्झौता अस्ट्रेलिया, बेलायत र अमेरिकाबीचको नयाँ क्षेत्रीय सम्झौता (एयुकेयुएस)को एक हिस्सा हो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, सितापुर गा.वि.स. वडा नं. ७ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. २५२ को क्षेत्रफल ०३६.६८ व.मि.को जग्गा।
२.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११६६ र १०२० को क्षेत्रफल क्रमशः ०-१-० र ०-१-४ (विगाह) को घर/जग्गा।
३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०१६, १०२९ र १०३० को क्षेत्रफल क्रमशः ०-०-५, ०-०-५$^{१/२}$ र ०-०-५$^{१/२}$ (विगाह) को घरजग्गा।
४.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-१-४ (विगाह) को जग्गा।
५.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, बाजेश्वरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं १४ को क्षेत्रफल २७० व.मि.को घरजग्गा।
६.	यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगातमा दर्ता कायम रहेका काठमाडौं जिल्ला, थलीडाँछी गा.वि.स. वडा नं. ९/ञ (हाल काजेश्वरी मनोहरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६८१, ६८२, १८३५, ६८३, ६८४ र १९० को क्षेत्रफल क्रमशः ०-६-०-०, ०-६-०-०, ०-२-२-०, १-६-२-०, ०-६-०-०, ०-६-०-० र १-११-०-० (रोपनी) को जग्गा।
७.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २६६८ को क्षेत्रफल ०-१४-०-२ (रोपनी) को घरजग्गा।
८.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ३७६७ र ३७६८ को क्षेत्रफल क्रमशः ०-१२-०-० र ०-११-३-१ (रोपनी) को जग्गा।
९.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय, तैलिहवा, कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, सिंहोरखोर गा.वि.स. वडा नं. ४क (हाल यसोधरा गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १६६ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा।
१०.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगातमा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स. वडा नं. ८ ख (हाल गुलरिया न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५२६४ को क्षेत्रफल १-७-१५-० (विगाह) को जग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ८/क (हाल चन्द्रनगर गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०८४ र १२९३ को क्षेत्रफल क्रमशः ०-३-८ र ०-४-० (विगाह) को जग्गा।
१२.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः ०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ८/क (हाल चन्द्रनगर गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०८८, १०९०, १०७७ र १५३७ को क्षेत्रफल क्रमशः ०-०-९$^{१/२}$, ०-०-४$^{३/४}$, ०-०-२$^{३/४}$ र ०-०-४$^{१/४}$ (विगाह) को जग्गा।
१४.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगातमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ (हाल जनकपूरधाम उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. २५५ को क्षेत्रफल ३३८.८० (व.मि.) को जग्गा।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगातमा दर्ता कायम रहेको, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. ९३ र ९५ को क्षेत्रफल क्रमशः १४२.२० र ११.५० (व.मि) को घरजग्गा।
१६.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय लाहान, सिराहाको लगातमा दर्ता कायम रहेको सिराहा जिल्ला, नैनपुर गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. १८९६ र २४६ क्षेत्रफल क्रमशः ०-१-३.२५ र ०-९-१० (विगाह) को जग्गा।
१७.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्धघाट सुस्ता पश्चिम) को लगातमा दर्ताकायम रहेको नवलपरासी (बर्धघाट सुस्ता पश्चिम) जिल्ला, सुकरौली गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १०) स्थितकित्ता नं. १४२७ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, खैरमारासोर गा.वि.स. वडा नं. ९ रू (हाल ईश्वरपुर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ५३३, ५३४ र ३१३ को क्षेत्रफल क्रमशः ०-०-१५, ०-०-१५ र ०-१-० (विगाह) को जग्गा।
१९.	यस बैकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगातमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ९ (हाल फुङलिङ न.पा. वडा नं. १) स्थित कित्ता नं. ३३६ र २१२ को क्षेत्रफल क्रमशः ११-८-२-१ र ९-६-१-१ (रोपनी) को जग्गा।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगातमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय, ताप्लेजुङको लगातमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७६७, ७६८, ४२६ र ६२० को क्षेत्रफल क्रमशः १-१५-१-०, ०-११-१-१, ६-७-३-१ र ०-१०-०-२ (रोपनी) को जग्गा।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय, ताप्लेजुङको लगातमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, हाङदेवा गा.वि.स. वडा नं. ४ (हाल फुङलिङ न.पा. वडा नं. २) स्थित कित्ता नं. २५३ र ३२७ को क्षेत्रफल क्रमशः ५-३-०-० र १३-५-२-१ (रोपनी) को जग्गा।
२४.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ (हाल भद्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३७, १२३ र ११७ को क्षेत्रफल क्रमशः २५२.५९, २५४ र २२८.५५ (व.मि.) को जग्गा।
२५.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ८ख स्थित कित्ता नं. २२५० को क्षेत्रफल ०-१-१० (विगाह) को घर/जग्गा।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.१५ स्थित कित्ता नं. २ को क्षेत्रफल ४४८ व.मि.को घरजग्गा।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १११९८ र १११९६ को क्षेत्रफल क्रमशः ०-४-३-३ र ०-५-०-२ (रोपनी) को जग्गा।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. २) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमशः १-३-१२-० र ०-१८-१५-० (विगाह) को जग्गा।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा, नवलपरासी जिल्ला, मन्मखरिया गा.वि.स. वडा नं. १रू (हाल रामग्राम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५०४ को क्षेत्रफल ०-३-१६$^{१/२}$ (विगाह) को जग्गा र नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१६ को क्षेत्रफल ०-६-५-० (विगाह) को जग्गा।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ५रू (हाल बर्दघाट न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३४ र २२३ को क्षेत्रफल क्रमशः ०-७-१२-० र ०-१७-२-० (विगाह) को जग्गा।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय, परासी नवलपरासीको लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बन्जरिया गा.वि.स. वडा नं ९रू (हाल रामग्राम न.पा.वडा नं. ५) स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-५-५-० (विगाहा) को घर/जग्गा।
३३.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्धघाट, सुस्ता पश्चिम) को लगातमा दर्ता कायम रहेको जिल्ला, नवलपरासी जिल्ला सोमनी गा.वि.स. वडा नं. ६ क (हाल प्रतापपुर गा.पा. वडा नं.३) स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-१-० (विगाह) को घर/जग्गा।



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४. माथि उल्लेखित लोकेशन नम्बाप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नवस्रा, फिल्ड नवस्रा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमुले नै चकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनेछ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

जलविद्युत् आयोजनालाई सुरक्षाको ग्यारेन्टी

जलविद्युत् क्षेत्र नेपाली अर्थतन्त्रलाई समृद्ध बनाउने प्रमुख आधार हो, यसमाथिको आक्रमण सह्य हुँदैन



अर्थ संवाद

● कृष्णप्रसाद आचार्य

अध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)

गत महिना लमजुङ र गोरखा जिल्लाको सीमा क्षेत्रमा निर्माणाधीन चम्पावती हाइड्रोपावर कम्पनी प्रालिको ७ मेगावाटको चेपे ए जलविद्युत् आयोजनामा स्थानीयबाट आक्रमण तथा तोडफोड भयो । त्यसक्रममा स्थानीयले आयोजनाअन्तर्गतका दुईवटा जेनेरेटर, दुईवटा मोटरसाइकल, दुईवटा ट्रक र स्टोरमा आगजनी गरे । साथै, आयोजनाको कार्यालय भवन पनि तोडफोड गरिएको थियो । त्यसबाट आयोजनामा झन्डै ३३ करोड रूपैयाँबराबरको क्षति भयो ।

त्यसको ३ महिना नबित्दै गत १५ फागुनमा सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका-३ स्थित सीता हाइड्रोपावर प्रालिले निर्माण गरिरहेको ३५ मेगावाटको न्यासिम खोला जलविद्युत् आयोजना स्थलमा पनि स्थानीय समूहले आगजनी, तोडफोड तथा कर्मचारीमाथि सांघातिक आक्रमण गरे । प्रवर्द्धक कम्पनीका अनुसार आक्रमणबाट आयोजनाको आवासीय भवन, विद्युत् गृह, सुरुङलगायतका क्षेत्रमा ठूलो क्षति भएको छ । सो समूहले क्रसरमा आगजनी गर्नुका साथै ट्रिपर, स्काइभेटरसमेत तोडफोड गरेका थिए । साथै, आक्रमणबाट इन्जिनियरसहित सातजना घाइते भएका थिए । त्यसबाट झन्डै आयोजनामा १२ करोड रूपैयाँबराबरको क्षति भएको थियो ।

नेपालमा जलविद्युत् आयोजनामा स्थानीयबाट हुने आक्रमणमा यी त पछिल्ला नयाँ उदाहरण मात्रै हुन् । नेपालमा निर्माणाधीन तथा सञ्चालित आयोजनामा पहिलादेखि नै स्थानीय तथा विभिन्न संगठनबाट आक्रमण भइरहेको छ । विगतदेखि नै जलविद्युत् आयोजनाहरूले यस्ता थुप्रै अप्रिय घटनाहरूको सामना गरिरहनुपरेको छ ।

विभिन्न बहानालाई आधार बनाएर आयोजनामा गम्भीर क्षति पुऱ्याउने तथा प्रवर्द्धक एवं कर्मचारीलाई मानसिक र भौतिक रूपमा डर, त्रास पैदा गराउने उद्देश्यले त्यस्ता आपराधिक, उच्छृंखल, अराजक र उद्धण्ड गतिविधि हुने गरेका छन् । यस प्रकारका आपराधिक गतिविधिले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको ऊर्जा क्षेत्रमा भयंकर नकारात्मक सन्देश प्रवाह हुनुका साथै समग्र क्षेत्र निरुत्साहित भएको अवस्था छ, जुन एकदमै निन्दनीय छ । साथै, जलविद्युत् आयोजनाहरूको सुरक्षामा ठूलो प्रश्नचिह्न खडा भएको छ ।

जलविद्युत् क्षेत्रलाई अन्य क्षेत्रजस्तो सामान्य रूपमा हेर्नुहुँदैन । जलविद्युत् क्षेत्र नेपाली अर्थतन्त्रलाई समृद्ध बनाउने एउटा प्रमुख आधार बनिसकेको छ, यो त एउटा राष्ट्रनिर्माता क्षेत्र हो । जुन क्षेत्रलाई यो स्थानमा ल्याउन निजी क्षेत्रको ठूलो योगदान छ ।

नेपालमा जलविद्युत् क्षेत्रको इतिहास ११० वर्षभन्दा पुरानो हो । १९६८ मा बनाइएको ५०० किलोवाटको फर्पिङ जलविद्युत् नै नेपालको पहिलो जलविद्युत् आयोजना हो, जुन तत्कालीन नेपाल सरकारले नै बनाएको हो । यसरी सुरु भएको जलविद्युत् निर्माणमा निजी क्षेत्रको प्रवेश भने ०४९ पछि मात्रै भएको हो । ०४९ भन्दा अघि नेपालमा जलविद्युत् क्षेत्रको प्रगति सन्तोषजनक थिएन । निजी क्षेत्रको प्रवेशपछि मात्रै जलविद्युत् क्षेत्र अहिले यो स्थानमा आउन सफल भएको हो ।

तर, स्थानीयलगायतका माध्यमबाट आयोजनामाथि हुने यस्ता आक्रमणले निजी क्षेत्रको मनोबल घटेको छ । यद्यपि, स्थानीयले आक्रमण गर्छन्, मनोबल घट्यो भन्दैमा जलविद्युत् आयोजना बनाउन छोड्नु भने हुँदैन । यदि, त्यसो गरेमा समग्र अर्थतन्त्र नै प्रभावित हुन्छ । यस्ता समस्याका बाबजुद पनि आयोजना बनाउनुपर्नेछ । तसर्थ, अब सरकारले विद्युत् आयोजनाको निर्माण तथा सञ्चालनमा सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ ।

साथै, यसअघि विभिन्न जलविद्युत् आयोजनामा आक्रमण गर्दा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । अहिलेसम्म जलविद्युत् आयोजनामा भइरहेका आक्रमणमा संलग्न दोषीलाई कारबाही गरेको देखिँदैन । त्यसले पनि स्थानीयलाई आयोजनामा आक्रमण गर्न हौसला मिलेको जस्तो देखिन्छ । तसर्थ, आयोजनामा आक्रमण गर्न दोषीहरूलाई कारबाही गर्नुपर्छ । त्यसो गरेमा कारबाही हुने डरले आगामी दिनमा थप यस्ता घटना हुँदैनन् ।

आयोजनामा भएको क्षतिपूर्ति पनि सम्बन्धित दोषीहरूबाट असुल गर्नुपर्छ । ३५ मेगावाटको न्यासिम खोला जलविद्युत् आयोजना स्थलमा भएको आक्रमणबारे छानबिन गर्न गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा हालै उच्चस्तरीय छानबिन समिति बनेको छ । त्यसबाट हामी केही आशावादी भने छौं । उक्त छानबिन समितिले घटनाबारे सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउँछ भन्नेमा आशावादी छौं ।


तर, सरकारले विगतका दोषीलाई कारबाही गरेर मात्र पनि हुँदैन । आगामी दिनमा पनि यस्ता घटना नहोलान् भन्न सकिँदैन । तसर्थ, आयोजनाहरूमा दीर्घकालीन रूपमा नै सुरक्षाको ग्यारेन्टी सरकारले गर्नुपर्छ ।

जलविद्युत् आयोजनालाई अन्य उद्योग तथा व्यवसायलाई जसरी एउटै नजरले हेर्नुहुँदैन । अन्य उद्योग तथा व्यवासय एकपटक बनाएपछि सम्बन्धित कम्पनी तथा व्यक्ति (मालिक)ले सधैँभरि आफैँले सञ्चालन गर्न पाउँछन् । तर, जलविद्युत् आयोजना भने ३५ वर्षपछि सरकारलाई निःशुल्क रूपमा हस्तान्तरण गर्नुपर्छ । अर्बौं/खर्बौं लगानीमा आफैँ जग्गा किनेर, आफैँ आयोजना बनाएर, सरकारलाई कर तथा रोयल्टीसमेत बुझाएर अन्तिममा सरकारलाई नै निःशुल्क रूपमा आयोजना हस्तान्तरण गर्नुपर्छ । तसर्थ, जलविद्युत् आयोजना हामी प्रवर्द्धक कम्पनीहरूको मात्रै होइन । जलविद्युत् त सरकारकै आयोजना हो । हामीले आफ्नै लगानीमा बनाएर केही वर्ष सञ्चालन गरी सरकारलाई नै दिने हो । यसको दीर्घकालीन फाइदा त सरकारलाई नै हो । तसर्थ, सरकारले आवश्यकताअनुरूप आयोजनाको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ ।

जलविद्युत् आयोजनाले स्थानीयको माग सम्बोधन गर्दैनन्, वास्ता गर्दैनन् भन्ने कुरा पनि आउँछ, जुन गलत हो । हामी स्थानीयको माग सम्बोधन गर्न एकदमै सकारात्मक छौं । आयोजना निर्माणको वित्तीय योजना बनाउने वेलामै स्थानीयको मागका लागि भनेर छुट्टै रकम विनियोजन गर्छौं । सडक बनाउने, विद्यालय बनाउने, सामाजिक भवन बनाउने, स्वास्थ्य चौकी बनाउने, नगद सहयोग गर्नेलगायतका स्थानीयका थुप्रै माग आयोजनाले सम्बोधन गरिरहेका छन् ।

यद्यपि, हामी सबै दोष स्थानीयलाई मात्र दिँदैनौं । सबै ठाउँका स्थानीय आक्रमण गर्ने खालका पनि हुँदैनन् । उल्टै आयोजनालाई विभिन्न सहयोग पनि गरिरहेका छन् । राजनीतिक स्वार्थका कारण पनि यस्ता घटना भएका हुन् कि ? तसर्थ, यसबारे सरकारले गम्भीर रूपमा अनुसन्धान पनि गर्नुपर्छ ।

यदि, यसरी नै आक्रमण हुने क्रम रोकिएन वा सुरक्षाको ग्यारेन्टी भएन भने जलविद्युत्को विकासक्रम रोकिन्छ । किनकि, जोखिम नै मोलेर आयोजना बनाउन सक्ने अवस्था हुँदैन । फलस्वरूप जलविद्युत् आयोजनाको विकासक्रम रोकिन्छ र त्यसले समग्र अर्थतन्त्रमा असर पर्छ ।



> आक्रमण हुने क्रम रोकिएन वा सुरक्षाको ग्यारेन्टी भएन भने जलविद्युत्को विकासक्रम रोकिन्छ । जोखिम मोलेर आयोजना बनाउन सम्भव हुँदैन । फलस्वरूप आयोजनाको विकासक्रम रोकिन्छ र त्यसले समग्र अर्थतन्त्रमा प्रभाव पार्छ ।

आयोजनाबारे सार्वजनिक सुनुवाइ गर्दा नै स्थानीय मागबारे गम्भीर रूपमा छलफल गर्दै आएका छौं । तर पनि आयोजनामा स्थानीयबाट नै आक्रमण हुन छोडेको छैन । यद्यपि, यसमा राजनीतिक स्वार्थ पनि जोडिएको हुन सक्छ । तसर्थ, यस विषयलाई सरकारले गम्भीर रूपमा हेर्नुपर्छ ।

पछिल्लो समय विद्युतीय चुलो, विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै गएको छ । फलस्वरूप निकट भविष्यमा नेपालमा ठूलो मात्रामा विद्युत् चाहिन्छ । साथै, नेपालले भारत तथा बंगलादेशमा दीर्घकालीन रूपमा विद्युत् बिक्री गर्ने लक्ष्य राखेको छ । सार्क तथा बिमस्टेक मुलुकमै विद्युत् व्यापार गर्न दीर्घकालीन लक्ष्य छ । वैदेशिक व्यापारमा नेपालले वर्षौंदेखि व्यहोर्दै आएको खर्बौं रुपैयाँबराबरको घाटालाई विद्युत् निर्यात गरेर न्यूनीकरण गर्ने लक्ष्य लिइएको छ । तर, त्यसका लागि सबैभन्दा पहिला विद्युत् उत्पादन गर्नुपर्छ । तसर्थ, सरकारले विद्युत् उत्पादन गर्न चाहिने वातावरण बनाउन कुनै पनि कन्जुस्याइँ गर्नुहुँदैन ।

लगानीसमेत निरुत्साहन : नेपालमा जलविद्युत् उत्पादनको जति सम्भावना छ, त्योअनुसारको विद्युत् उत्पादन गर्न खर्बौं लगानी चाहिन्छ, जुन लगानी नेपालमै जुट्न सम्भव छैन । नेपालमा जलविद्युत्को विकास गर्न विदेशी लगानी अनिवार्य चाहिन्छ । जुन पछिल्लो समय आइरहेको पनि छ । तर, यस्ता घटनाले विदेशी लगानी निरुत्साहन हुने सम्भावना छ । साथै, हामीजस्ता स्वदेशी प्रवर्द्धक तथा लगानीकर्ता पनि निरुत्साहित हुन सक्छन् । तसर्थ, यसलाई सामान्य रूपमा लिनुहुँदैन ।

दीर्घकालीन समाधान खोज्नुपर्छ : समग्रमा जलविद्युत् आयोजनालाई सुरक्षाको ग्यारेन्टी गर्न अत्यावश्यक छ । जलविद्युत् आयोजना बनाउने काम हाम्रो हो, त्यो काम हामी गर्छौं । तर, जलविद्युत् आयोजनामा सुरक्षा दिने काम सरकारको हो, त्यो काम सरकारले गर्नुपर्छ । हामीलाई आवश्यक परेको वेलामा कुनै पनि प्रकारको सुरक्षा दिन सरकार तयार हुनुपर्छ । सरकारले दीर्घकालीन रूपमा नै जलविद्युत् आयोजनालाई सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ । समग्रमा जलविद्युत् आयोजना कार्यस्थलमा हुने गरेका यस्ता घटनालाई निरुत्साहित गर्न छुट्टै सुरक्षा संयन्त्र निर्माण गर्नुपर्छ । साथै, राष्ट्रिय प्राथमिकताप्राप्त जलविद्युत् आयोजनामा यस्ता कार्य निरुत्साहित गरी सुरक्षाको प्रत्याभूति गराउनुपर्छ ।

अर्थ मन्त्रालयको स्थापना

अर्थ इतिहास




नेपाल सरकारले सन् १९६३ मा आर्थिक तथा योजना मन्त्रालय स्थापना गरेको हो । सन् १९६८ मा आर्थिक तथा योजना मन्त्रालयलाई विघटन गरेर अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा छुट्याइयो ।

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहको छ । सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यका लागि यो मन्त्रालय स्थापना भएको हो ।

अर्थ मन्त्रालयअन्तर्गत महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक सम्पत्ति व्यवस्थापन कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार विभागलगायत संरचना रहेका छन् ।

बिजनेस @



शान्तराज सुवेदी, पूर्वअर्थसचिव

मिटरब्याजपीडित उल्टै जेलमा भन्ने समाचारले खिन्न बनायो । मिटरब्याजीलाई कारबाही र पीडितलाई न्याय दिन गृह मन्त्रालयका सहसचिव भीष्मजीको नेतृत्वको समितिले दिएको प्रतिवेदन कार्यान्वयन गरी यस्ता आपराधिक कार्य गर्नेले आगामी दिनमा टाउको उठाउन नपाउने बनाउनुपर्छ । सरकारको ध्यान पुगोस् ।



डा. नवराज पन्त, सामाजिक विकासविद्

नेपालमा पैसा आतंक चालू छ । दिल्लीको एक कपडा व्यापारीसँग भेट भयो । सबै भुक्तानी हुन्डीमार्फत आउँछ भन्यो । मेरो विचारमा कुर्ता सेट मात्र एक अर्ब रुपैयाँभन्दा बढीको आउँछ, नेपालमा । हाम्रो सिस्टममा नै अनौपचारिक व्यापार हावी छ । ५० प्रतिशतभन्दा बढी छापेका नोटहरू बैंकमा नहुनु भनेको बोरामा पैसा राखेर व्यापार गर्नु हो ।



दिलीप मुना, लगानीकर्ता

एकैपटक एक प्रतिशत ब्याजदर चलाउनुभन्दा अहिले अवधिअनुसार ०.५ प्रतिशत ब्याज फरक गर्दै गएको भए साँप पनि नमर्ने लट्ठी पनि नभाँचिने हुन्थ्यो कि ! त्यो बचत खातामा ०.४ प्रतिशत घटाएर आमनिक्षेपकर्तालाई चाहिँ बचत नगर भन्न खोजेको हो त ?

अंक र अर्थ

९५ प्रतिशतले प्रयोग गर्छन् मोबाइल इन्टरनेट

नेपालमा ब्रोडब्यान्ड इन्टरनेट प्रयोगकर्तामध्ये ९५ प्रतिशतले मोबाइल सेटबाट इन्टरनेट चलाउने गरेको पाइएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार चालू आर्थिक वर्ष ०७९/८० को असोजसम्म नेपालमा ३ करोड ८३ लाख ब्रोडब्यान्ड इन्टरनेटका ग्राहक छन् । जुन कुल जनसंख्याको अनुपातमा १३१.५० प्रतिशत बराबर हुन आउँछ । जसमध्ये ९५.७९ प्रतिशतले मोबाइल सेटबाट नै ब्रोडब्यान्ड प्रयोग गर्ने तथ्यांक छ ।

त्यस्तै, शून्य दशमलव २३ प्रतिशतले फिक्स वायरलेस ब्रोडब्यान्ड इन्टरनेट प्रयोग गर्छन् भने ३५.४८ प्रतिशतले वायर फिक्स ब्रोडब्यान्ड प्रयोग गर्ने गरेको पाइएको छ ।

मोबाइल सेटबाट नेपाल दूरसञ्चारको इन्टरनेट प्रयोगकर्ताको संख्या दुई करोड दुई लाख सात हजार एक सय ४४ छ । जसमध्ये दूरसञ्चारको थ्रिजी प्रयोगकर्ताको संख्या ७२ लाख ६३ हजार नौ सय ३७ रहेको छ ।



फोरजी प्रयोगकर्ताको संख्या एक करोड १५ लाख ५० हजार एक सय ८१ रहेको छ । इभिडिओ प्रयोगकर्ताको संख्या भने एक लाख ३६ हजार पाँच सय ७३ रहेको छ ।

त्यस्तै, मोबाइल सेटमा एनसेल ब्रोडब्यान्ड प्रयोगकर्ताको संख्या ८८ लाख ८५ हजार चार सय ९५ रहेको छ । जसमध्ये थ्रिजी प्रयोगकर्ताको संख्या १९ लाख ३४ हजार आठ सय ८२ रहेको छ । फोरजी प्रयोगकर्ताको संख्या ६९ लाख ५० हजार ६ सय १३ छ । स्मार्ट टेलिकमको मोबाइल ब्रोडब्यान्ड प्रयोगकर्ताको संख्या एक लाख २७ हजार पाँच सय ५१ छ । विभिन्न इन्टरनेट सेवाप्रदायकको मोबाइलमा इन्टरनेट प्रयोगकर्ताको संख्या ९१ लाख ६८ हजार आठ सय तीन छ । कोरोना संक्रमणपछि मोबाइल इन्टरनेट प्रयोगकर्ता तीव्र गतिले बढेको तथ्यांकले देखाउँछ ।

सेयर बजार

२५ फागुन ०७९

नेप्से २,००२.७० ^ ५०.०४ २.५६%

कारोबार रकम	जम्मा सेयर
१,५६५,५,५८,८०२.९१	४५,६६,०४३

विदेशी विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३०.००	१३१.६०
युरो	१३८.०६	१३८.६९
पाउन्ड स्टर्लिङ	१५५.०४	१५५.७५
अस्ट्रेलियन डलर	८६.४७	८६.८७
क्यानेडियन डलर	९५.२२	९५.६५

[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com]

हात्तीले बचाउन सक्छन् जलवायु परिवर्तनको प्रभावबाट

हात्ती लोप भइरहने हो भने विश्वमा जलवायु परिवर्तनको प्रभावलाई रोक्न गरिएका तमाम उपायलाई ठूलो झड्का लाग्छ

रजेन्सी

हात्तीले पृथ्वीलाई जलवायु परिवर्तन (ग्लोबल वार्मिङ)को दुष्प्रभावबाट बचाउन सक्छ भन्ने सुन्दा अनौठो नै लाग्न सक्छ । तर, सत्य यही हो । धेरैलाई थाहा नहुन पनि सक्छ कि हात्तीले जंगल बनाउन महत्त्वपूर्ण भूमिका निभाउँछन् । उनीहरूको यस्तो भूमिका अधिक वायुमण्डलीय कार्बन एकत्रित गर्न र वनको जैविक विविधतालाई कायम राख्न हुन्छ । शोधकर्ताका अनुसार हात्तीको संख्या कम हुँदा वा हात्ती नै नहुँदा वायुमण्डलीय कार्बनको स्तरमा ठूलो प्रभाव पर्न सक्छ ।

त्यसो त हात्ती लोप हुने जोखिम दिन-प्रतिदिन बढ्दै गइरहेको छ । यदि साँच्चिकै यस धर्तीमा हात्ती नरहने हो भने मध्य तथा पश्चिमी अफ्रिकाको वर्षा वन (रेन फरेस्ट) वायुमण्डलीय कार्बन थाम्ने ६ देखि नौ प्रतिशतसम्मको क्षमता ह्रास हुनेछ, जसले गर्दा जलवायु परिवर्तन अझै बढ्छ ।

हात्ती पृथ्वीका दोस्रो ठूला वर्षा वन हुन् । अमेरिकाको सेन्ट लुइस विश्वविद्यालयका शोधकर्ताले गरेको एक अध्ययनमा पृथ्वीका लागि हात्तीको महत्त्वलाई रेखांकन गरेका छन् । यो शोधप्रतिवेदनका वरिष्ठ लेखक स्टिफन ब्ल्याकले आफ्नो करिअरको अधिकांश समय हात्तीको अध्ययनमा बिताएका छन् । नयाँ प्रतिवेदनमा ब्ल्याक र उनका अन्य सहयोगीले हात्तीको पारिस्थितिकीले अफ्रिकी मुलुकका वर्षा वनमा कार्बन भण्डारणमा बलियो प्रभाव पर्ने देखाएका छन् ।

अवैध सिकारमा प्रतिबन्ध

शोधकर्ता ब्ल्याकका अनुसार शताब्दिऔँदेखि मान्छेले हात्तीको सिकार गर्दै आइरहेको छ । परिणामतः अफ्रिकाको जंगलमा विचरण गर्ने हात्तीको अस्तित्व संकटमा परिरहेको छ । कुनै वेला एक करोडभन्दा बढीको संख्यामा हात्ती अफ्रिकामा विचरण गर्थे, घुम्थे । तर, अब उनीहरूको संख्या पाँच लाखभन्दा पनि कम पुगेको छ । यी हात्तीको संख्या पछिल्लो ३० वर्षमा ८० प्रतिशतभन्दा बढीले घटेको छ ।



> यस धर्तीमा हात्ती नरहने हो भने मध्य तथा पश्चिमी अफ्रिकाको वर्षा वन (रेन फरेस्ट) वायुमण्डलीय कार्बन थाम्ने ६ देखि नौ प्रतिशतसम्मको क्षमता ह्रास हुनेछ, जसले गर्दा जलवायु परिवर्तन अझै बढ्छ

हात्तीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत संरक्षण दिइएको छ । तर, यति हुँदा पनि उनीहरूको अवैध सिकार रोकिएको छैन । जंगलभित्र केही रूख हुलुका काठ (कम कार्बन घनत्व भएका) र केही गह्रुँगा (उच्च कार्बन घनत्व) भएका हुन्छन् ।

कम कार्बन घनत्व भएका रूख छिटै बढ्छन् र सूर्यको प्रकाश प्राप्त गर्न अरू रूख-बिरुवाभन्दा माथि पुग्छन् । तर, उच्च कार्बन घनत्व भएका रूख-बिरुवा भने बिस्तारै बढ्छन् । यस्ता रूख छायामा बढ्न सक्षम हुन्छन्, जसले प्रायः पौष्टिक मात्राले भरिपूर्ण फल दिन्छन् । त्यही फल हात्तीले खान्छन् । यसको बिउ हात्तीको आन्द्रा हुँदै गोबरका माध्यमबाट पुनः जंगलमा बिरुवा भएर उम्रिन्छन् । अनि ठूलो रूखका रूपमा विकसित हुन्छन् ।

ब्ल्याकका अनुसार हात्ती जंगलका माली हुन् । हात्ती र अन्य ठूला शाकाहारी जीव कम कार्बन घनत्व भएका रूखबाट अधिक खाना लिन्छन् । यस्ता रूख उच्च कार्बन घनत्व भएका प्रजातिको तुलनामा बढी स्वादिष्ट र पौष्टिक हुन्छन् । हात्तीको यही प्राथमिकताले जंगल छाँटिन थाल्छ । यसले रूखहरूबीचको प्रतिस्पर्धालाई कम गर्छ र उच्च कार्बन घनत्व भएका रूखलाई फल्न-फुल्न आवश्यक पर्ने प्रकाश, स्थान र माटोबाट प्राप्त हुने पोषक तत्त्व प्रदान गर्छ । अतः हात्तीलाई लोप हुनबाट बचाउन उनीहरूको अवैध हत्यालाई रोक्नुपर्ने हुन्छ ।

हात्तीको भूमिका

हात्ती लोप हुनु भनेको वनको जैविक विविधता नष्ट हुनु हो । यदि हात्तीलाई लोप हुन दिइरहने हो भने यो विश्वमा जलवायु परिवर्तनको प्रभावलाई रोक्न गरिएका तमाम उपायलाई ठूलो झड्का लाग्नेछ । हात्ती संरक्षणार्थ आवश्यक समर्थन उत्पन्न गर्न नीतिनिर्माताले गम्भीरतापूर्वक बुझ्नुपर्ने हुन्छ कि जलवायु परिवर्तनको प्रभावलाई रोक्न जंगलमा हात्तीको भूमिका विशेष छ । विश्व पर्यावरणमा हात्तीको भूमिकालाई नकार्न सकिँदैन ।

शोधकर्ताहरू अब वर्षा वनमा अन्य जनावरले उनीहरूको जैविक विविधतालाई कसरी प्रभावित गर्न सक्छन् र त्यसमा हात्तीको जस्तो समान प्रभाव पर्छ कि पर्दैन भन्ने पत्ता लगाउन चाहन्छन् । शोधप्रतिवेदनका अर्का लेखक बर्जागीका अनुसार यो अध्ययन अफ्रिकाका हात्तीमा मात्रै सीमित छैन । यसको अर्थ यो पनि हो कि प्राइमेट र एसियाली हात्तीजस्ता ठूला शाकाहारी जीव पनि वर्षा वनमा उच्च कार्बन घनत्व भएका रूखको विकासमा योगदान दिन सक्छन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २६ फागुन ०७९

बजेट कार्यान्वयन अन्योलमा

राजस्व संकलनमा ऐतिहासिक गिरावट, सञ्चित कोष घाटामा छ, तर चालू बजेट कार्यान्वयन गर्ने र नयाँ बजेट बनाउने मुख्य सिजनमै अर्थसहितका १६ मन्त्रालय मन्त्रीविहीन छन्

कृष्ण रिजाल/नयाँ पत्रिका

अहिले सरकारलाई एकातर्फ आगामी आर्थिक वर्षका लागि बजेट बनाउनुपर्ने चटारो छ भने अर्कातर्फ चालू आर्थिक वर्षको बजेट समयमै खर्च गर्नुपर्ने हतारो छ। तर, बजेट बनाउने अर्थसहित १६ मन्त्रालय करिब डेढ सातादेखि मन्त्रीविहीन छन्। चालू बजेट खर्च गर्ने र नयाँ बजेट बनाउने मुख्य सिजनमै मन्त्रालयहरू मन्त्रीविहीन बनेपछि कर्मचारीमै अन्योलता छ। बजेट कार्यान्वयन तथा व्यवस्थापन झनै लथालिंग भएको उच्च तहकै कर्मचारीहरू बताउँछन्। संकटोन्मुख अवस्थामा रहेको अर्थतन्त्र हाँक्ने अर्थ मन्त्रालय नै मन्त्रीविहीन हुँदा बजेट निर्माण र चालू बजेट कार्यान्वयनमा अन्योलता छाएको छ।

सरकार गठन भएको दुई महिनामै केन्द्रमा सत्ता समीकरण फेरिएपछि यसको असर प्रदेशमा समेत परेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारकी प्रवक्ता रेखा शर्माले मन्त्रिपरिषद् विस्तार राष्ट्रपतिको निर्वाचनपछि हुने बताएकी छिन्। तर, गठबन्धनमा रहेका दलहरूबीच भागबन्डा गर्नुपर्ने भएकाले मन्त्रिपरिषद् विस्तारमा अझै समय लाग्ने देखिन्छ।

'खासगरी नीतिगत मार्गनिर्देश गर्ने र अन्य मन्त्रालयसँग समन्वय गर्नुपर्ने वेला अर्थमन्त्री हुनुहुन्न,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'बजेट एउटा मन्त्रीले बनाए, बजेटको अर्धवार्षिक समीक्षा गर्न अर्कै मन्त्री आए, अब फेरि अर्को मन्त्री आउँदै छन्, बुझ्ने-बुझाउने काममै समय व्यतीत हुँदा बजेट कार्यान्वयन लथालिंग भएको छ।'

सरकारी ढुकुटी (सञ्चित कोष) झन्डै एक खर्बले घाटामा छ। राजस्व संकलन ऋणात्मक देखिएको छ। चालू आवको सात महिनामा साधारण खर्च नियमित भई ५० प्रतिशत पुगिसकेको छ, तर पुँजीगत खर्च भने २१ प्रतिशत पनि पुग्न सकेको छैन। यसरी बजेट कार्यान्वयन लथालिंग बनेको अवस्थालाई सत्ता समीकरण फेरबदलको प्रभाव अझ बढी देखिएको अर्थविद्हरू बताउँछन्।

संवैधानिक बाध्यताका कारण मन्त्रिपरिषद् विस्तार हुन नसकेको भए पनि त्यसको असर बजेट निर्माणदेखि कार्यान्वयनसम्मै पर्न सक्ने पूर्वसचिव गोपीनाथ मैनाली बताउँछन्। 'ऐनअनुसार तोकिएका प्रशासनिक संयन्त्रले काम गरिरहेकै छन्, मन्त्रालय मन्त्रीविहीन भएको होइन, प्रधानमन्त्री स्वयंले सम्हाली नै रहनुभएको छ,' उनले भने, 'तर, डेडिकेटेड मन्त्री नहुँदा समन्वय गर्ने तथा नीतिगत निर्णय लिने अवस्थामा कहीं न कहीं असर पर्छ।'

अर्थतन्त्रमा मन्दीका संकेतहरू देखिएका कारण सरकारले त्यसबाट बाहिर आउन तात्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउनुपर्ने पूर्वअर्थसचिव शंकरप्रसाद अधिकारी बताउँछन्। 'बजेट कार्यान्वयनमा समस्या देखिएको छ, लक्ष्यहरू पूरा नहुने भएर नै संशोधन गरिएका छन्,' उनले भने, 'नेपालमा वास्तविक (रियालिस्टिक) बजेट नबन्दा पनि कार्यान्वयनमा समस्या आउने गरेको हो।'



खर्च कटौती गर्दै राजस्व चुहावट रोक्नुपर्छ

● **शंकरप्रसाद अधिकारी**, पूर्वअर्थसचिव



अर्थतन्त्रमा एक किसिमको मन्दी नै छ। उत्पादन र उपभोग दुवै घटेको छ। उद्यम व्यवसाय मन्दी र मागमा संकुचन आएपछि आर्थिक वृद्धि लक्ष्यअनुसार हुने कुरै भएन। खासगरी वास्तविक (रियालिस्टिक) बजेट नबनाइँदा पनि त्यसको कार्यान्वयनमा समस्या हुने गरेको छ। आर्थिक गतिविधि नै कम भएपछि राजस्व पनि घटेको छ। सरकारले अब खर्च कटौतीमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। संघीय र प्रादेशिक संरचनाहरूको आकार घटाउने, साधारण खर्चहरू कटौती गर्ने र सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने कार्यमा विशेष जोड दिनुपर्छ। राजस्व चुहावट र बक्यौता उठाउने कार्यमा पनि ध्यान दिनुपर्छ।

अहिलेको परिस्थितिमा सरकारले साधारण खर्च कटौती र राजस्व चुहावट रोक्ने कार्यमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ।

■ अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार

अर्थतन्त्रको बाह्य क्षेत्रमा क्रमशः सुधार देखिएको छ। मौद्रिक क्षेत्रमा समेत केही सुधार देखिएका छन्। तर, बजेटरी व्यवस्थापनमा भने समस्या देखिएको छ। चालू आर्थिक वर्षको पहिलो सात महिनामा रेमिट्यान्स आय २४.३ प्रतिशतले बढेर पाँच खर्ब ८५ अर्ब पुगेको छ। देशको सोधनान्तर स्थितिमा सामान्य सुधार भई ९० अर्ब १० करोडले बचतमा रहेको छ। विदेशी विनिमय सञ्चितिसमेत १० प्रतिशतले बढेर १३ खर्ब ३७ अर्ब रुपैयाँबराबर पुगेको छ। जसले ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्नेछ। बैंकिङ प्रणालीमा तरलता सहज हुँदै गएको छ, वैशाख महिनादेखि ब्याजदरसमेत घट्ने बैंकरहरूले बताएका छन्। यसरी अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिए पनि वित्त (बजेटरी) क्षेत्रमा भने समस्या देखिएको छ। बजेट कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। सरकारले चालू आवको बजेटले लिएका लक्ष्यहरू भेट्न सकेको छैन। पुँजीगत खर्च गर्न र राजस्व संकलन गर्न सरकार ऐतिहासिक रूपमा कमजोर देखिएको छ।

■ राजस्व संकलन करिब २० प्रतिशत विन्दुले घट्यो

चालू आवको १० महिना सकिनै लाग्दासमेत करिब ४० प्रतिशत मात्रै राजस्व संकलन भएको छ। जुन गएको आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब २० प्रतिशत विन्दुले कमी हो। अघिल्ला वर्षको तुलनामा समेत राजस्व घट्नु ऐतिहासिक भएको अर्थ मन्त्रालयकै कर्मचारी बताउँछन्। सरकारले चालू आवमा १४ खर्ब तीन अर्ब राजस्व संकलनको लक्ष्य लिएको छ। तर, हालसम्म पाँच खर्ब ६९ अर्ब मात्र राजस्व संकलन भएको छ। गएको आवको सोही अवधिमा भने ६ खर्ब ६२ अर्ब राजस्व संकलन भएको थियो।

■ न्यून आर्थिक वृद्धि

चालू आर्थिक वर्षको पहिलो त्रैमास (तीन महिनामा) नेपालको आर्थिक वृद्धिदर ०.८ प्रतिशत भएको केन्द्रीय तथ्यांक कार्यालयको प्रारम्भिक अनुमान छ। जुन पछिल्ला पाँच आर्थिक वर्षको पहिलो त्रैमास भएको सबैभन्दा कम आर्थिक वृद्धिदर हो। अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासमा ३ प्रतिशतको आर्थिक वृद्धि भएको कार्यालयको अनुमान छ। खनिज तथा खानी २९.२ प्रतिशत, निर्माण २४ प्रतिशत, थोक तथा खुद्रा व्यापार ३ प्रतिशत, यातायातमा ०.३ प्रतिशत र शिक्षाको वृद्धिदर ०.३ प्रतिशतले ऋणात्मक देखिएको छ।

■ आर्थिक वृद्धि लक्ष्यको आधा मात्रै

सरकारले चालू आर्थिक वर्षमा ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। तर, अर्थतन्त्रमा देखिएको मन्दीका कारण लक्ष्यअनुसार आर्थिक वृद्धि हासिल नहुने सरकारी निकायले नै औंल्याएको छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहने राष्ट्रिय स्रोत अनुमान समितिले चालू आवमा ४.५ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरेको छ। सरकारले चालू आर्थिक वर्षको बजेटको मध्यावधि समीक्षा गर्दै खर्च र राजस्वका सबै लक्ष्य संशोधन गरिसकेको छ। तत्कालीन उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले मध्यावधि समीक्षापछि पत्रकार सम्मेलनमार्फत ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल नहुनेसमेत बताएका थिए।

■ बजेटका ५७ प्रतिशत बुँदामा शून्य प्रगति

नेपाल उद्योग परिसंघले हालै गरेको एक अध्ययनले बजेटले अघि सारेका आर्थिक क्षेत्रसम्बन्धी कार्यक्रमका ५७ प्रतिशत बुँदामा हालसम्म कुनै पनि प्रगति नभएको देखाएको छ। परिसंघसँगको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाजले गरेको अध्ययनले आर्थिक क्षेत्रहरूसँग प्रत्यक्ष सरोकार राख्ने अधिकांश बुँदाका बजेटका नीति तथा कार्यक्रममा सन्तोषजनक प्रगति नभएको देखिएको हो। त्यसअन्तर्गत परिसंघले आर्थिक विकास, लगानी तथा निजी क्षेत्रसँग सम्बन्धित ६३ बुँदा पहिचान गरेको थियो। चालू वर्षको माघ मसान्तसम्ममा ती बुँदामध्ये ३६ वटाको प्रगति शून्य देखिएको हो।

विषादी परीक्षण प्रक्रिया अगाडि बढाइने

काठमाडौं/ खाद्य पदार्थमा जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने प्रक्रिया अघि बढाउने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ। बिहीबार बिहानको क्याबिनेटले मन्त्रिपरिषद्मातहतको आर्थिक तथा पूर्वाधार समितिमा प्रक्रिया अघि बढाउन छलफलका लागि पठाउने निर्णय गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

जीवनाशक विषादीको परीक्षणसम्बन्धी प्रस्ताव राजपत्रमा प्रकाशन गर्नका लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले १५ भदौको मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेको थियो। २१ भदौको मन्त्रिपरिषद् बैठकले आर्थिक तथा पूर्वाधार समितिमा छलफलका लागि पठाएर प्रस्ताव त्यसै थन्किएको थियो।

गत ४ मंसिरमा निर्वाचनपछि नयाँ सरकार गठन हुनासाथ पुरानो मन्त्रिपरिषद्का निर्णय स्वतः फिर्ता जाने प्रचलनअनुरूप आयातित खाद्य पदार्थको विषादी मापन गर्ने प्रस्ताव पनि फिर्ता गएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। सो प्रस्ताव फिर्ता गएपछि सार्वजनिक रूपमा आलोचना भयो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नयाँ प्रस्ताव तुरुन्त ल्याउन कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएका थिए। प्रधानमन्त्रीको निर्देशनलगत्तै कृषिले नयाँ प्रस्ताव पेस गरेको र निर्णय प्रक्रियाका लागि मन्त्रिपरिषद्

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मातहतको समितिमा छलफलका लागि पठाइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

कृषि मन्त्रालयमातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य ऐन, २०२३ को दफा ७ बमोजिम विभिन्न तरकारीका ६ समूह र १५ उपसमूह एवं फलफूलका चार समूह र १० उपसमूहको जीवनाशक विषादीको अधिकतम सीमा निर्धारणका लागि मापदण्ड बनाउने गरेको छ। विभागले विभिन्न भन्सार नाकामा प्रयोगशाला राखेर तरकारीमा कार्बोमेट र अर्गानो फस्फेट विषादीको मात्रा नियमित रूपमा परीक्षण हुने गरेको छ। तरकारी, फलफूलमा रहेको विषादीको अवशेष पत्ता लगाउन झापाको बिर्तामोड, मोरङको विराटनगर, सर्लाहीको नवलपुर, रुपन्देहीको बुटवल, कास्कीको पोखरा, बाँकेको नेपालगन्ज, कैलालीको अत्तरिया र काठमाडौंको कालिमाटीमा विषादी अवशेष द्रुत विश्लेषण इकाइमा स्थापना गरिएको छ।

त्यस्तै, भन्सार विन्दुमै प्लान्ट क्वारेन्टिनका रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काँकडभिट्टा, विराटनगर, भेन्टाबारी (सुनसरी), जलेश्वर, मलंगवा, वीरगन्ज, तातोपानी, टिमुरे, भैरहवा, कृष्णनगर, नेपालगन्ज, गड्डाचौकी (कञ्चनपुर), लोमाथाङ (मुस्ताङ) र झुलाघाट (बैतडी)मा स्थापना भएका छन्। यी ल्याबले प्रतिबन्धित रोग, किराबारे जानकारी दिन्छन्। त्यस्तै, ललितपुरमा केन्द्रीय कृषि प्रयोगशालाले कार्बोमेट र अर्गानो फस्फेट विषादीको सघन विश्लेषण गर्छ।

चैतबाट ऋण सस्तिँदै

काठमाडौं/ वाणिज्य बैंकहरूले चैतबाट कर्जाको ब्याजदर घटाउने भएका छन्। बिहीबार बसेको नेपाल बैंकर्स संघको बैठकले चैतबाट कर्जाको अधिकतम प्रिमियम ५ प्रतिशतमा झार्ने निर्णय गरेको हो।

अहिले कर्जामा अधिकतम ६ प्रतिशतसम्म ब्याज लिँदै आएका छन्। त्यस्तै, बचतको ब्याजदर पनि घटाउने निर्णय गरेको छ। पुससम्म व्यक्तिगत मुद्दती निक्षेपमा १२.१३३ प्रतिशत रहेको मुद्दती निक्षेपको ब्याजदर माघदेखि ११ प्रतिशतमा प्रतिशत रहेको मुद्दती निक्षेपको ब्याजदर माघदेखि ११ प्रतिशतमा झारिएको थियो। तर, यसपालि संघले मुद्दती निक्षेपको ब्याजदर भने यथावत् राखेको छ। हाल बचतको ब्याजदर भने ६.४२ देखि ८.४ प्रतिशतसम्म छ। यसलाई ६ देखि ८ प्रतिशत कायम गर्ने निर्णय भएको संघका कार्यकारी निर्देशक अनिल शर्माले जानकारी दिए।

बचतको ब्याज घटेपछि लागत पनि घट्ने भएकाले आधार दर पनि कम हुन्छ। बचत ब्याजदर र कर्जाको प्रिमियम घटेपछि कर्जाको ब्याजदर सस्तिने शर्माले जानकारी दिए। उनले भने, 'पछिल्लो समय लिइएका नीतिले बजारमा मागमा संकुचन ल्याइरहेको अवस्थामा यो निर्णयले राहत दिने अपेक्षा छ।' तर, अन्तर्राष्ट्रिय बजारमा ब्याजदर बढ्दो क्रममा रहेकोमा नेपालमा ब्याजदर घटाउने दरिलो आधार नभएको र निक्षेप आउने बलियो स्रोत पनि नभएको उनको भनाइ छ। ब्याजदर घटाएमा निक्षेपकर्ताले निक्षेप झिक्ने जोखिम पनि बढेको उनले बताए। तर, पछिल्लो परिस्थितिलाई दृष्टिगत गर्दै ब्याजदर घटाउने निर्णय गरेको उनको भनाइ छ। उनले भने, 'विशेष गरी पछिल्लो समय ऋणीहरूलाई किस्ता तिर्न अप्ठ्यारो भइरहेको छ। सोहीअनुसार ऋणको ब्याजदर घट्ने गरी मुद्दती निक्षेपको ब्याजदर घटाएर बचत र कल डिपोजिटको ब्याजदर मात्रै घटाउने निर्णय गरेका हौं।'

तामाकोसी-काठमाडौं प्रसारण लाइन असारभित्रै सक्न निर्देशन



काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणले तामाकोसी-काठमाडौं २२०/४०० केभी प्रसारण लाइन निर्माण आगामी असारभित्र सम्पन्न गर्न ठेकेदारहरूलाई निर्देशन दिएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधानसहितको उच्चस्तरीय टोलीले आयोजनाअन्तर्गत बाह्रबिसे सबस्टेसनको अनुगमन गरी यस्तो निर्देशन दिएको हो। निर्माणमा देखिएको अवरोध हटाउन सहजीकरण गर्ने प्रतिबद्धता जनाउँदै टोलीले नयाँ खिम्ती-बाह्रबिसे, बाह्रबिसे-काठमाडौं र बाह्रबिसे सबस्टेसनको निर्माण तीव्र गर्न निर्देशन दिइएको हो।

आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट सिन्धुपाल्चोकको बाह्रबिसेसम्म ४४ किलोमिटर र बाह्रबिसेबाट काठमाडौंको लप्सीफेदीसम्मको ४६ किलोमिटर चार सय केभी डबल सर्किट तथा लप्सीफेदीबाट भक्तपुरको चाँगुनारायणसम्मको १४ किलोमिटर एक सय ३२ केभी प्रसारण लाइन र बाह्रबिसेमा २२०/१३२/११ केभी सबस्टेसन निर्माणाधीन छन्। साथै, लप्सीफेदीमा ४००/२२०/१३२/११, बाह्रबिसेमा चार सय केभी र नयाँ खिम्तीमा चार सय केभी सबस्टेसन निर्माण भइरहेको छ।

बाह्रबिसे सबस्टेसन निर्माणको ठेक्का पाएको चिनियाँ कम्पनीहरू ग्वाङ्सी ट्रान्समिसन एन्ड सबस्टेसन कन्स्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको उपक्रमको काम सन्तोषजक नदेखिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए। चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाटको मध्य-भोटेकोसी जलविद्युत् आयोजनाको विद्युत् बाह्रबिसे सबस्टेसनमा जोडिनेछ। मध्य-भोटेकोसीको निर्माण आगामी असारभित्र सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ।

प्राधिकरणले मध्य-भोटेकोसीको विद्युत् प्रवाहका लागि अस्थायी वैकल्पिक व्यवस्था गरेको छ। तर, त्यसका लागि पनि बाह्रबिसे सबस्टेसन निर्माण अनिवार्य छ। मध्य-भोटेकोसीको विद्युत् दुई सय २० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ। दुई सय २० केभी प्रसारण लाइनबाट आएको विद्युत्लाई बाह्रबिसे सबस्टेसनमार्फत एक सय ३२ केभीमा झारिनेछ। त्यसपछि २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाले निर्माण गरेको एक सय ३२ केभी प्रसारण लाइनमार्फत लामोसाँघु सबस्टेसनमा जोड्ने गरी वैकल्पिक व्यवस्था गरिएको छ।

माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाले अहिले बाह्रबिसे बजारबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर प्रसारण लाइन निर्माण गर्न सर्वेक्षण सम्पन्न गरेको छ। आयोजनाले यो लाइन निर्माण गर्न बढीमा चार महिना लाग्ने बताएको छ। यो लाइन बनेपछि अहिले लामासाँघु सबस्टेसनमा जोडिएको आयोजना बाह्रबिसे सबस्टेसनमा जोडिनेछ।

कार्यकारी निर्देशक घिसिङले बाह्रबिसे सबस्टेसन र नयाँ खिम्ती-बाह्रबिसे सबस्टेसन निर्माण सम्पन्न भएपछि मध्य-भोटेकासीको विद्युत् खिम्तीतर्फ प्रवाह गर्न सकिने बताए। बाह्रबिसे सबस्टेसनमा २२०/१३२ केभी, एक सय ६० एमभिए र १३२/११ केभी, पाँच एमभिएका पावर ट्रान्सफर्मरहरू रहनेछन्। घिसिङले बाह्रबिसे बजारबाट सबस्टेसनसम्म जाने करिब साढे चार किलोमिटर सडकको मर्मत तत्काल गरी वर्षा सुरु हुनुभन्दा अघि नै निर्माणस्थलमा उपकरणहरू तथा निर्माण सामग्री ढुवानीको व्यवस्था गर्न निर्देशन दिए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

घितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौसिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा घितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी ५५ (पन्चन्न) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत घितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। घितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट घितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५२ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, घितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	घितोको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ९८३७५४/०७४/०७५ अन्तर्गत मिति २०७४/१०/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ६, बौद्ध स्थित **होसन्ना ह्याण्डिक्राफ्ट प्रा.लि.** **संचालकहरु** **१) अध्यक्ष तथा जमानीकर्ता: बज्र सिं लामा** **२) शेयरधनी तथा जमानीकर्ता: पहल बहादुर राना मगर** **३) शेयरधनी तथा जमानीकर्ता: बुद्ध रत्न खड्गे**	१) कृष्ण लाल खड्गेको नाति, श्याम खड्गेको छोरा, काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. ३ बस्ने बुद्ध रत्न खड्गेको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगातमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल ठोस्रा न.पा. वडा नं. २) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ०५.६० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) होसन्ना ह्याण्डिक्राफ्ट प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) पहल बहादुर राना मगर स्थायी ठेगाना: सर्लाही जिल्ला, घरकाली गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ६, बौद्ध बाबु : मंगल बहादुर राना मगर बाजे : दल बहादुर राना मगर	**२) बुद्ध रत्न खड्गे** स्थायी ठेगाना: काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. २ हालको ठेगाना: काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. ३ बाबु : श्याम खड्गे बाजे : कृष्ण लाल खड्गे	**३) ललिता खड्गी** स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २ हालको ठेगाना: काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. २ बाबु : कृष्ण खड्गी ससुरा : श्याम खड्गे पति : बुद्ध रत्न खड्गे
४) नेहा खड्गी स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. २ हालको ठेगाना: काठमाण्डौ जिल्ला, ठोस्रा न.पा. वडा नं. ३ बाबु : बुद्ध रत्न खड्गे बाजे : श्याम खड्गे	**५) मेलिना लामा** स्थायी ठेगाना: दोलखा जिल्ला, भीमेश्वर न.पा. वडा नं. १० हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११, कपन बाबु : देवेन्द्र कुमार लामा ससुरा : प्रेम बहादुर लामा पति : बज्र सिं लामा	**६) बज्र सिं लामा** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, ठुलोपाखर गा.वि.स. वडा नं. ५ हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११, कपन बाबु : प्रेम बहादुर लामा बाजे : पासाङ दोर्जे लामा

	ऋणीको विवरण	घितोको विवरण
२)	नेपाल सरकार, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. २१८३५८/०७५/०७६, अन्तर्गत मिति २०७६/०३/१७ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२५ स्थित **सिटिजन्स अड्यावसन ट्रेडर्स प्रा.लि.** **संचालक** तथा जमानीकर्ता: यज्ञ बहादुर श्रेष्ठ स्थायी ठेगाना : दोलखा जिल्ला, काठाकुटी गा.वि.स. वडा नं.०२ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१५, बाबु : जित बहादुर श्रेष्ठ बाजे : तेज बहादुर	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. २१८३५८/०७५/०७६, अन्तर्गत मिति २०७६/०३/१७ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.२५, स्थित सिटिजन्स अड्यावसन ट्रेडर्स प्रा.लि.को नाममा मालपोत कार्यालय ठोस्रा, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ३, (बुढानिलकण्ठ न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६३ को क्षेत्रफल ५५८(ब.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सिटिजन्स अड्यावसन ट्रेडर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) कृष्ण कुमारी श्रेष्ठ स्थायी ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं.१६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१५, बाबु : रुद्र बहादुर मगर ससुरा : जित बहादुर श्रेष्ठ पति : यज्ञ बहादुर श्रेष्ठ	२) मनिषा श्रेष्ठ स्थायी ठेगाना: ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.१७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.१५, बाबु : यज्ञ बहादुर श्रेष्ठ बाजे : जित बहादुर श्रेष्ठ

	ऋणीको विवरण	घितोको विवरण
३)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं. २१८४६/०६४ अन्तर्गत मिति २०६४/११/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, वाहुनी गा.वि.स. वडा नं. ३, स्थित **रुक्मणि काँटा किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता: रमेश कुमार खवास** स्थायी ठेगाना: मोरङ जिल्ला, वाहुनी गा.वि.स वडा नं. ३ हालको ठेगाना: मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ६ बाबु : आशाराम खवास बाजे : डियालाल खवास	१) डियालाल खवासको नाति, आशाराम खवासको छोरा, मोरङ जिल्ला, वाहुनी गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भइ हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं.

बेलायतकी राज्यमन्त्रीले गरिन् अरुण–३ भ्रमण

'कार्बन उत्सर्जन न्यूनीकरणमा नेपालको महत्त्वपूर्ण भूमिका'

नयाँ पत्रिका
काठमाडौं, २५ फागुन



बेलायतकी राज्यमन्त्री अर्थात् फरेन, कमनवेल्थ एन्ड डेभलपमेन्ट मिनिस्टर अफ स्टेट (इन्डो-प्यासिफिक) एने-म्यारी ट्रेबेलियनले कार्बन उत्सर्जन न्यूनीकरणमा नेपालको महत्त्वपूर्ण भूमिका रहेको बताएकी छिन्। जलविद्युत् उत्पादनमा नेपालको तुलनात्मक र प्रतिस्पर्धी लाभको चर्चा गर्दै उनले स्वच्छ र नवीकरणीय ऊर्जाको क्षेत्रीय व्यापारबाट कार्बन उत्सर्जन न्यूनीकरणमा नेपालको महत्त्वपूर्ण भूमिका खेलेको बताएकी हुन्।

नेपाल भ्रमणमा रहेकी बेलायतकी राज्यमन्त्री ट्रेबेलियनले बिहीबार संखुवासभामा निर्माणाधीन नौ मेगावाटको अरुण-३ जलविद्युत् परियोजनाको भ्रमणका क्रममा कार्बन उत्सर्जनमा नेपालको भूमिकाको चर्चा गरेकी हुन्।

उनले परियोजनाको विद्युत् गृहस्थल तथा ट्रान्सफर्मर बनेको अवलोकन गर्दै नेपालले स्वच्छ र नवीकरणीय ऊर्जा उत्पादनका क्षेत्रमा अभूतपूर्व उपलब्धि हासिल गर्नेतर्फ मुखरित रहेको पनि बताइन्। अरुण-३ जलविद्युत् परियोजना भारतीय कम्पनी एसजेभिएनको मुख्य स्वामित्वमा स्थापित एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनीले निर्माण गरिरहेको छ। परियोजनाको उत्पादनतर्फको हालसम्मको भौतिक प्रगति करिब ६१.२ प्रतिशत रहेको छ।

विकासकर्ता स्वयंले परियोजना विद्युतगृहदेखि भारतको सीतामढीसम्म चार सय केभी क्षमताको कुल दुई सय ५३ किमि लामो अन्तरदेशीय प्रसारण लाइन निर्माण गरिरहेको छ। आयोजनाको निर्माण यसै वर्ष २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य छ।

भ्रमणका क्रममा बेलायतले लगानी बोर्डलाई दिँदै आएको प्राविधिक सहयोगलाई निरन्तरता दिने उल्लेख पनि गरेको छ। राष्ट्रिय महत्त्वका पूर्वाधार परियोजनामा सार्वजनिक-निजी साझेदारीमा लगानी जुटाउने तथा विकास गर्ने नोडल एजेन्सीका रूपमा रहेको लगानी बोर्डको क्षमता विकास तथा संस्थागत सुदृढीकरणमा बेलायतले विगत लामो समयदेखि सहयोग उपलब्ध गराउँदै आएको छ।

परियोजनास्थल भ्रमणका क्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अरुण-३ जलविद्युत् परियोजना नेपालको ऊर्जा विकासमा महत्त्वपूर्ण कोसेढुंगा रहेको बताए। लगानी बोर्डले कोभिड-१९ महामारीको कठिन समयमा पनि परियोजना कार्यान्वयन जारी राख्न आवश्यक सहजीकरण गरेको उनको भनाइ थियो। उनले लगानी बोर्डलाई मित्रराष्ट्र बेलायतले दिँदै आएको सहयोगको प्रशंसा गरेका थिए।

त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवालले नेपालमा निर्माणाधीन र निर्माणका लागि गृहकार्य अघि बढाइएका ठूला जलविद्युत् परियोजनाहरूले विद्युत्को माग सम्बोधनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। साथै, क्षेत्रीय विद्युत् व्यापारलाई सार्थक बनाउन दक्षिण एसियाली देशहरूबीच अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई तीव्रता दिनुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो।

अरुण-३ जलविद्युत् परियोजनास्थल उच्चस्तरीय भ्रमण टोलीमा राज्यमन्त्री ट्रेबेलियनसहित नेपालका लागि बेलायतकी राजदूत निकोला पोलिट, एफसिडिओ डेभलपमेन्ट डाइरेक्टर पिपा बोर्ड, लगानी बोर्ड नेपाल तथा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो।

सुर्खेतमा इन्फिनिटी लघुवित्तको गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले सुर्खेतमा समूह प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। संस्थाले सुर्खेत शाखाअन्तर्गतका एक सय ६१ जना समूह अध्यक्षहरूको उपस्थितिमा कार्यक्रम गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि असुली तथा जोखिम व्यवस्थापन विभागका प्रमुख नयन देवकोटाले वित्तीय साक्षरता तथा आधुनिक डिजिटल प्रविधि तथा मोबाइल बैंकिङसँग सम्बन्धित विषयमा



प्रशिक्षण दिएको जनाइएको छ। शाखामा भएका कुल एक सय ८२ समूहमध्येबाट तीनवटा समूह पुरस्कृत भएको तथा उत्कृष्ट व्यवसायी सदस्य कमला दर्लामीलाई समेत सम्मान गरिएको असुली तथा जोखिम व्यवस्थापन विभागका प्रमुख देवकोटाले बताए।

संस्थाको वर्तमान अवस्थाबारे शाखाका प्रमुख विश्वेश्वर विष्टले जानकारी दिएको संस्थाले जनाएको छ। कार्यक्रममा वित्तीय संस्थाले हाल बजारमा देखिएका विविध समस्या समाधानका लागि सामूहिक सहयोग, सामूहिक प्रयासका लागि विष्णुकुमारी शाहीको अध्यक्षतामा समितिसमेत गठन गरेको जनाइएको छ।

चार संस्थालाई सिआइटीको सहयोग

काठमाडौं/ नागरिक लगानी कोषले ३३औं वार्षिकोत्सवको अवसर पारेर चारवटा संस्थालाई आर्थिक सहयोग प्रदान गरेको छ। कोषले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गत कुल सात लाख ५० हजार रुपैयाँ सहयोग प्रदान गरेको हो।

कोषले सशस्त्र प्रहरी बल, नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालयलाई 'ए' डिभिजन डबल लिग खेल्न आवश्यक पर्ने खेलकुदलगायतका सामग्री खरिद गर्न एक लाख ५० हजार रुपैयाँको चेक प्रदान गरेको जनाएको छ। त्यस्तै, स्वास्थ्य क्षेत्रतर्फ अशक्त, अपांग भएका मस्कुलर डिस्ट्रोफीका बिरामीहरूको पुनर्स्थापनका लागि फिजियोथेरापी, एम्बुलेन्स र एकीकृत स्वस्थ्य शिविर सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले मस्कुलर डिस्ट्रोफी फाउन्डेसन-नेपाल, शंखरापुर काठमाडौंलाई दुई लाख रुपैयाँको चेक प्रदान गरेको जनाइएको छ।

कोषले उपत्यकाबाहिर दाङको राप्ती बहिरा संघलाई सहयोग गरेको छ। फरक क्षमता भएका बालबालिकालाई खेलकुदका माध्यमबाट उत्साहित गर्न अपांगता भएका व्यक्तिहरूका लागि काम गर्दै आएको राप्ती बहिरा संघलाई समावेशी खेलकुदसम्बन्धी कार्यका लागि दुई लाख रुपैयाँको चेक प्रदान गरेको जनाएको छ। त्यस्तै, कमजोर आर्थिक अवस्था भएका बालबालिकालाई अध्यापन गराइरहेको चितवनको पदमपुर आधारभूत विद्यालयलाई दुई लाख रुपैयाँको चेक हस्तान्तरण गरेको जनाएको छ।

ती संस्थालाई बिहीबार कोषका कार्यकारी निर्देशक रमण नेपालले चेक हस्तान्तरण गरेका हुन्। सहयोग रकमको चेक हस्तान्तरण गर्दै उनले कोषले विगतदेखि नै सामाजिक उत्तरदायित्वअन्तर्गत काम गर्दै आइरहेको र आगामी दिनमा पनि यस्तो कार्यलाई निरन्तरता दिने बताए।

आइएमई अटोमोटिभ्सको 'महिला सशक्तीकरण अभियान'

काठमाडौं/ अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर एस्कर्ट्सको नेपालका लागि आधिकारिक वितरक आइएमई अटोमोटिभले महिला सशक्तीकरणका लागि नयाँ अभियान सुरु गरेको छ। कम्पनीले सैद्धान्तिक एवं व्यावहारिक ज्ञानसहितको निःशुल्क तालिम प्रदान गर्ने अभियान सुरु गरेको हो।

उक्त तालिममार्फत महिलालाई ब्याक हो लोडर चलाउने सीप हासिल गर्न, सवारीसाधनको इजाजतपत्र प्राप्त गर्न मद्दत गर्नुका साथै सम्बन्धित क्षेत्रमा सुरक्षित रोजगारीका अवसर खोज्न मद्दत पुग्ने कम्पनीले विश्वास व्यक्त गरेको छ। यस्ता अभियानले महिला सशक्तीकरणमा जोड दिँदै परम्परागत मान्यतामा परिवर्तन आउने कम्पनीले अपेक्षा गरेको कम्पनीले जनाएको छ।

आइएमई अटोमोटिभ्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त पुराणिकले निर्माण उद्योगमा महिलाले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास रहेको बताए। उनले भने, 'यो निःशुल्क तालिम प्रदान गरेर, हामी महिलालाई सशक्तीकरण गर्ने र उनीहरूलाई सफल हुन आवश्यक पर्ने उपकरण उपलब्ध गराउन सफल हुने विश्वासमा छौं।' यो अभियान सबै पृष्ठभूमि र उमेरका महिलाका लागि खुला हुने जनाइएको छ। तालिमको अन्त्यमा सहभागीले प्राप्त गर्ने पूर्णताको प्रमाणपत्रले सम्भावित रोजगारदातालाई आफ्नो नयाँ प्राप्त सीप प्रदर्शन गर्न प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ।



सगरमाथा जलविद्युत्को आरक्षित सेयर बाँडफाँट

काठमाडौं/ सगरमाथा जलविद्युत् कम्पनी लिमिटेडले इलाम जिल्लामा स्थायी बसोवास गर्ने स्थानीयवासी तथा वैदेशिक रोजगारीमा रहेकालाई छुट्याइएको साधारण सेयर बाँडफाँट भएको छ। निष्कासन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडले स्थानीयका लागि छुट्याइएको ११ लाख २० हजार कित्ता सेयर र नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीका लागि छुट्याएको चार लाख ३६ हजार आठ सय कित्ता सेयर बाँडफाँट भएको हो।

स्थानीयवासीलाई बाँडफाँट गर्दा १० कित्तादेखि तीन हजार कित्तासम्म आवेदन दिने आवेदकलाई मागबमोजिम, तीन हजार एक सय ५० कित्ता देखि १० हजार कित्तासम्म आवेदन दिने आवेदकलाई तीन हजार ८० कित्ता र तीन हजार एक सय ५० कित्तादेखि १० हजार कित्तासम्म आवेदन दिने आवेदकलाई ३० कित्ता र ४० कित्तादेखि पाँच हजार कित्तासम्म आवेदन दिने नौ हजार पाँच सय ४१ जनामध्ये गोलाप्रथाबाट ६ हजार आठ सय ३२ जनालाई थप १० कित्ता गरी जम्मा चार लाख ३६ हजार आठ सय कित्ता सेयर बाँडफाँट भएको प्रभु क्यापिटलले जनाएको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०७९/११/२६

यस फाइनान्सको शाखा कार्यालय, खुरखुरे, चितवनबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना तथा कर्जा रकम चुक्ता गर्न र धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझ्काई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले यस फाइनान्सको नाममा सुरक्षण राखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७७/०३/२१ मा दर्ता नं. २३७७९८/७६/०७७ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरमा मिति २०७७/०३/२२ मा स्थायी लेखा नं. ६०९७५५५२७ को प्रमाणपत्र प्राप्त
पशुपतिनाथ मोटर्स प्रा. लि.
संचालकहरु : **राम शरण चौधरी/जनु महतो/पुम प्रसाद कट्टेल।**
ठेगाना : भरतपुर महानगरपालिका वडा नं. १२, आस्था चोक, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

१. नाम : राम शरण चौधरी बाबु : मगरा महतो बाजे : हटु महतो ना.प्र.नं. : १२२५/०४४ जारी मिति : २०५८/०२/०४, जि.प्र.का. चितवन। ठेगाना : खैरहनी-४, चितवन, हाल खैरहनी न.पा. ८, चितवन।	**२. नाम : मिना चौधरी** बुबा : परन महतो थारु पति : रामशरण चौधरी ससुरा : मगरा महतो ना.प्र.नं. : १३०८/०४४ जारी मिति : २०६२/०१/१५, जि.प्र.का. चितवन। ठेगाना : खैरहनी-४, चितवन, हाल खैरहनी न.पा. ८, चितवन।
३. नाम : जनु महतो बाबु : अजित महतो बाजे : कानुन महतो ना.प्र.नं. : १४६६ जारी मिति : २०४३/०८/३०, जि.प्र.का. चितवन। ठेगाना : खैरहनी-३, चितवन, हाल खैरहनी न.पा. ७, चितवन।	**४. नाम : सोमिया थरुनी** पति : जनु महतो ससुरा : अजित महतो ना.प्र.नं. : ४/१४६७ जारी मिति : २०४५/०२/११, जि.प्र.का. चितवन। ठेगाना : खैरहनी-३, चितवन, हाल खैरहनी न.पा. ७, चितवन।
५. नाम : दिनेश महतो बाबु : जनु महतो बाजे : अजित महतो ना.प्र.नं. : २६६४६ जारी मिति : २०६२/०८/१९, जि.प्र.का. चितवन ठेगाना : खैरहनी-३, चितवन, हाल खैरहनी न.पा. ७, चितवन।	**६. नाम : श्याम प्रजा** बाबु : कृपा सिं प्रजा बाजे : मान बहादुर प्रजा ना.प्र.नं. : २४/१८३३६ जारी मिति :२०६१/०८/२१, जि.प्र.का. मकवानपुर। ठेगाना : सरीखेत-७, मकवानपुर, हाल रत्ननगर न.पा. १४, चितवन।
७. नाम : पुम प्रसाद कट्टेल बाबु : बेद प्रसाद कट्टेल बाजे : त्रिलोचन कट्टेल ना.प्र.नं. : ३८९०७ जारी मिति : २०५६/०७/१६, जि.प्र.का. तनहुँ। ठेगाना : भानु-७, तनहुँ। हाल कालिका न.पा. ६, चितवन।	**८. नाम : राधिका पोखरेल कट्टेल** बुबा : निलकण्ठ पोखरेल पति : पुम प्रसाद कट्टेल ससुरा : बेद प्रसाद कट्टेल ना.प्र.नं. : ४४३०२७/१४१ जारी मिति : २०६३/१०/१२, जि.प्र.का. तनहुँ। ठेगाना : भानु-२, तनहुँ। हाल कालिका न.पा. ६, चितवन।

धितोमा रहेको सुरक्षणको विवरण :

१) मालपोत कार्यालय, खैरहनी, चितवनमा जनु महतोको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक खैरहनी ४ क, स्थित कित्ता नं. ६५३, ८२३ र ६५५ क्षेत्रफल क्रमश २८७.८१ वर्ग मिटर, २११.६३ वर्ग मिटर र ५०.७९ वर्ग मिटरको जग्गा तथा त्यसमा भए गरेको निर्माणहरु लिग-लगापात समेत।

२) मालपोत कार्यालय, खैरहनी, चितवनमा जनु महतोको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक खैरहनी ३ स्थित कित्ता नं. १९, क्षेत्रफल १७५.२० वर्ग मिटरको घर-जग्गा तथा त्यसमा भए गरेको निर्माणहरु लिग-लगापात समेत।

३) मालपोत कार्यालय दमौली, तनहुँमा पुम प्रसाद कट्टेलको नाममा दर्ता कायम रहेको तनहुँ जिल्ला, साविक दोरदोर वडा नं. ७ख, स्थित कित्ता नं. ५३६, ५३४ क्षेत्रफल क्रमश ७८१३.९० वर्ग मिटर, र २७४.२० वर्ग मिटरको जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिग-लगापात समेत।

४) मालपोत कार्यालय दमौली, तनहुँमा राधिका पोखरेल कट्टेलको नाममा दर्ता कायम रहेको तनहुँ जिल्ला, साविक दोरदोर वडा नं. ७ ख, स्थित कित्ता नं. ५३१ क्षेत्रफल २०८६.६३ वर्ग मिटरको जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिग-लगापात समेत।

५) धनी आइ.सि.एफ.सि. फाइनान्स लि., ऋणी पशुपतिनाथ मोटर्स प्रा.लि. कायम रहेको यातायात व्यवस्था कार्यालय, वीरगंज पर्सामा दर्ता कायम रहेको प्रदेश २-०३-००१ त ४४१८, इन्जिन नं. 250440DT, च्यासिस नं. JXT2453406 भएको १ थान CASE JXT 55 P ट्र्याक्टर।

लिलाम बिक्री सम्बन्धी शर्तहरु

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात् मिति २०७९/१२/०२ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०७९/१२/०५ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय, खुरखुरे, चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सूचनामा उल्लेखित चल-अचल सम्पत्ति एकमुष्ट वा अलग अलग्गै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ। बोलपत्र फारममा आफुले लिन चाहेको चल/अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ।

(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(५) उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल/अचल सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट गरेको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको चल/अचल सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रक्रियामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(१०) लिलाम बिक्री हुने चल-अचल सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले यस फाइनान्सको शाखा कार्यालय, खुरखुरे, चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ।

(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल/अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४४२५२९२
www.icfcbank.com

हकदावीको सूचना

बाग्मती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं २२ बस्ने प्रतिमान घिमिरेको नातीनी, रत्नाखर घिमिरेको छोरी, श्रीमती सृजना सुबेदीको मिति २०७९/१०/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०४६०५०८०२६२९०३ मा भएको सम्पूर्ण रकम निज सृजना सुबेदी को सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको कान्छो छोरा महेन्द्र राज सुबेदी ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक महेन्द्र राज सुबेदी बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक छोरा महेन्द्र राज सुबेदी ले गरेको दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, पटिहानी, चितवन
फोन नं.:-०५६- ५४११०८०
फ्याक्स :- ०५६- ५४११०८१

हकदावीको सूचना

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. ४, धुम्बाराही, बस्ने ढाकमान बहादुर गुरुङको नाती, सुर्ज बहादुर गुरुङको छोरा, श्री गोपाल गुरुङ (ना.प्र.न.०१।७१।०७००७ काठमाडौं, जारी मिती २०७१।०९।२२) को मिति २०७९/१०/२१ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमारहेको खाता नं. ०२९०५०८०२८४६६० तथा निज प्रोप्राइटरसिप रहेको शुभद्रा इन्टरप्राइजेज खाता नं. ०२९०१०४०२५२४६१(प्रा.फ.र.नं.१४१५२५/०७४/७५, काठमाडौं महानगरपालिका, वडा नं. ४) मा रहेको सम्पुर्ण रकम निजको आमा महालक्ष्मी गुरुङ (ना.प्र.न.२७।०६०/३३९१९, काठमाडौं, जारी मिती २०३८।१०।१९) ले उपलब्ध गराई पाउँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) (क) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, धुम्बाराही, काठमाण्डौं
फोन नं.:- ४००९००६
४००९००७
फ्याक्स :- ४००९००९

सच्याईएको सम्बन्धमा

मिति २०७२/११/१८ गते यसै पत्रिकामा प्रकाशित नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको ऋणीहरु **आर.बि. कन्स्ट्रक्सन र नर बहादुर श्रेष्ठ**को नाममा बैंकमा धितो राखेको चल/अचल सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचनामा प्रकाशित मिति २०७२/११/१८ हुनुपर्नेमा अन्यथा हुन गइकोले अन्य विवरण यथावत रहने गरी प्रकाशित मिति मात्र सच्याइएको व्यहोरा जानकारी गराईछ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड

HELVETAS NEPAL — **Trail Bridge Support Unit**

INVITATION FOR REQUEST FOR PROPOSAL

Invitation of Request for Proposals for Conducting Immersion Study of Trail Bridge Sub-Sector Programme

1. The Trail Bridge Sub-Sector Programme is a Priority-1 programme of the Government of Nepal. Swiss Agency for Development and Cooperation (SDC) has been providing technical assistance and material support through Trail Bridge Support Unit (TBSU)/ Helvetas Nepal.
2. Helvetas Nepal is seeking consultancy services to conduct an immersive study as a part of a multi-year Impact Study of the Trail Bridge Programme in Nepal.
3. The objective of the study is to assess the impact of trail bridges on the lives and livelihoods of locals, especially disadvantaged groups, and assess if and how capacities of stakeholders in communities have been strengthened during trail bridge construction.
4. Request for Proposals (RFP) are invited from Consulting Firms for providing consultancy services for conducting the Immersive Study of Trail Bridge Sub-Sector Programme.
5. Consulting Firms which have at least three years of general working experiences and at least one year working experience in conducting immersive, Reality Check Approach or similar qualitative studies of projects/programs are eligible for bidding.
6. A complete set of RFP documents are made available at: https://www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements until **28 March 2023.**

सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडको नाम परिवर्तन सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७९/११/२६

नेपाल बीमा प्राधिकरण (साविक बीमा समिति) बाट निर्जीवन बीमा व्यवसाय गर्न ईजाजत प्राप्त काठमाडौं जिल्ला, का.म.पा.वडा नं. १ नक्साल स्थित रजिष्टर्ड कार्यालय रहेको सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७९/११/११ गते सम्पन्न वार्षिक साधारण सभाबाट लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.लाई गाभ्ने विशेष प्रस्ताव पारित भई कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा नाम संशोधन गरी कम्पनीको नाम सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड कायम गर्ने विशेष प्रस्ताव पारित भई, कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/११/१९ गतेको निर्णय अनुसार यस कम्पनीको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरी सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड कायम गर्न स्वीकृति प्राप्त भएको व्यहोरा कम्पनीका ग्राहक वर्ग, सर्भेयर, शेयरधनी महानुभाव, नियमनकारी निकाय एवम् सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीका लागी

सशस्त्र विद्रोहदेखि...

पृष्ठ १ बाट क्रमशः

गठबन्धन टुट्न पुग्यो । एमालेसँग सहकार्य गरेर प्रचण्ड प्रधानमन्त्री भए । गठबन्धन तोडिएकोमा पौडेल धेरै निराश भए ।

गठबन्धन टुटेपछि कांग्रेसले पुरानै गठबन्धनको आवश्यकता रहेको भन्दै सरकारलाई विश्वासको मत दिएर 'कोर्स करेक्सन' सुरु गऱ्यो । उम्मेदवार दर्ताको दिनसम्म आउँदा एमाले र माओवादीसहितको गठबन्धन भत्कियो । अन्ततः पौडेलले वकालत गरेको गठबन्धन उनलाई राष्ट्रपति बनाउन एक ठाउँमा उभियो । राजनीतिक यात्राको उदारचढावमा पछिल्लो समय सबै परिस्थिति अनुकूल बन्न पुग्यो र पौडेल अत्यधिक बहुमतले राष्ट्रपतिमा निर्वाचित भए ।

प्रधानमन्त्री बन्न पौडेलले कति महत्त्वाकांक्षा राखेका थिए भन्ने उनको १७ पटक पराजयको विगतले बताउँछ । प्रधानमन्त्रीमा १७ पटक पराजयको विगत पौडेलको जीवनमा धेरै चर्चा हुने विषयमा पर्छ । ०६७ मा भएको प्रधानमन्त्रीको निर्वाचनमा कांग्रेसबाट पौडेल, एमालेबाट झलनाथ खनाल र माओवादीबाट प्रचण्डबीच प्रतिस्पर्धा भएको थियो । निर्वाचनबाट संवैधानिक व्यवस्थाअनुसार मत आउने अवस्था नभएपछि त्यसवेला १७औँ पटकसम्म प्रधानमन्त्रीका लागि प्रतिस्पर्धा भएको थियो ।

प्रतिस्पर्धाबाट परिणाम आउने अवस्था नआएपछि आठौँ प्रतिस्पर्धाबाट प्रचण्ड बाहिरिए । त्यसपछि पौडेल र खनालबीच नौपटकसम्म प्रतिस्पर्धा भएको थियो । संवैधानिक व्यवस्थाअनुसार मत आउने अवस्था नभएपछि त्यसवेला निर्वाचन कानुन नै परिवर्तन गर्नुपरेको थियो । तर, १७ पटकसम्मको प्रतिस्पर्धाबाट पनि पौडेलले बाजी मार्न सकेनन् । अन्त्यमा खनालले जित हासिल गरेका थिए ।

१६ वर्षको उमेर छँदा पञ्चायतविरोधी आन्दोलनसँगै पौडेलको राजनीतिक यात्रा सुरु भएको थियो । १ पुस ०१७ मा जननिर्वाचित संसद् भंग गरी प्रधानमन्त्री बिपी कोइरालालगायतलाई जेल हालिएसँगै सुरु भएको प्रजातान्त्रिक आन्दोलनमा पौडेल सहभागी बनेका थिए । राजनीतिक आन्दोलनका क्रममा पटकपटक गरी उनले १५ वर्ष जेलजीवन बिताएका छन् ।

०१८ मा कांग्रेसले सुरु गरेको सशस्त्र क्रान्तिमा पनि उनी सहभागी बनेका थिए । ०२३ मा उनी लैनचौरस्थित सरस्वती बहुमुखी क्याम्पसमा स्ववियु सभापति बनेका थिए । ०२४ मा प्रजातान्त्रिक समाजवादी युवा लिगको महासचिव निर्वाचित भए । ०२७ मा नेविसंघको संस्थापक केन्द्रीय सदस्य बने । ०४० मा कांग्रेसको केन्द्रीय प्रचार समितिको संयोजकको भूमिका पाएका थिए । ०४३ मा उनी कांग्रेस केन्द्रीय सदस्य बनेका थिए । त्यसयता उनले निरन्तर कांग्रेसको केन्द्रीय समितिमा विभिन्न भूमिका निभाएका छन् ।

उनी ०६२/६४ मा कांग्रेस महामन्त्री, ०६४/७२ मा उपसभापति, ०६४/७० मा कांग्रेस संसदीय दलको नेता, ०७२ मा तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाको निधनपछि कार्यवाहक सभापति बनेका थिए । ०७२ मा कांग्रेसको १३औँ महाधिवेशनमा सभापतिमा शेरबहादुर देउवासँग पराजित बनेका थिए । त्यसयता उनी कांग्रेस वरिष्ठ नेताको हैसियतमा रहँदै आएका थिए ।

प्रजातान्त्रिक आन्दोलनअघि पौडेल कम्युनिस्ट विचारधारामा झुकाव राख्थे भन्ने चर्चा पनि हुने गर्छ । तर, प्रारम्भिक अवस्थाको त्यो झुकाव स्पष्ट रूपमा यही थियो भन्न नसकिने कांग्रेस नेताहरू बताउँछन् । कांग्रेस नेता नरहरि आचार्य विद्यार्थीकालमा प्रारम्भिक रूपमा संलग्नता रहेको सूचना रहे पनि त्यो प्रस्ट रूपमा संलग्नताको आधार नभएको बताउँछन् । 'उहाँको कतैकतै सूचना पाइएको छ । तर, कहाँ कहिले भन्ने प्रस्ट छैन । विद्यार्थीकालमा भएको संलग्नताको विषयमा प्रारम्भिक रूपमा त्यस्तो थियो भन्ने पाइन्छ । तर, स्पष्ट रूपमा त उहाँ कांग्रेसमा नै हो,' उनी भन्छन् ।

पौडेल पार्टीबाहेक सभामुख र राज्यको कार्यकारी भूमिकामा समेत रहे । ०४८ जेठ १५ देखि ०५१ स्थानीय विकास तथा कृषिमन्त्री, २ पुस ०५१ मा सभामुख, ०५६/५८ उपप्रधान तथा गृहमन्त्री, ०६१/६२ माओवादी शान्ति प्रक्रियामा आएपछि बनेको शान्ति सचिवालयको संयोजक, ०६४ मा शान्ति तथा पुनर्निर्माणमन्त्री बनेका थिए ।

पौडेलले विभिन्न भूमिकामा रहेर पनि कुनै अनियमितता र भ्रष्टाचारको आरोप खेप्नुपरेन । निष्कलंक नेताको छवि बनाएका छन् । जसलाई पौडेलको सबैभन्दा सबल पाटो मानिन्छ । तर, केही विषयमा भने पारिवारिक सदस्यलाई लाभका पदमा लैजान खोजेको भन्दै उनको आलोचना हुने गरेको थियो ।

कांग्रेस विभाजित भएर कांग्रेस प्रजातान्त्रिक बन्ने क्रममा पौडेल देउवा समूहमा लाग्न खोजेको आरोप लाग्ने गरेको छ । त्यसवेला देउवा समूहमा जान लागेका पौडेललाई तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले मूल पार्टीमा नै बस्न आश्वस्त पारेपछि उनी रोकिएको चर्चा कांग्रेस वृत्तमा चल्ने गर्छ ।

पौडेलले ०४८ बाट संसदीय यात्रा थालेका थिए । ०४८ मा उनी तनहुँ १ बाट निर्वाचित बनेका थिए । ०५१, ०५६, ०६४ र ०७० मा उनी तनहुँ २ बाट निर्वाचित बनेका थिए । ०७४ मा भने उनी पराजित बन्न पुगे । गत निर्वाचनमा भने उनी तनहुँ २ बाट निर्वाचित बनेका थिए । ०७४ को निर्वाचनमा उनी तनहुँ १ मा पराजित बनेका थिए । गत निर्वाचनमा पौडेल तनहुँ १ बाटै निर्वाचित बनेका हुन् ।

नेपालको शान्ति प्रक्रियामा समेत पौडेलको भूमिकालाई महत्त्वपूर्ण मान्ने गरिन्छ । एमाले अध्यक्ष केपी ओलीले दुई-दुईपटकसम्म संसद् विघटन गर्दा कांग्रेसबाट डटेर सामना गर्नेमा पौडेल अग्रपंक्तिमा थिए । संसद् विघटनसँगै पाँचदलीय गठबन्धन निर्माण, निर्वाचनमा गठबन्धन कायम गर्न र गठबन्धन ब्युँताउन पनि पौडेलले महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

पौडेलमाथि ०५१ सालमा संसद्मै थप्पड हानेको घटना पनि चर्चामा रहनेमा पर्दछ । तत्कालीन एमालेको तर्फबाट राष्ट्रिय सभा सदस्य रहेका गोल्छे सार्कीले त्यसवेला स्थानीय विकासमन्त्री रहेका पौडेलमाथि संसद्मै थप्पड हानेका थिए । तत्कालीन सांसदहरूका अनुसार मन्त्रीको भूमिकामा संसद्मा उठेका प्रश्नको जवाफ दिएर फर्केका पौडेललाई उनी बसेकै ठाउँमा गएर सार्कीले थप्पड हानेका थिए ।

तत्कालीन कांग्रेस सांसद नरहरि आचार्य सार्कीले मन्त्रीको जवाफ चित्त नबुझेर प्रतिरोध गरेको स्मरण गर्छन् । 'मन्त्रीको रोमा रहेका पौडेललाई मन्त्रीको रूपमा उत्तर दिएर बस्न आएपछि चित्त नबुझेर प्रतिरोध गरेका थिए,' आचार्य भन्छन् ।

पौडेलको जन्म २९ असोज २००१ मा बाबु दुर्गाप्रसाद र आमा ऋषिमायाको कोखबाट भएको थियो । मध्यमवर्गीय किसान परिवारमा जन्मिएका पौडेलको जन्मस्थान हालको तनहुँको व्यास नगरपालिका- ८ बेलथुम्की (साबिकको मिर्लुङ, बाहुनपोखरा)मा पर्छ । पौडेल पछिल्लो समय काठमाडौं बोहोराटारमा बस्दै आएका छन् । पौडेलका श्रीमती (सविता पौडेल), चार छोरी (शर्मिला, संज्ञा, अनुज्ञा र अवज्ञा र छोरा (चिन्तन) छन् ।

पौडेलले संस्कृत साहित्यमा शास्त्री र नेपाली साहित्यमा स्नातकोत्तर गरेका छन् । पौडेलका नेपाली कांग्रेसको संक्षिप्त इतिहास, प्रजातान्त्रिक समाजवाद : एक अध्ययन, नेपाली कांग्रेस र नेपालको आधुनिकीकरण, आस्थाको यात्रा, नेपाली कांग्रेस अबको बाटो, प्रजातान्त्रिक समाजवाद, कृषिक्रान्ति र समाजवाद, राजनीतिको राजमार्ग, नेपाली कांग्रेस रूपान्तरणको मार्गचित्र, अभिशप्त इतिहासलगायत दर्जनौँ पुस्तक र विभिन्न विषयमा लेख-रचना प्रकाशित छन् ।

पौडेलले मानव अधिकारसम्बन्धी विभिन्न पुरस्कार र महेन्द्रविक्रम शाह पुरस्कार पाएका छन् । पछिल्लो समय जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन'को सम्मान (सन् २०२०)बाट समेत उनी सम्मानित बनेका थिए ।

जातीय विभेद...

पृष्ठ १ बाट क्रमशः

विज्ञप्ति जारी गरेर कारबाहीको माग गरेका हुन् । बिहीबारको नयाँ पत्रिकामा 'भोजमा करिब पाँच हजार निम्तालु बोलाएर गाउँपालिका अध्यक्षले नै गरे जातीय विभेद' शीर्षकमा समाचार प्रकाशित थियो ।

आयोगका अध्यक्ष विश्वकर्माले कानुनको उल्लंघन जोसुकैले गरेको भए पनि दण्डनीय हुने बताए । गाउँपालिका अध्यक्षजस्तो सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिले मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्यमान्यता, नेपालको संविधान र प्रचलित ऐन-कानुनको उल्लंघन हुने गरी शोषण-उत्पीडनमा पारिएका समुदायलाई घोषित रूपमा छुट्याउने गरी ब्यानरसमेत राखेर दलित समुदायलाई छुट्टै भोज खुवाउने कार्यको निन्दा हुने उनले बताए ।

'अतः गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्न र अपमानित दलित समुदायको मानव अधिकारको संरक्षण गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछौं,' विज्ञप्तिमा भनिएको छ । एमाले सिराहा सचिवसमेत रहेका यादवले इनर्वा परौलस्थित आफ्नो घरमा २२ फागुनमा भोज दिएका थिए ।

राष्ट्रिय दलित नेटवर्कले पनि गाउँपालिका अध्यक्षले नै जातीय विभेद गरेको भन्दै आपत्ति जनाएको छ । महासचिव मोहन ओडद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधान तथा प्रचलित कानुनलाई ठाडो चुनौती दिने गरी जिम्मेवार पार्टी नेताहरू तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरू उपस्थित भएको स्थानमा जातीय छुवाछुतलाई संस्थागत रूपमा संरक्षण गर्ने गरी घटाइएको यस घटनाको जति विरोध गरे पनि कम हुन्छ ।' घटनाको तत्काल सत्यतथ्य छानबिन गरी घटनामा संलग्न गाउँपालिका अध्यक्ष यादवलगायतलाई कारबाही गर्न पनि नेटवर्कले माग गरेको छ । भोजमा गैरदलित, दलित तथा मुस्लिम समुदायलाई प्लेकार्ड टाँगेरै अलग-अलग राखेर जातीय विभेद गरेको भन्दै एमालेकै नेताहरूले विरोध गरेका छन् ।

जसपाले रामसहायलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने

अनिल यादव / नयाँ पत्रिका

जनता समाजवादी पार्टी (जसपा)ले संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको छ । बिहीबार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले यस्तो निर्णय गरेको हो । सत्तारूढ आठदलीय गठबन्धनमा उपराष्ट्रपति जसपाले पाउने सहमति छ ।

'नयाँ गठबन्धनमा भएको सहमतिअनुसार हाम्रो उम्मेदवारलाई सबैलाई स्वीकार गर्नुहुनेछ भन्ने हाम्रो अपेक्षा छ । यो समावेशिताका हिसाबले पनि आवश्यक र उपयुक्त छ,' जसपाका सांसद राजकिशोर यादवले भने । उपराष्ट्रपतिको चुनाव ३ चैतमा हुँदै छ ।

तत्कालीन एमालेसहितको सत्ता गठबन्धनमा भने सुरुदेखि नै माओवादी केन्द्रले उपराष्ट्रपतिमा दाबी गरेको थियो । उपराष्ट्रपतिमा सहमति हुन नसकेकै कारण सरकार गठन भएको दुई महिनासम्म पनि सरकारलाई समर्थन गर्दागर्दै जसपा सरकारमा सहभागी भएको थियो । तर, नयाँ समीकरणअनुसार जसपाले उपराष्ट्रपति पाउने सहमति भएपछि उम्मेदवारको टुंगो लगाएको अध्यक्ष उपेन्द्र यादवले बताए । 'नयाँ गठबन्धन बनिसकेको छैन, तर नयाँ समीकरण बन्दै छ । नयाँ समीकरणअनुसार कांग्रेसले राष्ट्रपति, जसपाले उपराष्ट्रपति पाउने सहमति भएको हो,' उनले भने ।

सप्तरी २ मा जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएयता उपेन्द्र यादव रामसहायलाई उपराष्ट्रपति बनाएर उपनिर्वाचनमार्फत संसद् छिर्ने प्रयासमा छन् । अध्यक्ष यादव स्वयं यो विषय स्वीकार गर्दैनन्, तर जसपाभित्र यो 'ओपन सेक्रेट'जस्तै छ ।

'यस विषयमा अहिले सोचिसकेको छैन, तर सम्भावना त हुने नै भयो,' उनले भने ।

जसपाका एक नेताका अनुसार उपेन्द्रले रामसहायलाई संसदीय दलको नेता बनाउनुको कारण पनि यही हो । निर्वाचनमा पराजित भएयता उनको मिसन उपराष्ट्रपति थियो । तर, सत्ता साझेदार दलभित्र राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादीले लिने 'गोप्य' सहमतिका कारण उनी चिढिएका थिए । 'अध्यक्षज्यूको बार्गेनिङ प्वाइन्ट नै उपराष्ट्रपति पद थियो,' ती नेताले भने, 'रामसहायजीलाई उपराष्ट्रपति बनाउने र उहाँको निर्वाचन क्षेत्र बारा २ बाट चुनाव जितेर पुनः संसद्मा आउने उहाँको चाहना हो । रामसहायजीलाई संसदीय दलको नेता बनाउनुको कारण पनि त्यही हो । त्यसो हुँदा पछि आफू दलको नेता बन्न पनि सजिलो हुने भयो ।'

बारा २ निर्वाचनताका उपेन्द्र स्वयं उम्मेदवार सिफारिस भएको क्षेत्र पनि हो । तर, उनी सप्तरी २ बाट उम्मेदवार बने । उपेन्द्रले बारा २ लाई जितका लागि सहज क्षेत्रसमेत ठानेका छन् । कारण यो क्षेत्रको समानुपातिक मतगणनामा पनि जसपा सबैभन्दा अगाडि छ । जसपा १३ हजार मतसहित पहिलो छ भने एमाले नौ हजारभन्दा बढी मतसहित दोस्रोमा छ । नयाँ समीकरणमा रहेका दलहरूको सहयोग मिलेमा आफूले सहजै जित निकाल्न सक्ने उनको आकलन छ ।

जसपाले आठदलीय गठबन्धनमा उपराष्ट्रपति पाउने सहमति भएको दाबी गरे पनि गठबन्धनमा रहेका अन्य मधेसकेन्द्रित दलहरूले त्यसमा असन्तुष्टि जनाएका छन् । खासगरी जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीको आपत्ति रहेको गठबन्धनमा सहभागी दलका एक नेताले बताए ।

सर्वोच्च पदमा...

पृष्ठ १ बाट क्रमशः

बनेका नेम्वाङले संघ र प्रदेश एक-एक अतिरिक्त मत प्राप्त गरेका छन् । नेम्वाङले २९.४८ प्रतिशत मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जितका लागि नेम्वाङलाई झन्डै २१ प्रतिशत मत पुगेन ।

संघमा १४ र प्रदेश सभामा २८ मत अर्थात् दुई हजार चार सय ५० मतभार भएको राप्रपा निर्वाचनमा सहभागी भएन । संघमा एक र प्रदेश सभामा तीन मत अर्थात् दुई सय २३ मतभार भएको नेमकिपा तटस्थ बसेर मतदानमा सहभागी भएन ।

दुई सय ७३ मतदाता कायम भएको प्रतिनिधिसभातर्फ राप्रपाका १४ र नेमकिपाको एक मतबाहेक कांग्रेसका चन्द्र भण्डारी र माओवादी केन्द्रका वर्षमान पुन बिरामी भएकाले मतदानमा उपस्थित हुन सकेनन् । कर्तव्य ज्यान मुद्दामा फरार एमाले सांसद लक्ष्मी कोइरी महतो पनि अनुपस्थित थिए । जसपाकी समानुपातिक सांसद शहनाज रहमानको हृदयाघातबाट निधन भएकाले उनको मत पनि परेन ।

पाँच सय ५० मत कायम भएको प्रदेश सभातर्फ राप्रपाका २८, नेमकिपाका तीनबाहेक जसपाका एकजना गरी ३२ मतदाता अनुपस्थित रहे । जसमा कोसीबाट ६, मधेसबाट दुई, बागमतीबाट १६, गण्डकीबाट दुई, लुम्बिनीबाट चार, कर्णाली र सुदूरपश्चिमबाट एक-एकजना रहेका छन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार मतदानमा संघतर्फ एक र प्रदेशतर्फ चार मत बदर भएको छ ।

नवनिर्वाचित राष्ट्रपति पौडेललाई अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको लोत्से हलमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गरेका थिए । निर्वाचित राष्ट्रपति पौडेललाई सरकारले कारगेडसहित सुरक्षा दस्ता उपलब्ध गराएको छ । बोहोराटारस्थित निवासमा सुरक्षासमेत बढाएको छ ।

प्रमाणपत्र प्रदान गर्ने समारोहमा प्रतिद्वन्द्वी नेम्वाङ अनुपस्थित रहे । नेम्वाङका निर्वाचन प्रतिनिधि महेश बर्तौलाले पौडेललाई माला लगाएर बधाई ज्ञापन गरेका थिए । समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अंकमाल गरेर पौडेलसँग बधाई साटासाट गरेका थिए ।

निर्वाचन आयोगले शुक्रबार वर्तमान राष्ट्रपति विद्या भण्डारीलाई सम्पन्न निर्वाचनको प्रतिवेदन बुझाएपछि पौडेलले शपथ खाने बाटो खुल्नेछ । प्रमुख निर्वाचन आयुक्त थपलियाले शुक्रबार दिउँसो ३ बजे राष्ट्रपति भण्डारीलाई निर्वाचन प्रतिवेदन बुझाइने बताए । 'प्रतिवेदन बुझाएपछि शपथग्रहणको प्रक्रिया अगाडि बढ्छ,' उनले भने, 'हामीसँग सल्लाह भएअनुसार २९ गते सोमबार नयाँ राष्ट्रपतिको शपथग्रहण र निवर्तमान राष्ट्रपतिको बिदाइ हुन्छ ।' वर्तमान राष्ट्रपति भण्डारीको पाँचवर्षे कार्यकाल आइतबार सकिँदै छ ।

संविधानमा राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने, संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुने उल्लेख छ । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने संविधानमा उल्लेख छ ।

त्यस्तै, निर्वाचित भएलगत्तै पौडेलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको निवास पुगेर धन्यवाद दिएका छन् ।

प्रतिस्पर्धी नेम्वाङले पौडेललाई बधाई दिँदै संविधान र कानुनबमोजिम राष्ट्रपतिको भूमिका सफलतापूर्वक सम्हाल्न सुझाव दिए । यो कार्यमा आफ्नो तर्फबाट पूर्ण साथ सहयोग र समर्थन रहने उनको प्रतिबद्धता थियो । 'राष्ट्रपतिजस्तो सम्मानित पदमा मेरा मित्र रामचन्द्र पौडेलजी निर्वाचित हुनुभएको छ, उहाँलाई कार्यकाल सफलताका लागि बधाई र शुभकामना छ । संविधान र कानुनबमोजिम राष्ट्रपतिको भूमिका सफलतापूर्वक निर्वाह गर्नुहोस् । मेरोतर्फबाट उहाँलाई पूरै साथ, सहयोग र समर्थन रहनेछ भन्ने विश्वास दिलाउन चाहन्छु,' निर्वाचन परिणाम सार्वजनिक भएपछि उनले पत्रकारसँग भने ।

भ्रष्टाचार मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

तीन वर्षसम्म कैद थप्न सक्ने व्यवस्था छ । यस दफाबमोजिम तत्कालीन महिला, बालबालिका तथा समाजकल्याणमन्त्री न्यौपानेका साथै अन्य दुईजनालाई पनि यस दफाबमोजिम सजाय थप भएको छ ।

विशेष अदालतका उपरजिस्ट्रार नारद भट्टराईका अनुसार समाज कल्याण परिषद्का तत्कालीन उपाध्यक्ष प्रमोद मेहतालाई आठ वर्ष र थप ६ महिना तथा इन्जिनियरसमेत रहेका तत्कालीन सदस्यसचिव रवीन्द्रकुमार यादवलाई पनि उति नै सजाय तोकिएको छ । मन्त्री न्यौपानेका साथै मेहता र यादवलाई समेत जनही दुई करोड ४३ लाख ६८ हजार रुपैयाँभन्दा बढी बिगो तथा जरिवाना असुलउपर हुने सजाय सुनाइएको हो ।

यो मुद्दामा विशेष अदालतबाट १६ फागुनमै आंशिक ठहरको फैसला भए पनि बिहीबार मात्र सजाय निर्धारण गरिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २१ माघ ०७५ मा १४ जनालाई प्रतिवादी कायम गरी मुद्दा चलाएकोमा नौजनामाथि अभियोग दाबी ठहर भएको थियो भने पाँचजनाले सफाइ पाएका थिए । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासले यस्तो फैसला गरेको हो ।

भृकुटीमण्डपस्थित समाज कल्याण परिषद्को जग्गा भाडामा लिई मेला सञ्चालन गरेका व्यवसायी तथा हाल कांग्रेसबाट निर्वाचित भई निलम्बनमा रहेका सांसद टेकबहादुर गुरुङमाथि पनि पनि कसुर ठहर भएको थियो । विशेषका उपरजिस्ट्रार भट्टराईका अनुसार उनलाई एक करोड २१ लाख ८४ हजार रुपैयाँभन्दा बढी जरिवाना र उति नै रकम बिगो असुलउपर गर्ने फैसला भएको छ ।

उपरजिस्ट्रार भट्टराईका अनुसार तत्कालीन कोषाध्यक्ष कुञ्जबिहारीप्रसाद चौधरीको मृत्यु भइसकेकाले केवल बिगो असुलउपर गर्न आदेश भएको छ । उनलाई पनि दुई करोड ४३ लाख ६८ हजार रुपैयाँभन्दा बढी बिगो र जरिवाना तोकिएको हो । तत्कालीन सदस्य मोहनराज शर्मालाई पनि उति नै जरिवाना र बिगो तथा आठ वर्ष कैद सजाय सुनाइएको छ ।

अर्का सदस्य मदनकुमार लाल कर्णलाई पनि आठ वर्ष कैद र पूर्वमन्त्री न्यौपाने जति नै बिगो र जरिवानाको फैसला भएको छ । यसैगरी, परिषद् सदस्य हरि न्यौपानेलाई आठ वर्ष कैद भए पनि बिगो र जरिवानाको सजाय भएको छैन । भृकुटीमण्डप मेलाका प्रमुख सञ्चालक रवीन्द्र गुरुङलाई भने दुई करोड ४३ लाख रुपैयाँभन्दा बढी बिगो र जरिवाना असुलउपरको सजाय सुनाइएको छ ।

दर्ता नं. : ४४३७/०७३/०७४

माँ भगवती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

धितो लिलाम बिक्री गरिने सम्बन्धी १५(पन्ध्र) दिने सार्वजानिक सूचना

(प्रकाशित मिति : २०७९/११/२६)

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिले लिनु भएको व्यक्तिगत कर्जाको शर्त मुताबिक बुझाउनु पर्ने साँवा व्याज नबुझाई कर्जाको शर्त कबुलियत उलंघन गर्नुका साथै पटक-पटक मौखिक, लिखित तर-ताकेता गर्दा समेत तिर्न बुझाउन नल्याउनु भएको हुँदा प्रथम पटक मिति २०७९/०९/२४ मा ३५ दिने र २०७९/११/०४ गते १५ दिने नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजानिक सूचना प्रकाशित भएको र हालसम्म पनि उक्त कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जाहा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असूल उपर गर्नु पर्ने भएकोले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम धितो लिलाम बिक्रिका लागि पहिलो पटक यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ऋण चुक्ता गर्ने अघिल्लो दिन सम्मको साँवा, व्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ति फूकुवा गरी लिन ऋणी तथा सम्बन्धीत जमानिकर्ताहरुलाई जानकारी गराइन्छ । अन्यथा यो सूचना प्रकाशित भएको १६ औं दिन निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही लिलाम बढाबढको माध्यमबाट धितो बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरुलाई यसै सूचनाद्वारा आव्हान गरिन्छ । साथै धितो लिलाम बिक्रि गरिदा समेत सम्पूर्ण लेना रकम असूल उपर नभएमा ऋणी तथा जमानिकर्ताको अन्य चल अचल सम्पत्तिबाट कानून बमोजिम लेना रकम असूल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम, थर र ठेगाना	धितोको विवरण	जमानीकर्ता
बद्री प्रसाद लामिछाने (ना.प्र.न.: ४८५७३ जिप्रका गोरखाबाट जारी भएको) **ठेगाना :** तान्द्राङ्ग -०१ गोरखा बाबु : हरि प्रसाद लामिछाने बाजे : श्रीलाल	जिल्ला : चितवन उप.म.न.पा.: पिठुवा वार्ड नं. : ०८ कि.नं. : १२३१ क्षेत्रफल: ०-३-०-०(विघा) जग्गा धनिको नाम **१. बद्री प्रसाद लामिछाने** ठेगाना: तान्द्राङ्ग-०१ गोरखा **२. गिता पौडेल** ठेगाना : पिठुवा-०८ चितवन	**१. कल्पना लामिछाने** (ना.प्र.न. : २४३०२९/९ जिप्रका गोरखाबाट जारी भएको) ठेगाना : तान्द्राङ्ग-०१ गोरखा बाबु : कृष्ण बहादुर थापामगर ससुरा : हरि प्रसाद लामिछाने **२. अमृत लामिछाने** (ना.प्र.न.: ४४-०१-७१-०१३२९ जिप्रका गोरखाबाट जारी भएको) ठेगाना : तान्द्राङ्ग-०१ गोरखा बाबु : बद्री प्रसाद लामिछाने बाजे : हरि प्रसाद लामिछाने

बोलकबोलका शर्तहरू:

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तीले आफुले बोलेको रकमको १० प्रतिशतले हुन आउने रकम नगदै वा संस्थाको नाममा खिचिएको अकाउण्ट पेई चेक बुझाउनु पर्नेछ ।
२. लिलाम बढाबढको सम्बन्धमा अचल सम्पत्ति दिने नदिने निर्णय संस्थामा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गरि पाउने व्यक्ति वा संस्थाले संस्थाले तोकेको मिति भित्र बाँकि रकम बुझाइ अचल सम्पत्ति नामसारी गरी लिनु पर्नेछ ।
४. लिलाम तोकिएको दिन बिदा वा सार्वजानिक बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ गरिने छ । लिलाम प्रकृया सुरु भए पश्चात सो दिन नम्याईएमा त्यसको भोलिपल्ट पुनः बाँकि काम सम्पन्न गरिनेछ ।
५. लिलाम सकार गरेको सम्पत्ति नामसारी, दा.खा. गर्न लाग्ने सम्पूर्ण खर्च, दस्तुर लिलाम सकार गरी लिनेले नै तिर्न बझाउन पर्नेछ ।
६. सम्बन्ति ऋणीले लिलाम प्रकृया सुरु हुन अगावै कर्जा चुक्ता गरेमा लिलाम कार्य स्वतः स्थगित हुनेछ ।
७. लिलाम सकार गरी धितोमा रहेको सम्पत्ति कसैले नलिएमा प्रचलित कानून बमोजिम धितो रहेको जेथा संस्थाको नाममा सकार गरी लिइनेछ ।
८. यस सम्बन्धी अन्य जानकारीको लागि संस्थामा सम्पर्क गर्न सक्नु हुनेछ ।

लिलाम हुने मिति : यो सूचना प्रकाशित गरेको १६ औं दिन अर्थात मिति : २०७९/१२/१२ गते
समय : दिनको ३:०० बजे
स्थान : संस्थाको कार्यालय, का.जि.का.म.न.पा. वडा नं.-१७, ढल्कु, काठमाडौं ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/११/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगञ्ज, धम्बोजीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७७/१०/०७ मा दर्ता नं. २५३२७६/०७७/०७८ कायम भई द

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०
शुक्रबार २५ फागुन ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एकदिवसीय मान्यता जोगाउँदै नेपाल

ओपनर आसिफ शेखले एकदिवसीय खेलमै पहिलो शतकीय इनिङ्स खेल्दा पपुवा न्युगिनी नेपालसँग ५२ रनले पराजित भएको छ। नेपालले बाँकी तीनमध्ये एक खेलमा जित निकाल्दा पनि चार वर्षका लागि एकदिवसीय मान्यता रक्षा गर्नेछ।



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, २५ फागुन

ओपनर आसिफ शेखको शतक र सन्दीप लामिछानेले चार विकेट लिएपछि बिहीबार नेपालले आइसिसी पुरुष विश्वकप लिग-२ सिरिजमा पपुवा न्युगिनी (पिएनजी)लाई ५२ रनले पराजित गरेको छ। अब नेपाललाई चार वर्षका लागि एकदिवसीय मान्यता रक्षा गर्न एक जित मात्र आवश्यक छ। पपुवा न्युगिनीमाथिको जितपछि नेपालले विश्वकप लिग-२ मा ३३ खेलबाट १६ जितसहित ३४ अंक बनाएको छ। नेपाल पाँचौं स्थानमा यथावत् छ। नेपालले एक खेल कम खेलेको युएईमाथि पाँचौं स्थानमा तीन अंकको अग्रता लिएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)का अनुसार विश्वकप लिग-२ को शीर्ष पाँचमा रहने राष्ट्रहरूले चार वर्षका लागि एकदिवसीय मान्यता प्राप्त गर्नेछन्।

नेपालले तेस्रो स्थानमा रही अर्को वर्ष जिम्बाबेमा हुने आइसिसी एकदिवसीय विश्वकप छनोटमा प्रवेश गर्न बाँकी सबै खेल जित्नुपर्नेछ। आउने तीन खेल जित्दा नेपालको ४० अंक हुनेछ। अहिले तेस्रो स्थानमा रहेको नामिबिया चौथो स्थानमा झर्नेछ। नेपालले घरेलु मैदानमा शतप्रतिशत नतिजा निकाल्दा तेस्रो स्थानमा पुग्नेछ। विश्वकप लिग-२ बाट च्याम्पियन स्कटल्यान्ड र दोस्रो स्थानको ओमान विश्वकपको सीधा छनोट प्रतियोगितामा छनोट भइसकेका छन्।

नेपाल, युएई र नामिबियाबीच तेस्रो स्थानको होड चलिरहेको छ। नेपालले आइतबार युएईविरुद्ध खेल्नेछ। पपुवा न्युगिनीमाथि पुनः एकपटक सानदार जित निकालेपछि नेपालको इनिङ्समा शतक बनाएका आसिफले उत्कृष्ट इनिङ्स खेल्न लामो समय प्रतीक्षा गरेको बताए। 'म राम्रो समयको प्रतीक्षामा थिएँ, ३१औं खेलमा एकदिवसीय खेलमा शतक आयो,' हर्षित हुँदै उनले भने, 'मेरो सपना पूरा भएको छ।' आसिफले टियू मैदानको बिहानको मौसमअनुसार खेल्न सहज भएको बताए। 'बिहानको वातावरणअनुसार खेलेका थियौं। पावर प्लेमा राम्रो गर्ने योजना थियो। हामी दुवै ओपनरले त्यही गर्‍यौं। यहाँको घरेलु मैदानमा खेल्दा हामीलाई सबैले समर्थन गर्न आउँछन्,' उनले भने।

> समग्रमा नेपालको ब्याटिङ राम्रो भयो। तर, फिनिसिङ सोचेजस्तो राम्रो भएन। हाम्रो ओपनिङ साझेदारी राम्रो भयो। विकेट राम्रो थियो। पपुवा न्युगिनीले नराम्रो खेलेको भन्न मिल्दैन।



● **रोहितकुमार पौडेल**
कप्तान, नेपाल

> नेपालसँगको खेलमा स्तब्धपूर्ण नतिजा रह्यो। हामीले फिल्डिङमै लडाइँ गर्‍यौं। खेलमा धेरै नै गल्ती भए। बलिङसमेत राम्रो भएन। खेलाडीमा आत्मविश्वास नै देखिएन। नेपालको खेल राम्रो थियो।



● **असंद भाला**
कप्तान, पपुवा न्युगिनी

उत्कृष्ट फर्ममा सन्दीप

विश्वकप लिग-२ मा नेपालका पूर्वकप्तान सन्दीप उत्कृष्ट फर्ममा छन्। पछिल्ला नौमध्ये सात खेलमा सन्दीपले महत्त्वपूर्ण विकेट लिइरहेका छन्। दुई सय ९८ रनको लक्ष्य पछ्याएको पपुवा न्युगिनीले सन्दीपको घातक बलिङ सामना गर्न सकेन। सन्दीपले आफ्नो १० ओभरको स्पेलमा एक मेडन राखी ३७ रन खर्चेर चार विकेट लिए।

यसक्रममा उनी एकपटक ह्याट्रिकनजिक पुगेका थिए। इनिङ्सको ३२.२ ओभरमा सन्दीपले हिरीलाई आउट गरे। ३२.३ ओभरमा चाद सोपरको विकेट लिँदै उनी ह्याट्रिकनजिक पुगेका थिए। पपुवा न्युगिनीका मध्यक्रमका ब्याट्समन्यानमाथि नेपालका स्पिनर सिमर हावी भएका थिए। दीपेन्द्रसिंह ऐरीले दुई विकेट र कुशल मल्लले एक विकेट लिए। नेपालका सोमपाल कामी, करण केसी र कप्तान रोहित विकेटविहीन रहे। पिएनजीका तीन ब्याट्समन्यान रनआउट भएका थिए।

उरा र भानुआको अर्धशतक

पपुवा न्युगिनीका ओपनरद्वय टोनी उरा र किल्पिन डोरिगोले पहिलो विकेटका लागि ७७ रनको साझेदारी गर्दै नेपालमाथि दबाब राखे। तर, यसबाहेक अन्य विकेटका लागि गतिलो साझेदारी नहुँदा पपुवा न्युगिनीले हारको सामना गर्‍यो। पपुवा न्युगिनीको ब्याटिङ इनिङ्समा दुई ब्याट्समन्यानले अर्धशतक बनाए। आठौं नम्बरमा क्रिजमा आएका नोर्मन भानुआले सर्वाधिक ६० रन बनाएका थिए। ५५ बलको सामना गरेका भानुआले तीन चौका र चार छक्का प्रहार गरेका थिए। ओपनर टोनीले ४४ बलमा ९ चौकामा ५० रन बनाएका थिए। कप्तान असाद भालाले ५३ बलमा ४२ रनको योगदान गरे।

नेपालविरुद्ध पपुवा न्युगिनीका सेमो कामेयाले सर्वाधिक पाँच विकेट लिएका थिए। ९.१ ओभर बलिङ गरेका सेमोले ३८ रन खर्चिका थिए। उनले आसिफ, रोहित, भीम, आरिफ र सन्दीपको विकेट लिए। रिले हेकुरेले ५० रन खर्चिएर तीन विकेट लिए।



■ आसिफको पहिलो शतक

त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा अन्तिम शृंखला खेलेको नेपालले पहिलो ब्याटिङ गर्दै ४९.१ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ९७ रन बनाएको थियो। प्रत्युत्तरमा पपुवा न्युगिनी ४७.१ ओभरमा दुई सय ४५ रनमा समेटिँदा नेपाल ५२ रनले विजयी भयो। नेपालको जितमा ओपनर आसिफले करिअरकै पहिलो एकदिवसीय शतकीय इनिङ्सका रूपमा एक सय १० रन बनाएका थिए। नेपालले कीर्तिपुर मैदानमा सर्वाधिक योगफल बनायो। नेपालले २०२३ फेब्रुअरी १४ मा कीर्तिपुरमै नामिबियाविरुद्ध सर्वाधिक दुई सय ८७ रनको इनिङ्स खेलेको थियो। आसिफ र कुशल भुर्तेलले पहिलो विकेटका लागि १८.४ ओभरमा एक सय १० रनको शतकीय साझेदारी गर्दै नेपाललाई सानदार सुरुवात दिलाए।

इनिङ्समा दुईपटक जीवनदान पाएका आसिफले एक सय १० बलमा १२ चौका र दुई छक्का प्रहार गरेका थिए। यसअघि उनको एकदिवसीय खेलमा सर्वाधिक ९० रन थियो। उनले ओमानविरुद्ध सो रन बनाएका थिए।

नेपालका लागि आसिफ पाँचौं एकदिवसीय शतक बनाउने खेलाडी बनेका छन्। पपुवा न्युगिनीविरुद्ध एक सय एक बलको सामना गरेपछि आसिफले शतक ठोके। सन् २०२१ मा पपुवा न्युगिनीविरुद्ध नै आसिफले एकदिवसीय खेलमा डेब्यु गरेका थिए। यसअघि पूर्वकप्तान पारस खड्कासहित कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी र रोहित पौडेलले नेपालका लागि एकदिवसीय शतक प्रहार गरेका थिए। साथै, उनले एकदिवसीय खेलमा एक हजार रनसमेत पूरा गरेका छन्। यसअघि टोलीकै कप्तान रोहितकुमार पौडेलले यस उपलब्धि हात पारेका थिए।

नेपालको ब्याटिङ इनिङ्समा कप्तान रोहितकुमार र भीम सार्कीले गतिलो योगदान दिएका छन्। आसिफले रोहितसँग चौथो विकेटका लागि ६७ रनको साझेदारी गर्दै नेपाललाई १४०-३ बाट २०७-४ को स्थितिमा राखे। उनी इनिङ्सको ३७.४ ओभरमा आउट भए। रोहितले ३९ बलमा दुई चौका र एक छक्का प्रहार गरे। भीमले ३८ बलमा चार चौकाको मद्दतमा ४४ रनको योगदान दिए। ओपनर कुशलले ५६ बलमा ६ चौकासहित ४५ रनको योगदान गरे।। छैटौं नम्बरमा क्रिजमा आएका भीम सार्कीले ३८ बलमा ४ चौकासहित ४४ रन बनाए।

मच्छिन्द्रविरुद्ध आर्मीको बदला

काठमाडौं/ साबिक दुईपटकको च्याम्पियन मच्छिन्द्र फुटबल क्लबले सहिद स्मारक ए डिभिजन लिग ०७९-८० मा लगातार दोस्रो हार व्यहोरेको छ। मच्छिन्द्रले लिगको आफ्नो दोस्रो खेलमा त्रिभुवन आर्मीसँग २-० ले पराजित भयो। यसअघि, पहिलो खेलमा जावलाखेलसँग मच्छिन्द्र अप्रत्याशित रूपमा पराजित भएको थियो। आर्मीले ए डिभिजन लिगमा तेस्रो प्रयासपछि मच्छिन्द्रलाई हराएको हो। ०७७ सालमा मच्छिन्द्रले उपाधि जित्दा निर्णायक खेलमा आर्मीलाई १-० ले पराजित गरेको थियो।

यसपटक चोटले सताएको मच्छिन्द्रविरुद्ध आर्मी हावी भयो। पहिलो हाफ गोलरहित बराबरी भयो। मध्यान्तरपछि आर्मीलाई जित दिलाउन दीपक गुरुङ र कार्यवाहक कप्तान नवयुग श्रेष्ठले एक-एक गोल गरे। आर्मीले दुई खेलबाट चार अंक जोडेर चौथो स्थानमा छ। लगातार दुई हारपछि मच्छिन्द्र रेलिगेसन क्षेत्रमा छ। मच्छिन्द्रका प्रशिक्षक प्रवेश कटवालले उपाधि दौडबाट अझै नबाहिरिएको प्रतिक्रिया दिए। 'खेलाडी घाइते हुनु र विदेशी खेलाडीको कागजी प्रक्रिया नमिल्दा हामीले दोस्रो रोजाइका खेलाडीलाई खेलायौं,' कटवालले भने, 'हामी उपाधि दौडमा फर्कनेछौं।'

चोटका कारण विमल घर्तीमगर, विदेशी खेलाडी आन्द्रेस निया दुवै खेलमा मैदान उत्रिएका छैनन्। मोफसलमा खेलेका भारतीय मिडफिल्डर दयानन्द सिंह र अन्य मुलुकका खेलाडीको श्रमस्वीकृति पक्का नहुँदा मच्छिन्द्रले आर्मीविरुद्धको खेलमा दोस्रो रोजाइका खेलाडीलाई उतारेको थियो। भन्द्रपुर-झापा गोल्डकप र केपी ओली कपमा ७२ घन्टाबीच चार खेल खेल्दा मच्छिन्द्रका अधिकांश खेलाडी घाइते भएका थिए।

मध्यान्तरपछि दुई गोल

अघिल्लो सिजन क्लबसँगै रहेका सुनील बल र मनीष डाँगी संकटा पुगेका छन्। अभिषेक रिजाल, विशाल श्रेष्ठजस्ता खेलाडी अस्ट्रेलिया पलायन भएका छन्। च्यासल मैदानमा खेलको ४८औं आर्मीले सुरुवाती अग्रता लियो। रक्षक दीपक गुरुङले कर्नर बललाई हेडमार्फत पोस्टको दिशा दिए। खेलको ५९औं मिनेटमा आर्मीले अग्रता २-० को बनायो।

जितपछि आर्मीका कार्यवाहक कप्तान नवयुगले जितले लिग जित्न हौसला मिलेको प्रतिक्रिया दिए। यसैगरी, अर्को खेलमा जावलाखेल युथ क्लबले लगातार दोस्रो जित निकालेको छ। एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको खेलमा जावलाखेलले न्युरोड टिम (एनआरटी) लाई २-१ ले पराजित गऱ्यो।

खेल संक्षेप

एलेक्सले जिते स्वर्ण

काठमाडौं/ केभिपिपिसीका एलेक्स महर्जनले बृहत् खेलकुद महोत्सवअन्तर्गत ललितपुर जिल्लास्तरीय टेबलटेनिस प्रतियोगिताको पुरुष एकलमा बिहीबार स्वर्ण जितेका छन्। प्रतियोगिताको फाइनलमा एलेक्सले आफ्नै क्लबका सुनील महर्जनलाई कठिन सेटमा पराजित गरेका हुन्। अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतियोगितामा सहभागी नभएका खेलाडीको पुरुष एकल 'बी' प्रतिस्पर्धामा सिवाइसीका राजेन्द्रमान श्रेष्ठ पहिलो भए। उनले फाइनलमा एलटिटिसीका सलिम ताम्राकारलाई हराए।

काठमाडौं च्याम्पियन

काठमाडौं/ काठमाडौं महानगरपालिका १२औं काठमाडौं जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा बिहीबार च्याम्पियन बनेको छ। काठमाडौं १७ स्वर्ण, ३ रजत र १४ कांस्य जितेर समग्रमा टिम च्याम्पियन बनेको हो। कीर्तिपुर नगरपालिका आठ स्वर्ण, चार रजत र पाँच कांस्यसाथ दोस्रो भएको छ। तेस्रो स्थानको तार्केश्वर नगरपालिकाले सात स्वर्ण, ११ रजत र आठ कांस्य हात पाऱ्यो।

शंकर र योङ्गी पहिलो

काठमाडौं/ दरबार हाइस्कुलका शंकर पहारी र अस्मिता स्कुलकी योङ्गी पौडेलले १२औं पूर्णमान बज्राचार्य स्मृति राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताको यू-१६ एकलमा बिहीबार स्वर्ण जितेका छन्। शंकर पुरुष र योङ्गी महिलामा पहिलो भएका हुन्। पुरुष फाइनलमा शंकरले अस्मिताका आशिष महतोलाई सहज सेटमा हराए। महिलातर्फको उपाधि भिडन्तमा योङ्गीले न्यु सुम्निमाकी अंकिता बज्राचार्यलाई पाखा लगाइन्। पुरुष टिम इभेन्टमा सृजना ज्ञानसागरले फाइनलमा हवाइटफिल्डलाई ३-० को सोझो सेटमा पाखा लगाउँदै पहिलो स्थान कब्जा गऱ्यो।

त्रिवेणीलाई उपमेयर कप

ताप्लेजुङ/ ताप्लेजुङमा सञ्चालन भएको प्रथम उपमेयर कप महिला फुटबल प्रतियोगिताको उपाधि आठराई त्रिवेणी गाउँपालिकाले जितेको छ। प्रतियोगिताको फाइनलमा आयोजक फुङ्लिङ नगरपालिकालाई २-१ गोलअन्तरले पराजित गर्दै आठराई त्रिवेणीले उपाधि जितेको हो। उपाधिसँगै त्रिवेणीले एक लाख ११ हजार रुपैयाँ हात पारेको छ। उपविजेता बनेको फुङ्लिङ नगरपालिकाले ५५ हजार पाँच सय प्राप्त गरेको छ।

न्यौपाने म्याराथन विजेता

तनहुँ/ तेस्रो व्यास नगर महिला खुला हाफ म्याराथनको उपाधि जुम्लाकी पूर्णलक्ष्मी न्यौपानेले जितेकी छिन्। व्यास नगरपालिकाले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर आयोजना गरेको महिला खुला हाफ म्याराथन प्रतियोगितामा ६४ धावकलाई पछि पार्दै न्यौपानेले उपाधि चुमेकी हुन्। उनले एक घन्टा ४७ मिनेट ५१ सेकेन्डमा निर्धारित दूरी पार गरेकी हुन्। सोलुखुम्बुकी अनिता राई एक घन्टा ५२ मिनेट २४ सेकेन्डका साथ दोस्रो भएकी छिन्। जुम्लाका विश्वरूपा बुढामगर एक घन्टा ५७ मिनेट ३२ सेकेन्डमा निर्धारित दूरी पार गर्दै तेस्रो भएकी छिन्।

नारायणी नदी व्यवस्थापन आयोजना
भरतपुर, चितवन

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति : २०७९/११/२६)

यस आयोजनाबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार विद्युतिय खरिद प्रणाली मार्फत रीतपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

S. N.	Contract No.	Name of Bidder & Address	Accepted Bid Amount (Excluding VAT, NRs.)
1	NRMP-NCB-Works-Susta-05-079/80	M/s Pashupati Nirman Sewa Pvt. Ltd., Bharatpur, Chitwan	5,19,12,361.03

आयोजना निर्देशक

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office
Road Division, Butwal

Notice of Intention to Award Contract

Date of Publication: 10th March, 2023

This notice has been published to inform all concerned, including the bidders, about the Intention to Award Contract regarding the following contract published on www.bolpatra.gov.np/egp dated on 2022/09/30 respectively in accordance with Public Procurement Act, 2063 Clause 27(2) and Clause 47.

S.N	Contract no.	Description of Works	Name and Address of the Successful bidder	Accepted Bid Amount Including VAT (NRs.)
1.	DROBTL/337011384/079/80-029	Road Improvement Works along Bhumahi-Pasari - Bhairahawa Road Rupandehi and Nawalparasi District.	Indra Nirman Company Pvt. Ltd, Hetauda-4, Makawanpur.	1,69,22,463.20

Division Chief

Government of Gandaki Province
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office, Syangja

Invitation for Bids

Date of publication: 10th March 2023 (Falgun 26, 2079)

Infrastructure Development Office, Syangja invites electronic/Online bids only from Nepalese eligible bidders for the construction of *Projects mentioned below* under Sealed Quotation & National Competitive Bidding (Single Stage, Single Envelope) Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp or may be obtained at the office. All eligible bidders are requested to submit E-Bid only as per instruction within mentioned period.

S.N	Name of Project	Contract ID	Estimated Cost in NRs.(Inclusive of VAT and PS)	Bid Document Fee	Bid Security (NRs)
1	Ghumti jyamire biruwa methabhurung yeladi ratne sadak,Pu.Ba.Na.Pa. 1 syangja	IDOSYANGJA/NCB/W/R/049/079-80	3,856,051.08	3,000.00	97000
2	Risingkhola Chhekney Bato Dhowadi Lamdanda Bhirkot Na.Pa Hudai Arjunchaupari Ga PA	IDOSYANGJA/SQ/W/R/070/079-80	1,447,911.02	1,000.00	37000
3	Sundarbazar Chhekney Bato Foksing Sadak, Bhirkot Na.Pa:-6,7, Syangja	IDOSYANGJA/SQ/W/R/071/079-80	1,446,816.38	1,000.00	37000
4	Jyagdi Coridor (Damachaur chinnebas biruwa saldanda namche puridovan birauta), Sadak Nirman , Biruwa Ga.Pa, Syangja	IDOSYANGJA/SQ/W/R/072/079-80	1,445,490.44	1,000.00	37000
5	Kafaldanda Taalpokhari Hudei Rapakot Sadak,Arjunchaupari Ga.Pa:-05,04,Syangja	IDOSYANGJA/SQ/W/R/073/079-80	965,007.61	1,000.00	25000
6	Sirindanda Bhayarpani Kaurey Sadak, Arjunchaupari Ga.Pa:-03,04,05,Syangja	IDOSYANGJA/SQ/W/R/074/079-80	962,144.33	1,000.00	25000
7	B.P. Chowk dekhi Panitankey hudai sasatra basecamp samma bato istaronnati, waling Na.Pa.8 Syangja	IDOSYANGJA/SQ/W/R/075/079-80	960,126.34	1,000.00	25000

For NCB: -Pre Bid Meeting – 31th March, 2023, 13:00 **Bid Submission deadline** -9th April, 2023, 12:00
Bid Opening – 9th April, 2023, 13:00
For Seal Quotation: - Bid Submission deadline - 26th March, 2023, 12:00
Bid Opening – 26th March, 2023, 13:00
Information to deposit the cost of bidding document Fee in the Bank:
Name of Bank: Nepal Bank Limited **Name of Office:** Infrastructure Development Office, Syangja
Office Code No: 3370143014, Office Account No: 27302000001001000001,
Rajaswo Sirsak No: 14229

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com